
# साँघुरो धरातल

कथासङ्ग्रह



चन्द्रकला नेवार

# साँघुरो धरातल

(कथासङ्ग्रह)

**चन्द्रकला नेवार**

प्रकाशक

**वनिता प्रकाशन**

कृति : साँघुरो धरातल
विधा : कथासङ्ग्रह

प्रकाशक : वनिता प्रकाशन

रचनाकार : चन्द्रकला नेवार
सर्वाधिकार : रचनाकारमा सुरक्षित
आवरण चित्र : ज्ञानेश्वर उदय 'इमेज'
कम्प्युटर लेआउट : कृष्ण कर्माचार्य, ४२३१२३९
प्रथम संस्करण : २०६२
प्रकाशित प्रति : ११००
मूल्य : रू. १००।-

मुद्रण : एनपिटिसी लिमिटेड
फोन : ४८११२२६, ४८११३७१
सरस्वतीनगर, चावहिल, काठमाडौं ।

ISBN : 99946-712-1-9

---

SANGHURO DHARATAL
A Collection of Short Stories
By Chandra Kala Newar

# समर्पण :

श्रद्धेय आमाबुबा
कुमारी प्रधान तथा भक्तबहादुर प्रधानप्रति
भावपूर्ण समर्पण ।

# प्रकाशकीय

नेपाली साहित्यफाँटमा चन्द्रकला नेवार स्थापित नाम हो । कथा, कविता, गीतलेखन र गायनमा विशिष्ट स्थान ओगट्न सफल नेवार बहुआयामिक प्रतिभाकी धनी हुनुहुन्छ । २०२२ सालमा नै आफ्नो पहिलो कृति 'ममता' कथासङ्ग्रह प्रकाशित गरेर साहित्यिक यात्रामा सुरक्षित रहँदै अघि बढ्नुभयो । कृति प्रकाशनको हतार नगरी लेखन कार्यमा निरन्तरता दिइनै रहनुहुने चन्द्रकला नेवारले थुप्रै गीतमा सङ्गीत र स्वर दिनुभएको छ । २०५० सालमा उहाँको दोस्रो कृति 'चक्रव्यूह' कवितासङ्ग्रह प्रकाशित पहिलो संस्करण सकिएर दोस्रो संस्करण २०६२ मा नै प्रकाशित भएको छ भने 'ममता' कथासङ्ग्रहको दोस्रो संस्करण पनि २०६१ मा प्रकाशित भइसकेको छ । समय-समयमा लेख्दै पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका कथाहरूको सङ्कलन गरेर 'साँघुरो धरातल' कथासङ्ग्रह वनितालाई प्रकाशन गर्ने सुअवसर प्रदान गर्नु भएकामा उहाँलाई हार्दिक धन्यवादका साथ बधाई ज्ञापन गर्न चाहन्छु ।

२०६२ सालको अन्तमा एकैपटक कथा, कविता र गीतका तीनवटा भिन्नाभिन्नै कृतिहरू प्रकाशनमा ल्याएर नेपाली साहित्यमा उहाँको निरन्तरता

रहेको कुरा स्पष्ट हुन आएको छ। नेपाली साहित्यका भिन्नाभिन्नै विधामा उत्तिकै सिद्धहस्त श्री नेवारको यो कथासङ्ग्रह 'साँघुरो धरातल' मा जम्मा १२ वटा कथाहरूको सङ्कलन रहेको छ।

पाठकहरूलाई विभिन्न स्वाद र सन्तुष्टि दिनसक्ने यी कथाहरू छोटा भैकन पनि पूर्ण छन्। पाठकहरूले भिंजो नमानिकन उत्सुकताका साथ पढौँ-पढौँ लाग्दालाग्दै सकिने नेवारका कथाहरूमा नारीका संवेदनाहरू व्याप्त छन्। समाजमा नारीलाई हेरिने-गरिने दृष्टिकोण र नारीले भोग्नुपरेका यावत् पीडाहरूलाई कलाशिल्पद्वारा सौन्दर्य रूप दिएर पाठकको मन छुनसक्ने खालका कथाहरूमा समाजको प्रतिबिम्बित छाया शब्दले भरिएका छन्। लेख्न रहर गरेर साहित्यकार हुन खोजेको नभई चन्द्रकला नेवार साहित्यकार नै भएर लेख्ने मन गर्नुहुन्छ। त्यसैले उहाँका कथाहरूमा नेपाली नारीमनका पीडाहरू बोलेका छन् कारुणिक स्वरमा दुख्दै पिल्सिँदै मौनतामा। यसलाई चन्द्रकला नेवारको कथालेखनको छुट्टै विशेषता पनि लिन सकिन्छ।

चन्द्रकला नेवारको लेखनीले तीव्रता लिन सकोस्। साहित्य भण्डारमा उहाँका अन्य थुप्रै कृतिहरू थपिन सकून्; पाठक तथा प्रकाशनका तर्फबाट उहाँलाई हार्दिक शुभकामना। लामो समयको अन्तरालपछि प्रकाशित यी कृतिहरूबाट नै उहाँलाई उत्साह प्रदान गरेर प्रेरणा दिन सकोस्। हरेक साल कम्तिमा एक-एक कृति प्रकाशन गरेर पाठकलाई सन्तुष्टि दिन सक्नुहोस् भन्ने सफलताका साथ उहाँलाई बधाई दिन चाहन्छु।

अन्तमा वनितालाई यो कृति प्रकाशनको सुअवसर प्रदान गरेर वनितालाई सहयोग गर्नुभएकोमा कथाकार चन्द्रकला नेवार दिदीप्रति मेरो व्यक्तिगत तर्फबाट सदा आभार व्यक्त गर्दछु।

**लक्ष्मी उप्रेती**

वनिता

# परिपक्व मनका प्रेमकथाहरू : घाउले भरिएका

विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा चन्द्रकला नेवारको नाम छापिएको पढ्थें । छोटा मीठा कथाहरू हुन्थे यो नामसँग जोडिएका । लक्ष्मी उप्रेतीजीमार्फत् एउटा कथासङ्ग्रह पाएको थिएँ 'ममता' को दोस्रो संस्करण - २०६१ । २०२२ सालमै प्रकाशित भइसकेको यो कृति तर मैले धेरै ढिलो पढ्न पाएको थिएँ ।

कथा र उपन्यास मलाई मनपर्ने विधा हुन् । पढिहालें भेटेपछि त्यो सानो र मभन्दा ५ वर्ष कान्छो कथासङ्ग्रह । राम्रो लागेको थियो ।

पहिलोपल्ट यसपाली (२०६२ चैत्र) मा काठमाडौंमा उहाँसँग भेट भयो र भेटसँगै घनिष्ठता ६४ वर्षको पाको उमेरमा तर उहाँ जाँगरिली र फूर्तिली देखें । घरमै बोलाउनु भएको थियो । बी.पी. कोइराला फाउन्डेसनको कार्यक्रममा भाग लिन आउनुभएका भारतीय साहित्यकारहरू लीलबहादुर क्षेत्री, लख्खीदेवी सुन्दास, गीता उपाध्याय, राजेन्द्र भण्डारी, दिवाकर प्रधान, दुर्गाप्रसाद श्रेष्ठ, भूपेन्द्र अधिकारी आदिहरूसँग तर व्यस्तताले म जान

सकिन । उहाँको घरमा पुग्न सकिनँ ।

भारतको आसाम (डिगबोई) मा सन् १९४२ मा जन्मनु भएकी कथाकार चन्द्रकला नेवार नेपाली भाषाकी नारी कथाकारहरू माभ्क परिचित नाम हो । सानैदेखि जहिलेदेखि म कथाहरू पढ्न थालें- चन्द्रकला नेवार भन्ने नाम पढ्ने, सुन्ने गर्थें नै ।

नेपालमा नेवारहरूले आफूलाई नेवार भन्न रुचाउँदैनन् । उनीहरू थर भन्दछन् तर यो चलन भारतमा रहेछ । भारतमा जातीयताको ठूलो महत्त्व छ । थरहरूमा विभाजित हुनुभन्दा जातीय मञ्चमा सङ्गठित हुने भावना प्रबल छ त्यहाँ ।

उहाँले किन हो मलाई भेट्ने बित्तिकै भन्नुभयो–

'भाइ, मेरो कथासङ्ग्रह पढेर केही लेखिदिनोस् है । म एकछिन सोचमग्न भएँ । पहिलो भेटमै दिदीले कत्रो माया गर्नुभयो । लक्ष्मी उप्रेतीज्यूमार्फत् 'साँघुरो धरातल' कथासङ्ग्रहको पाण्डुलिपि पाएँ ।

बाहवटा कथाहरूको ७४ पृष्ठ ढाकिएको पुस्तकको कम्प्युटर कपी मैले पालैपालो पढ्न थालें । व्यस्तताका बीच यसलाई ध्यानैले पढ्नुपर्दा समय लाग्ला भन्ने सोच्दासोच्दै र साँच्दासाँच्दै एक महिना बितिसकेछ पुस्तक पाएको पनि । यस बीचमा अरु पनि धेरै लेखपढका काम त भए तर यसको पालोपछि सर्दै थियो । लक्ष्मी दिदीले फोन गरेर ताकेता गरेपछि भने म भ्कसङ्ग भएँ । लौ अब त यसलाई अफिसमै भए पनि पढ्नु पर्ने भो सोची भ्कोलामा राखें ।

पढ्दा-पढ्दै अघि कति बेला पुरै कथाहरू सकिएछन्, अचम्मै लाग्यो । ७४ पृष्ठको पुस्तक खुरुरु पढिसकेछु केही घण्टामै । विशेषताले यस्तो पारेछ सोचें ।

– कथा सबै नै छोटा छन् । छोटोमा पृष्ठ दुईसम्मका र लामोमा पृष्ठ नौसम्मका कथाहरू । छोटो हुँदैमा छिटो पढिने र लामो हुँदैमा ढिलो पढिने कुरा होइन । कुरा हुन्छ- विषयको तनाइ । कथाहरूले पाठकीय मनलाई तान्न थाल्यो भने त्यहाँ समय र पृष्ठको कुनै महत्त्व हुँदैन । यस सङ्ग्रहका कथाहरूको

एउटा सबैभन्दा राम्रो विशेषता रहेछ पाठकलाई तानेको तानेकै गर्ने ।

– अधिकांश कथाहरूले नारी मनको पीडा र व्यथाहरूलाई सार्वजनिक गरेका छन् । हाम्रो वर्तमान नेपाली समाजमा नारीको जीवन कथामा हेरिन्छ । तिनीहरूले परिवारभित्र भोग्नु परेको एकल समस्याको नाङ्गो चित्रण छ यिनीहरूमा ।

– सबै कथाहरू मध्यम वर्गीय परिवारका नारीहरूको समस्याका नजिक उभिन खोज्दछन् । हाम्रो देशको गरिवी, द्वन्द्वग्रस्तता, असहायपन, पतिवाट त्यागिएको सडकछाप महिलाहरू यी कथाहरूमा साह्रै कम उपस्थित छन् । यी कथाहरू पढ्दा नेपाली नारीहरूलाई खासै खान, लगाउन र बस्नको दुःख नरहेको तर पतिहरूवाट हुने मानसिक पीडा ज्यादा रहेको देखिन्छ ।

– पढेलेखेका शिक्षित पत्नीहरूका समस्या धेरै छन् यहाँ । कुमारी केटीहरूका तारुण्यहरू त्यति भेटिँदैन । प्रेमको मीठो व्यवस्थित र परिपक्व अनुभव कथाभरि छरिएका छन् । नारीले आफ्नो वौद्धिकता र योग्यतालाई व्यवस्थित गर्न घरवाहिरको संसारतिर पाइला वढाउन चाहँदा उनले वेहोर्नु पर्ने दोहोरो शारीरिक तथा मानसिक जिम्मेदारीको अथाह वोझ यी कथाहरूमा सजिलै व्यक्त भएका छन् ।

– अधिकांश कथाहरू नारीको पक्षमा, नारी मनलाई मात्र पढेर तयार गरिएका छन् । यी कथाहरूमा पुरुषहरू एकदम नै कम वोलेका छन् । मौन पुरुष उपस्थितिमा आन्दोलित नारी मनको अभिव्यक्ति प्रशस्त भएको छ । यसवाट पुरुष पाठकलाई हुने फाइदा छ- नारीले नै लेखेका यी कथा हुनाले नारीको मन पक्कै वढी व्यक्तिएको होला । त्यसो भए नारी मनलाई चिन्न पुरुषहरूलाई सजिलो पनि होला कि ।

– नारीका पीडा र समस्यामा केन्द्रित भएका भए पनि हिजोआज चलेको उग्र नारीवादी प्रस्तुति छैन । पुरुष र नारीवीच सामान्यता सँगसँगै उत्पन्न हुने असामान्यताहरू अभिव्यक्त छन् । नारीवादको उग्र चेत यी कथाले वुझेका छैनन् । त्यसैले पढ्दै जाँदा कथाहरूसँग गहिरो मित्रता

स्थापित हुँदै जान्छ ।

पहिलो कथा 'कथा अधुरै छ' पढ्दा नै कताकता प्रयोगजस्तो लाग्यो । कथाको प्रस्तुतिले एक किसिमको रमाइलोमा छिराइहाल्यो । विवाहित नारीलाई सबैभन्दा ठूलो चुनौती हुन्छ आमा बन्नु । साह्रै गाह्रो काम हो आमा बन्नु तर आमा नबनी उसले गाउँ, समाज, परिवार, परम्परा र आफ्नो लिङ्ग केहीलाई पनि जित्न सक्दिन । नारीको एउटा सबैभन्दा ठूलो जिम्मेदारी कर्तव्य नै आमा बन्नुमा रहेको छ- शारीरिक तथा प्राकृतिक कारणले समेत । यदि ऊ आमा बन्न सकिन भने अर्को कुनै स्त्री उसको पतिकी आमा बन्न सक्ने पात्रका रूपमा सगर्व घरमा प्रवेश गर्ने सम्भावना रहन्छ । नारी भई सन्तान नजन्माउने भए त्यो शरीरको पनि के काम ? यस्ता कत्ति आरोपहरू पनि हुन्छन् । तर रहरले मात्र हुने कुरा होइनन् ती, ती शरीरविज्ञानसँग सम्वन्धित भौतिक कुराहरू हुन् ।

यो पहिलो कथाले नै यो पीडाको प्रतिनिधित्व गरेको छ । आफूले सन्तान जन्माउन नसके पनि छिमेकी गर्भवती युवतीलाई मीठो-मीठो खाने कुरा खुवाएर, ऊसँग कुरा गरेर चित्त बुझाइरहेकी एउटी नारीको निरीहता प्रस्तुत छ यहाँ । राम्री छन्, रूपवती छन्, अफिसको हाकिमले पनि टुलुटुलु हेर्छ, लोग्नेले पनि माया गरेकै छ तर त्यो मायाको सेतुका रूपमा हुनुपर्ने सन्तान छैन ।

एकाएक पतिले घरमा काम गर्ने केटीलाई लिई भाग्छ । उनले सोच्दै नसोचेको काम हुन्छ । कथाकारले भट्टराई सम्पादकलाई दिन भनी लेख्न थालेको कथाको अन्त्य नै अप्रत्यासित भएपछि कथा अधुरै छ ।

कथाकारमा कसैले थाह नपाउने गरी पुरुष मनको आलोचना गर्ने सीप खुब मन पऱ्यो । एक ठाउँ म पात्रको लोग्नेले सजिलै तर मनको कुरा प्वाक्क भनिहाल्छे–

'एउटा कुरा भन्छु नरिसाऊ ल !'

'भन्नोस् न के कुरा ?'

'दिदीलाई दिउँसो होइन बेलुका आउन भनन ।'

यो भनाइलाई कथामा सामान्य वनाउन खोजिएको छ तर त्यो पुरुष गर्भवती पत्नीको पति हो । छिमेकी राम्री सन्तान नभएकी मिलनसार दिदी उसको आँखामा सधैं परेकै छन् । वेलुका किन वोलाउनु आफ्नो घरमा अर्काकी स्वास्नी ? त्यो पनि आफ्नी स्वास्नीको सिफारिसमा ? कहाँ भित्र कतै पुरुषभित्रको गैर जिम्मेदार यौनभावको अव्यक्त प्रस्तुति सुन्दर ढङ्गले भएको छ यहाँ । कैयौं वहिनीहरू दिदीका सौता हुन्छन् प्रायः दिदी सुत्केरी भएको वेला स्याहार्न जाँदा ।

'अग्निस्नान' यस्तै अर्को कथा छ सन्तानहीनताको मनोविज्ञानले छटपटाएको विवाह भएको लामो अवधिसम्म सन्तान नभएपछि सौता हाल्ने सवै तारतम्य पूरा हुन्छ । दोस्रो विवाहको लागि प्रस्तुत केटीसँगको अनौपचारिक लामो उठवसपछि पनि उसमा कुनै परिवर्तन नदेखेपछि आफ्नै जाँच गराउन जाँदा पुरुष पात्रले आफैं सन्तानहीन रहेको थाह पाएकै दिन घरमा पत्नीले आफू गर्भवती भएको सूचना दिएकी छन् । कथाको शीर्षक अग्निस्नान पुरुषका लागि राखिएको देखिन्छ । लोग्ने र घरको सुख शान्तिका लागि आफ्नो तर्फवाट गर्न सकिने अन्तिम प्रयत्न गरिछन् पत्नीले कुनै अज्ञात पुरुषवाट वीर्यदान लिएर तर त्यो गोप्य रहन सक्ने लोग्नेको डाक्टरी रिपोर्टका कारण । त्यसपछि ................ । पाठकलाई सोच्न छोडिएको कथा छ यो पनि, अघिल्लो जस्तै ।

'चुनौती' सामान्य कथा हो । गरिवीको फाइदा उठाई यौन शोषण गर्ने पुरुष समाजको चरित्र उत्खनन् गरिएको । यस्ता खाले कथावस्तु अन्यत्र पनि धेरै नै आइसकेकाले पढ्दा नयाँ जस्तो लाग्दैन । तर यस्तै विषयमा अर्को कथा पनि छ यसै सङ्ग्रहमा 'गिद्ध' । यस कथामा सुत्केरी व्यथाले अस्पतालमा छट्पटाइरहेकी गरिव आमालाई जाउलो पकाइरहेकी नावालक छोरीमाथि आफ्नो घरपतिले वलात्कार गर्छ । माथिल्लो कथामा वलात्कार असफल भएको छ तर तल्लो कथामा सफल भएको छ । पुरुषहरू जुनै उमेरका नारीहरूलाई पनि एकान्त असुरक्षित वनाइरहन्छन् भन्ने डरलाग्दो समाचार छन् यी कथामा । पुरुष भएकोले म आफूलाई पनि कस्तो नमिठो

लाग्यो यो आरोप । मलाई नमिठो लागेर के गर्नु ? समाज छ नै त्यस्तै ।

यौवनको प्रेम भोकको अभिव्यक्ति हुन्छ भन्यो 'भोक' कथाले । भर्खरै विवाह गरेका नव पतिपत्नीहरूले राति उत्पात मच्चाउँछन् । कोठामा होहल्ला हुन्छ, स्वास्नी रुन्छे, तर बिहान उनीहरू शान्त र खुसी नै छन् । ओठ सुन्निएको, गालाभरि दागहरू देखेर लोग्नेको अत्याचारको विरोध गर्न गएकी घरपति स्वास्नीको कुराले अलमल्ल परिन् । उसले भनी–

'होइन दिदी... । मेरो लोग्नेले मलाई कुटेको होइन । अत्याचारले शान्त हुने भोक मेट्नु भएको हो ।'

तर यो पतिपत्नीको एकान्त यौन सम्पर्कमा पनि पुरुषीय अत्याचारलाई नै बढी दबाब हालिएको छ । स्त्री अत्याचारहरू हुँदैनन् र ?

प्रेमका पक्षमा कथाहरू धेरै नै भावुक छन् । हरेक कथामा कुनै न कुनै प्रकारले प्रेमका लागि छट्पटाइरहेको नारी मनलाई नजिकबाट देखाउन खोजिएको छ । तपस्या कथाकी हजूरआमाको पीडा साह्रै भावनात्मक छ । पढ्दापढ्दै मनै कस्तो-कस्तो हुने । लोग्नेले छोडेर हराएको कति भयो भयो, पुरै जीवन उसकै प्रतीक्षामा बिताइन् । सेतै फूलेकी बुढी हजुरआमा तर उनको मन त त्यत्तिकै आलो जति-जति बेला पतिले त्यागेर हिँडेको थियो ।

आफ्नो बिहे भएकै ठाउँमा दुवै लोग्नेस्वास्नीले रोपेको पीपलमा पानी हाल्दै प्रतिक्षा गरिरहेकी हजुरआमाभित्रको प्रेमिकाको आँखा चिसो भएर पाठकलाई हेरिरहँदा पाठकका पनि आँखाका कोष-कोषमा पानी भरिन खोज्दोरहेछ । यस्तै खालको अलिक बेग्लै ढङ्गको पीडा 'साँघुरो धरातलमा' पनि छ ।

कृतिको शीर्षक नै बोकेको यस कथाले अत्यन्त प्रेम गरेको पतिसँग बौद्धिक स्वतन्त्रता माग गर्ने पत्नीको मनको विस्तार छ । गृहस्थ बनाई घरमै थुनिराख्ने पतिहरूको लागि शिक्षित पत्नीहरूको इच्छाको सन्देश पनि हो यो कथा । मनमा आफ्नो पतिप्रति कत्ति माया हुँदाहुँदै पनि स्वतन्त्रताको इच्छाले र आफ्नो बौद्धिकताको प्रेरणाले उसले घर छोडेर हिँडेकी थिई । लोग्नेले अर्की स्वास्नी ल्याइसक्दा पनि ऊ भने आफ्नै प्रेमको प्रेरणाले कुनै दिन सम्झौता होला कि भनेर पर्खिएर बसेकै रहिछे । एउटै रेलको डिब्बामा उसले परबाट

देखी पति विनयलाई तर बोलाउन सकिन । पतिले उसलाई देख्दै देखेन ।

कथाले अलिकति विषय मोडिएर विनय र नायिकालाई देखादेख मात्र गराइदिएको भए बा ! विनय पनि नायिकाकै जस्तै मनको घाउले पाकेको पो थियो कि ? जे होस् यो कथाले पनि प्रेमको अमरत्वलाई नै सम्मान गरेको छ । तर प्रेमको सबै अधिकार नारीमै मात्र केन्द्रित हुने, नारी मात्र प्रेम गर्न जान्ने, पुरुष भनेको प्रेम गरिने एउटा उपकरा मात्र होला त ? यी कथाहरूमा पुरुष मनलाई त्यति हेर्न खोजेको होइन कि ?

'तिम्रो माया मेरो माया' कथामा प्रेमलाई झन् राम्ररी पढिएको छ। यस कथामा भने पुरुषको प्रेममनलाई सम्मान गरिएको छ । आफ्नो मृत्यु निश्चित भएपछि थुप्रै प्रेमपत्रहरू लेखी आफू मरे पनि प्रेमिकाको पढाइ नसकिएसम्म महिनै पिच्छे पोष्ट गरिदिइराख्नु भनी बेलायतमा मरेको छ एउटा प्रेमी । आफू मरे पनि आफ्नी प्रेमिकाको उन्नतिलाई माया गर्ने त्यो पुरुष मनलाई सलाम गरेँ मैले पनि ।

वैदेशिक रोजगारीका लागि देश छोडी विदेश जानेहरूका अनेकौं समस्याहरू छन् । घरमा आमाबाबुका लागि बिहे गरेर एउटी निःशुल्क नोकर्नी जस्ती पत्नी छोडी विदेश जाने र उतै रमाउने पतिहरूको घिनलाग्दो चित्र छ 'प्रतिक्षा' कथामा । कत्रो उत्साहका साथ कति वर्षदेखि पतिको प्रतिक्षामा बसेकी पत्नी तर बेलायतबाट आएको पति केही दिनमै फर्किन्छ माफी माग्दै कि उसले बेलायतमा बिहे गरेको छ, उहाँ उसको छोरो पनि छ र त्यो विरामी भएछ । आफूले रोजेरै बिहे गरेकी पत्नीलाई त्यति सजिलै आफ्नो स्वच्छन्दता बताएर त्यो कसरी हिँड्न सक्यो ! दिक्क लाग्यो कथा पढेर ।

शरणार्थी जीवनको पीडा 'अजीर्न भोक' कथाले भन्न खोज्छ । वैदेशिक रोजगारीसँगै गाँसिएको यो कथाले विदेशमा आफूले आर्जन गरेको सबै सम्पत्ति जस्ताको तस्तै छोडी त्यहाँको सरकारले अत्याचारपूर्ण ढङ्गबाट देश निकाला गरेको पीडा छ । देश नतोकिएको भए पनि यो कथाले भुटानी शरणार्थीको झझल्को दिन्छ, त्यसो त सन् १९८४ तिर आसामबाट पनि

यसै गरी मानिस खेदिएका थिए १९६० तिर वर्माबाट पनि ।

बाह्र कथामध्ये एउटा कथा मात्र यस्तो छ जुन कथामा स्त्रीले पुरुषमाथि अत्याचार गरेकी छ । पढेलेखेकी, घरबाहिरको संसारसँग सम्पर्क भएकी जागिर खाने पत्नीको स्वच्छन्द पीडा लोग्नेले मौनतापूर्वक सहेको छ । सबै बुझी-बुझी पनि थाह पाई-पाई पनि सहेर झगडा नगरेर, स्वास्नीको दूर्वाच्यलाई वास्ता नगरेर सहेको लोग्ने एकदिन असह्य भई घर आएको छ, जब उसलाई कसैले एउटा खाम दिन्छ र त्यसभित्र चारवटा यस्ता फोटाहरू छन्, जुन फोटाहरू उसकी पत्नी उसको प्रेमीसँग लाजमर्दो ढङ्गले फोटोमा छे । पति अहम् त्यहाँ जागेको उसले वर्षौंदेखि सहेकोलाई फुटाएर, घर त्यागी हिंडेको छ । तर अचम्म छ- त्यस्ती पत्नी जो आफ्नो पतिलाई कुनै मूल्य दिन्न थिई र स्वच्छन्द थिई तर आज उसले विद्रोह गरेर घरै छोडेर हिंडेपछि एकाएक–

'ज्वालामुखी फुट्न अघि उसले थाहै नपाइ कुनै शून्य स्थानबाट एक्कासि मुहान फुटेझैं दुई थोपा आँसु टेबुलमाथि छरिएका फोटाहरूमा टप्प... टप्प खस्छन् ।'

लोग्नेलाई नै त्यागने, परपुरुषसँगै घरजम गर्ने मन त सायद उसको पनि थिएन होला । तर उसले आफ्नो मनको उत्ताउलोलाई सन्तुलन गर्न नसकेको र पतिलाई दुर्व्यवहार गरेकोबाट कसरी मुक्ति लिनु ? प्रेम र गृहस्थी भन्ने एउटै कुरा होइनन् । गृहस्थीलाई जोगाउँदै प्रेम गर्न सक्नुपर्ने हो कि मानिसले ?

छोटा, मीठा र सन्देशमूलक यी कथाहरू नेपाली नारी कथाकारका कलमबाट जन्मिएका पछिल्लो कालका नारी मनका उत्खनन पनि हुन् । चन्द्रकला नेवार थोरै र राम्रो लेख्ने कथाकारका रूपमा हामीले चिन्नुपर्ने रहेछ ।

अरु पाठकहरूलाई पनि प्रतिक्रियाको ठाउँ छाड्दै, उहाँको उत्तरोत्तर प्रगति र सुस्वास्थ्यको कामना गर्दछु ।

कृष्ण धरावासी

# शुभकामना

वरिष्ठ साहित्यकार चन्द्रकला नेवारजी एउटा बहुमुखी प्रतिभा भएकी व्यक्ति हुनुहुन्छ। उहाँले कथालेखनको साथसाथै गायनको क्षेत्रमा पनि निकै सफलता प्राप्त गर्नुभएको छ। कथा, कविता तथा गीत लेखनको गरिमामय यात्रामा चन्द्रकलाजीले निकै लामो यात्रा तय गरिसक्नु भएको छ।

अहिले चन्द्रकलाजी आफ्नो नवीनतम कृति दोस्रो कथासङ्ग्रह 'साँघुरो धरातल' लिएर हाम्रो सामु प्रस्तुत हुनुभएको छ। यो एकदमै खुसीको कुरो हो। सामान्य जस्ता लाग्ने घटनाक्रमलाई आफ्नो लेखनीद्वारा विशेषता प्रदान गर्नसक्ने खूबी उहाँमा देखिन्छ। कथाको परिकल्पना गर्दा त्यसको संरचना र आन्तरिक उद्देश्यलाई गहिरो प्रकारले प्राथमिकता दिनु नै चन्द्रकलाजीको कथालेखनको विशेषता भएको ठान्दछु। उहाँले रेखाङ्कित गर्नुभएका कथाका पात्रहरू साधारण हुँदाहुँदै पनि विशिष्ट अर्थ र जिज्ञासाले भरिएका हुन्छन्।

'साँघुरो धरातल'का कथाहरू पढ्दा लाग्दछ यी कथाहरूद्वारा लेखिकाले मानवजीवनका अन्नर व्यथालाई मात्र होइन उनीहरूका अन्तर्निहित छट्पटी, वेदना, मानसिक द्वन्द्व, यौनाकाङ्क्षा र आडम्वरलाई समेत वडो तटस्थता र इमानदारितापूर्वक व्यक्त गरिएको पाइन्छ । समय र परिस्थितिले गर्दा मानिस कति असहाय र विवश वन्न पुग्दछ भन्ने कुरा पनि कथाहरूमा दर्साइएका छन् ।

कसैको दयनीय अवस्थाको फाइदा उठाएर ऊमाथि कुदृष्टि राख्ने र यौनशोषण गर्ने कुपात्रहरूको चरित्रलाई उदाङ्ग पार्नु भएकोमा कथाकार चन्द्रकला नेवार साँच्चै नै प्रशंसाको पात्र वन्न पुग्नुभएको छ ।

लेखिकाले आफ्ना कथाका माध्यमबाट समाजमा व्याप्त कुरीति र कुसंस्कारको विरोध गर्नुभएको टड्कारै वुझिन्छ ।

'साँघुरो धरातल' कथासङ्ग्रहमा समेटिएका नारी पात्रहरू पनि सबै निमुखा र दुर्वल देखिँदैनन् । अपितु केही नारी चरित्रहरूले तर आफ्नो जीवनको निर्णय आफू स्वयंले गरेर अभय वनेर समाजको अघि उदाहरणसमेत वनेका छन् ।

हाम्रो समाजमा विद्यमान् पुरुषको एकलौटी अधिकारको विरोधमा आफ्नो व्यवहार र छनोटले पुरुषसँग टक्कर लिने नारी पात्रको सिर्जना गर्नमा पनि सर्जक चन्द्रकलाजी पछि पर्नुभएको छैन ।

मानिसको जीवनमा प्रेमले एउटा सार्थक अर्थ बोकेको हुन्छ र यस कथासङ्ग्रहकी लेखिकाले जीवनको त्यही सार्थकतालाई आफ्नो दृष्टिकोणले सुन्दर अभिव्यक्ति दिनमा पनि कुनै प्रकारको कन्जुस्याईं गर्नुभएको छैन ।

आजको भौतिकवादी युगको प्रभावले हाम्रो समाजमा गहिरो जरा गाडेको हुनाले मानिस मानिसको माझमा असमानताको ठूलो खाल्डोको सिर्जना गरेको छ भन्नमा कत्ति पनि अतिशयोक्ति नहोला । यसर्थ मानिस मानिसको माझमा सिर्जित भएका कुण्ठा र वैमनस्यतालाई पन्छाएर एउटा सुन्दर र शान्त समाज र देशको निर्माण गर्नमा साहित्यले पनि महत्वपूर्ण भूमिका खेल्दछ ।

कथाकार चन्द्रकलाजीले पनि सामाजिक विकृतिहरूलाई कथाहरूका माध्यमबाट इङ्गित गर्दै आफ्ना कथाहरूको बनोट गर्नुभएको छ ।

सबैको जीवनको अन्त्य सुखद नहुन पनि सक्छ तर सुखद अन्त्य हुने जीवनले पनि कुनै न कुनै रूपमा पीडाबोध गरेको हुन्छ नै । यसर्थ चन्द्रकलाजीका कथाहरूमा हामीले कथाका चरित्रहरूले भोगेका पीडा बोधलाई सहजै अनुभूत गर्न सक्तछौं ।

चन्द्रकलाजीद्वारा निर्माण गरिएका कथास्तम्भ विषयवस्तुको आधारले गर्दा दरिला हुन्छन् ती कथाहरूका नायक, नायिका अथवा सहयोगी पात्रहरूको जीवन हामी सबैको साझा जीवन बन्न पुग्दछ । मलाई लाग्दछ साझा जीवनका साझा भोगाइहरूलाई चन्द्रकलाजीको कलमले निश्चय पनि न्याय दिने काम गरेको छ ।

मलाई विश्वास छ आउँदा दिनहरूमा पनि साहित्यकार चन्द्रकलाजीको कलम सुन्दर तथा ओजपूर्ण कृतिहरूको सिर्जना कार्यमा सदा जुटिरहने छ ।

अन्त्यमा म मेरी प्रिय बान्धवी चन्द्रकलाजीलाई उहाँको नवीनतम कृतिहरूका निम्ति बधाई दिन्छु ।

माया ठकुरी

यस कथासङ्ग्रह 'साँघुरो धरातल' मा २८ वर्ष पुरानो कथा पनि समावेश गरिएको छ। हरेक नयाँ युगले आफूलाई आधुनिक र वितेको युगलाई पौराणिक ठान्ने परम्परा त छँदै छ। एक-दुईवटा कथा पुरानै भए पनि आजको परिवेशभन्दा धेरै टाढा छ जस्तो लाग्दैन।

आफ्नो अमूल्य समय खर्चेर भूमिका लेखिदिनुहुने समालोचक तथा साहित्यकार श्री कृष्ण धरावासीज्यूमा आभार व्यक्त गर्न चाहन्छु।

वरिष्ठ कथाकार श्री माया ठकुरीज्यूको 'शुभकामना' का हरफहरू यी कथाहरूका निम्ति पुरस्कार सावित भएको अनुभव गरेकी छु।

पुस्तक प्रकाशनको सम्पूर्ण चाँजो-पाँजो मिलाउन सहयोग गर्ने वनिताका सम्पादक/साहित्यकार श्री लक्ष्मी उप्रेतीज्यूलाई मुरी-मुरी धन्यवाद ज्ञापन गर्न चाहन्छु।

त्यस्तै यस पुस्तक प्रकाशनका लागि प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण सहयोगीहरूमा आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि यस्तै सहयोग पाउने अपेक्षा गर्दछु।

चन्द्रकला नेवार

# कथाक्रम


| क्र.सं. | शीर्षक | पृष्ठ सङ्ख्या |
| --- | --- | --- |
| १ | कथा अधुरै छ | १ |
| २ | चुनौती | ९ |
| ३ | साँघुरो धरातल | १६ |
| ४ | भोक | २१ |
| ५ | तपस्या | २६ |
| ६. | अनिँदो बन्धन | ३१ |
| ७. | अनावर्तन | ३३ |
| ८ | प्रतीक्षा | ४२ |
| ९. | अजिर्न भोक | ४९ |
| १०. | अग्निस्नान | ५५ |
| ११. | तिम्रो माया मेरो माया | ६२ |
| १२. | गिद्ध | ६९ |

# कथा अधुरै छ

तीता-मीठा बाध्यात्मक यथार्थलाई स्विकार्दै, समस्याका उकाली-ओरालीहरूमा सपनाको पुल थाप्दै कथालाई अघि बढाउँदै लैजाने प्रयास गरिरहेकी छु। आज म जुन कथा लेख्न गइरहेकी छु त्यो कथाको विषयवस्तु अत्यन्त मार्मिक छ। घरको वातावरणले मेरो कथाको विषयवस्तुलाई ग्रहण नगरेर हो अथवा राम्रोसित तालमेल नमिलेकाले हो कथा अघि बढ्न सकिरहेको छैन। त्यो परिवेश, त्यो अनुभूति, ती कुण्ठित चाहनाहरू सबैले मलाई यन्त्रणा दिइरहेका छन्। समाधानको खोजीमा म छट्पटाइरहेकी छु।

मानिस सधैँ सुखका पछि दगुर्छन्। जीवनलाई सुखमय बनाउन सधैँ सङ्घर्षरत रहन्छन्। तर, अरूको पीडालाई पढेर मानिस किन आनन्द अनुभव गर्छन् ? यो कुरा म बुझ्न सक्दिनँ ! बाहिर कसैले कल्बेल् बजाउँछ।

"यस बेला को होला ?" मनमनै भन्छु।

"बैनी... ...!"

ए पल्लो घरकी दिदी आउनुभएछ । मैले नै उहाँलाई बोलाएकी हुँ । भिनाजु अफिस गएपछि साह्रै एक्लो अनुभव गर्नुहुन्छ । विवाह भएको दसवर्ष भइसकेको रहेछ । उहाँहरूको कुनै सन्तान छैनन् । मातृत्वको अधिकारबाट वञ्चित रहनु महिलाले भोग्नुपर्ने सबैभन्दा ठूलो पीडा हो । हत्तपत्त गएर ढोका खोल्छु ।

"साह्रै ढिलो गऱ्यौ; के गर्दै थियौ ?"

"केही होइन; आउनुहोस् न भित्र ।"

दिदीको हातमा सानो कचौरा देखेर सोध्छु-

"यो फेरि के ल्याउनुभएको ?"

"कोइरालोको अचार । यस्तो बेला मुख नमिठो हुन्छ भन्छन् त्यसैले ल्याइदेकी नि... ।"

मुसुक्क हाँस्दै भन्नुहुन्छ ।

बिचरी दिदी... ! मलाई घरिघरि सोध्नुहुन्छ–

"तिम्रो एक्स्पेक्टेड् डेट् कहिले हो ?" कहिले मासु पकाएर ल्याउनुहुन्छ, कहिले माछा तारेर ल्याउनुहुन्छ, कहिले स्याउ र सुन्तलाको 'कस्टर्ड' बनाएर ल्याउनुहुन्छ ।

"दिदी, तपाईंले सधैं केही न केही पकाएर मलाई खुवाउनुहुन्छ । तर, मैले तपाईंलाई केही खुवाउन सकेकी छैन ।" म गुनासो पोख्छु ।

"हरे... कस्तो कुरा गरेकी ? तिमीले नभ्याएको देखेर घरमा जे पाक्छ अलिकति लिएर आउँछु । तिमीले मनपराएर खाइदिन्छौ म तृप्ति अनुभव गर्छु । तिमी अफिस जान्छौ, कि घर-परिवार हेर्छौ, कि ज्वाइँसाबको फर्माइस् पूरा गर्छौ, कि कथा-कविता लेख्छौ ?"

म निःशब्द भएर दिदीका कुराहरू सुनिरहन्छु । दिदीका कुरामा शतप्रतिशत सत्यता छ । अफिसबाट फर्केपछि यति व्यस्त हुनुपर्छ कि कहिलेकाहीं त यस्तो लाग्छ मानौं म मान्छे नभएर मेसिनको एउटा 'पुर्जा' हुँ ।

दिदीको पनि आफ्नै कथा होला...; आफ्नै व्यथा होला... ! मसित केही क्षण बस्नुहुन्छ । यताउताका कुराहरू गर्नुहुन्छ । दिदीले मसित जे-जति समय बिताउनुहुन्छ, क्षणिक सान्त्वनामा अल्मलिने प्रयास गर्नुभएजस्तो लाग्छ । उहाँ सधैं आउनुहुन्छ । केही भन्न चाहनुहुन्छ... तर भन्न सक्नुहुन्न । मलाई लाग्छ– उहाँलाई कुनै ठूलो पीडाले विथोलिरहेको छ । केही दिनअघि भिनाजुले मेरैअघि भन्नुभयो-

"किन जानुपर्‍यो अफिस ? तिमीलाई मैले खान-लाउन दिएको छैन र ? भोलिदेखि अफिस जानु पर्दैन ।"

विचरी दिदी... सम्झौतालाई नैतिक आदर्श ठानेर होला, भोलिपल्टदेखि अफिस जान छोड्नुभयो ।

मैले फेरि त्यही पुरानो घाउ कोट्याएँ–

"दिदी, तपाईं किन अफिस जान छोड्नुभयो ?"

दिदीको अनुहारमा केही परिवर्तन भयो । अलिक सङ्कोच मान्दै भन्नुभयो–

"मेरो अफिसको 'बोस' त्यत्ति राम्रो मान्छे हो जस्तो लाग्दैन । घरिघरि उसको चेम्बरमा बोलाउँछ । चाहिने-नचाहिने काम अह्राउँछ । आँखा झिम्म पनि नगरी एकहोरो हेरिबस्छ ।"

"दिदी, तपाईं राम्री हुनुहुन्छ, त्यसैले हेर्छ । नराम्रो केही बोलेको त छैन होला नि ।"

"छैन, त्यस्तो नराम्रो केही बोलेको छैन ।"

"त्यसो भए ऊ केवल एड्माएर गर्छ तपाईंलाई ।"

"त्यो त हो ।"

"हेर्नुहोस् दिदी- दोष कसैको होइन । दोष तपाईंको सौन्दर्यको हो ।"

"छिः कस्तो कुरा गरेकी ?"

"हो, मैले सत्य कुरा गर्दैछु । दोष तपाईंको सौन्दर्यकै हो । किनभने

जनावरमा पुरुष (भाले) सुन्दर हुन्छन् । जस्तै मयूर, डाँफे, सिंह, भाले-कुखुरा आदि... । मानिसमा छोरीमान्छे सुन्दर हुन्छन् । सौन्दर्यलाई हेर्ने अधिकार सबैलाई छ । बगैंचामा सुन्दर-सुन्दर फूल फुलेका हुन्छन् । हेर्ने अधिकार सबैलाई छ । टिप्ने अधिकार राख्न हुँदैन ।"

दिदी खित्का छोडेर हाँस्नुहुन्छ अनि भन्नुहुन्छ–

"तिमी यस्ता कुरा पनि गर्छौ ?"

"हो दिदी, कसैले कसैलाई हेर्दा केही बिग्रँदैन । भोलिदेखि अफिस जानुहोस् । अहिले तपाईंको समय कट्दैन । अफिस जान थालेपछि समयको अभाव अनुभव हुनथाल्छ । तपाईं शिक्षित हुनुहुन्छ । तपाईंमा सीप छ । आजको युगमा परिश्रमी भएर बाँचेको सुहाउँछ । हरेक महिला आर्थिकरूपमा स्वतन्त्र हुनु आवश्यक भएको छ ।"

"टिङ्रिङ्... टिङ्रिङ्... टिङ्रिङ्... टिङ्रिङ्" टेलिफोनको घण्टी बज्छ । हत्तपत्त रिसिभर उठाउँछु ।

"हेल्लो..."

"म भट्टराई बोल्दैछु । तपाईंको कथा कहिलेसम्म सकिन्छ होला ?"

"कथा प्रायः सकियो भन्दा हुन्छ । कथाको समाप्ति कसरी गरुँ-सोच्दैछु ।"

"भोलि विहान आठ बजेदेखि बाह्र बजेसम्म अफिसमै हुन्छु । त्यहीं पठाइदिनोस् न है ?"

"हवस् । धन्यवाद ।"

"तिम्रो कथा अझै सकिएको छैन ?"

"अब धेरै छैन । सकिन आँट्यो । तपाईं कतिखेर आउनुभयो ?"

"भर्खरै । तिमी फोनमा कुरा गर्दै थियौ ।"

दिदी बसेको ठाउँबाट बिस्तारै उठ्नुहुन्छ ।

"दिदी, बस्नोस् न । म आउनेबित्तिकै जानुपर्छ र ?"

"होइन उहाँ पनि आइसक्नुभयो होला । भोलि आउँला नि ।" दिदी निस्कनुहुन्छ ।

"ल मैया, एक कप तातो चिया... ।"

माया दर्साउनु पर्दा उहाँ मलाई 'मैया' सम्बोधन गर्नुहुन्छ । म पनि पग्लेर पानी... पानी हुन्छु र छताछुल्ल बग्न थाल्छु । गुलियो विष भनेको सायद यही नै होला ।

"आहा... ! चिया त साह्रै मीठो बनेछ । तिमी नखाने ?"

"दिदी र मैले एकछिन अघि खायौं । चियाले मलाई राम्रो पनि गर्दैन ।"

"एउटा कुरा भन्छु, नरिसाऊ ल ?"

"भन्नोस् न, के कुरा हो ?"

"दिदीलाई दिउँसो होइन बेलुका आउनु भन न ।"

"कस्तो कुरा गर्नुभाको ? घरमा आएका पाहुनालाई अहिले होइन-भरे आउनोस् भन्न मिल्छ ? फेरि भएन दिदी मलाई कत्ति माया गर्नुहुन्छ, त्यो तपाईंलाई पनि थाहा छ । कुनै पनि साइनो दुवै पक्षबाट समानरूपमा आत्मीयता, विश्वास तथा भावनाको निष्ठापूर्वक आदान-प्रदान हुनसक्यो भने मात्र अटुट् बन्न सक्छ, होइन भने..."

"भयो बा... भयो... । तिमीं नै भन्छौ- लेख्न पाइनँ, पढ्न पाइनँ । तिमीलाई जस्तो राम्रो लाग्छ गर ।"

"तपाईंले पीर मान्नुपरेन । कथालाई अब लम्ब्याउँदिन । भोलि विहानसम्म सकिन्छ ।" म उठेर किचन्तिर लाग्छु ।

रातको दस बजेर दस मिनेट गयो । बल्लतल्ल चुलो-चौको सिद्धयाएँ । कुर्सी तानेर लेख्न बसें । घरिघरि पेन हातबाट खस्न थाल्यो । सारा शरीर दुखेको अनुभव हुनथाल्यो । ओछ्यानमा गएर पल्टें । एकछिन अघि झप्झप् भएका आँखाबाट एकाएक निद्रा हरायो । थरिथरिका भावनाले मन बिथोल्न थाल्यो । मभित्र रहेका दुई प्रकारका परस्पर विरोधी चेतनशील

अस्तित्त्वले मेरो भोक, निद्रा, मनको शान्ति सबै हरण गऱ्यो। पहिलो- 'वैयक्तिक चेतनशील अस्तित्त्व', दोस्रो– "समष्टिगत् चेतनशील अस्तित्व'। यी दुवै अस्तित्त्वले मेरो मन-मस्तिष्कलाई बारम्बार घच्घच्याउँछ। चोट पुऱ्याउँछ। वैयक्तिक चेतनाले आफ्नो अस्तित्वलाई चरितार्थ गर्ने प्रयास गरिरहेको हुन्छ भने समष्टिगत चेतना स्वयं कर्तव्य, समाज र परम्पराको विशाल प्रतिमूर्ति बनेर मेराअघि उभिदिन्छ। त्यसबेला फेरि म उही निरीह, कोमल मनोवृत्तिकी एउटी साधारण घरेलु महिला बन्न पुग्छु। यो धर्मसङ्कटबाट मुक्ति पाउने प्रयास गर्दागर्दै निदाउँछु।

झिस्मिसेमा आँखा खुल्छ। ओछ्यानबाट जुरुक्क उठ्छु। झ्याल उघार्छु। टाढा कतै चराचुरुङ्गीको कलरव सुनिन्छ। चिसो हावाले मेरा सर्वाङ्गलाई स्पर्श गर्छ। झ्याल फेरि बन्द गर्छु। शनैः शनैः चिसो वातावरणमा न्यानोपन आउन थाल्छ। कुर्सी तानेर फेरि लेख्न बस्छु। कसैले लगातार 'कलवेल' बजाउँछ।

"हरे... ! यतिबेला को आयो होला !" झर्को मान्दै सोध्छु-

"को हो ?"

"ढोका खोल न बैनी, ढोका खोल न... !"

"दिदी... यसबेला... !" हत्तपत्त ढोका खोल्छु। ढोकाबाहिर दिदी लग्लग् काँपेर उभिरहनुभएको रहेछ। दिदीलाई त्यस्तो अवस्थामा देखेर मेरो सोच्ने शक्ति नै शून्य भएजस्तो लाग्यो। दिदीलाई अँगालो हालेँ, अनि सोधेँ–

"के भयो दिदी... तपाईं किन रोइरहनुभएको ?"

"उहाँ घरमा हुनुहुन्न।"

"कतै जानुभएको छ होला नि, आउनुहुन्छ- नरुनुहोस्।"

"उहाँ अब आउनुहुन्न... ! त्यो काम गर्ने केटी पनि छैन।"

सुँक्क सुँक्क रुनुहुन्छ। मरुभूमिमा मायाको पानी सिँचेर जोगाएको विरुवा आज उखेलियो... ! हिजो दिदीका ओठमा लालीगुराँस फुलेको

थियो । आज सुकेका पातझैं थरर्र काँपिरहेका छन् । दिदीलाई भित्र लगेर सोफामा बसाउँछु । दिदी हिक्कहिक्क गर्दै रोइरहनुभएको छ । अब के भनेर सान्त्वना दिने... ! बिचरी दिदी... धर्म, कर्म र परम्पराको बोझले थिचिनुभएको थियो । आफ्नो प्राणभन्दा बढी लोग्नेको माया गर्नुहुन्थ्यो... ! आफ्नो स्वतन्त्रता कस्तो नरभक्षीका हातमा लिलाम गर्नुभएको रहेछ... ! फूलैफूलले सजिएको कफिन्‌बक्सभित्र सुतेर जिउँदो हुनुको नाटक खेल्दै आउनुभएको रहेछ ।

अब दिदी कटुसत्यको सन्मुखीन् हुनै पर्छ । निषेधका अनावश्यक लक्ष्मणरेखा नाघ्न सक्नुपर्छ । आफ्नो पाखुरीको बलमा बाँच्न सक्नुपर्छ । कसैले ऊभित्रको स्वास्नीमान्छेको खिल्ली उडाएको छ । त्यसलाई डटेर सामना गर्नुपर्छ ।

पितृसत्तात्मक समाजले नारीजातिलाई नारीको जीवनलाई, मान-मर्यादालाई कर्कलाको पातमा अडिएको पानीको थोपाजस्तो बनाएको छ । नारीजातिलाई सतीत्वको घेराभित्र राखेर- पतिव्रता बन्न आवश्यक बनाएर पुरुष सदा-सर्वदा स्वतन्त्र र पवित्र बनेको छ । यस्तै के के सोच्दा सोच्दै चिया उम्लेर पोखिन्छ ।

“ए दिदी त निदाउनुभएछ । दिदी... ! एक कप तातो चिया लिनुहोस् न । दिदीको कुममा समातेर झक्झकाउँछु । दिदी सोफाबाट भुइँमा लड्नुहुन्छ । दिदीको निस्तेज अनुहार देखेर म भित्रबाट काँप्न थाल्छु । दगुर्दै गएर श्रीमान्‌लाई उठाउँछु । उहाँ पनि हस्याङ्-फस्याङ् गर्दै आउनुहुन्छ ।

“हेर्नुहोस् न दिदीलाई के भयो... ?” निष्प्राणझैं भुइँमा लडिरहेकी दिदीलाई देखाउँदै भन्छु । उहाँले दिदीको ‘नाडी’ छाम्नुहुन्छ । दगुर्दै भित्र गएर ‘स्तेथेस्स्कोप्’ लिएर आउनुहुन्छ । दिदीको मुटुको चाल बुझ्नुहुन्छ । उहाँ झन् आत्तिनु भएजस्तो लाग्छ ।

“छिटो ‘टर्च्‌लाइट्’ लिएर आऊ’ मलाई भन्नुहुन्छ । तुरुन्तै भित्रबाट

'टर्च्लाइट्' ल्याउँछु। टर्च बालेर दुवै आँखाहरू हेर्नुहुन्छ। केही नबोली सोफामा थ्याच्च बस्नुहुन्छ। मेरो मुटु ढुक् ढुक् हुनथाल्छ। उहाँले हस्पिटलमा फोन गर्नुहुन्छ। छिटो 'एम्बुलेन्स' पठाउन अनुरोध गर्नुहुन्छ। मेरो आङ्मा थप्थपाउँदै भन्नुहुन्छ–

"पीर नगर। दिदीलाई केही हुँदैन। दिदी अचेत हुनुभएको हो। जतिसक्दो छिटो उहाँलाई हस्पिटल पुऱ्याउनुपर्छ।"

बल्ल, मेरो ज्यानमा प्राण आयो।

हत्तपत्त भट्टराईको अफिसमा फोन गर्छु-

"हेल्लो... !"

"भट्टराईज्यू बोल्नुभएको हो ?"

"हो बोल्दैछु।"

"मैले कथा समाप्त गर्न सकिनँ मानिसले सोचेजस्तो जीवन हुँदैन रहेछ। मेरो कथाले अर्कै मोड लियो। अब अर्को अङ्कलाई मात्र सम्भव हुन्छ होला। यसपालिको अङ्कलाई नसक्ने भएँ। क्षमा गर्नुहोला।"

♦♦

# चुनौती

प्रकृतिको हरियो सारीले आफ्नो तन छोपेकी, दूध जस्तो सेतो हिमाली मुकुट पहिरेकी, पहाडकी रानी कहलिएकी, तर... अगमसिंह गिरीको आँसुमा डुबेकी... प्रकृतिले प्रदान गरेको स्वर्गीय सौगात हो यो दार्जिलिङ्ग ।

पर्यटकहरू आउँछन् । यहाँका दृश्यहरू क्यामेरामा कैद गर्छन् । पहाडी खोला-नाला र झरनाका दृश्यहरू अवलोकन गर्छन् । घोडामा चढेर चौरस्ता वरिपरि डुल्छन् । टाइगरहिल गएर सूर्योदय हेर्छन् । पहाडकी रानीको सौन्दर्यले मोहित मनहरू बोकेर आ-आफ्ना घरतिर फर्किन्छन् तर... मूल सडकमा बसेर दिनभरि ढुङ्गा फोर्ने दिदी-बहिनीहरूका औंलाबाट बगेको रगत, पर्यटकका क्यामरामा कैद हुँदैनन्... ! पिठ्यूँको भारी थाम्न नसकेर लड्ने र मर्ने भरियाको आर्तनाद उनीहरूको सुस्केरामा सुसाउँदैन...! चियाका बुटाबुटा श्रमिकको पसिनाले सिँचेको कथा उनीहरू लेख्दैनन् । अँध्यारो कोठामा टुकी बालेर, सिस्नो उमाल्दै गरेकी साइँलीको पेटका ज्वाला उनीहरू देख्दैनन् ।

एक दिन एउटी सानी केटी साइँली नोकरी खोज्दै मकहाँ आई। तर, मलाई काम सघाउने एकजना बहिनी पहिलेदेखि भएका कारणले गर्दा मैले उसलाई राख्न सकिनँ। कुरैकुरामा मैले उससँग सोधेँ- "छुँदै पोल्ने सिस्नो कसरी पकाउँछौ ?"

"चिम्टाले टिप्छौं, पखाल्छौं अनि उमाल्छौं। लसूनले झान्छौं, कति मीठो हुन्छ मम्मी- खानुहुन्छ... ? म भोलि लिएर आउँछु। म आफैं पकाएर तपाईंलाई खुवाउनेछु" उसले मसँग भनी।

उसको मन राख्न मैले 'हुन्छ' भनें।

भोलिपल्ट साँच्चि नै उसले झोलाभरि सिस्नो बोकेर आई। मैले सिस्नो कहिल्यै खाएकी थिइनँ। उसले सिस्नो पकाई; झानी अनि कचौरामा राखेर मलाई खान दिई। तर, मैले दुई चम्चाभन्दा बढी निल्न सकिनँ। उसैलाई खाऊ भनें। उसले एक्लैले सबै सिस्नो खाएर सिध्याई।

उसले आफूसँग किताब, कपी र स्कुलको युनिफर्म प्लास्टिकका झोलामा ल्याएकी रहिछ। हतार-हतार स्कुलको युनिफर्म लगाई। किताब-कपी मिलाएर झोलामा हाली र दुई हात जोर्दै- "मम्मी, म स्कुल जान्छु आज साह्रै ढिलो भयो" भन्दै दगुरी।

साइँलीको बुवाले भरिया काम गर्छन्। साइँलीको दाइ विजयले बी.ए. पास गरेको छ। नोकरीको खोजीमा लागिरहेको छ। साइँलीले अरूका घरमा भाँडा माझ्ने, लुगा धुने काम गरेर आफ्नो स्कुलको फिस तिर्ने गर्छे। उसकी आमा कहिले पेट दुख्ने, कहिले ज्वरो आउने, कहिले दुईतीन दिनसम्म बेहोस हुन्थी। 'जहाँ साह्रो, त्यहीँ गाह्रो' भनेझैं रोग, भोक र शोकले ग्रस्त थियो उनीहरूको पारिवारिक जीवन, तापनि उनीहरू संस्कारी थिए। साइँलीको बुवा गरिब थिए तर इमान्दार थिए। साइँलीको दाज्यूले सधैं भन्थ्यो– "मैले सानो-तिनो नोकरी पाएदेखि बुवालाई भरिया काम गर्न दिन्नथेँ... ! बैनीलाई अरूका घरमा भाँडा माझ्न दिन्नथेँ। बिरामी आमाले यसरी थाङ्ना ओछ्याएर, मैलो ओछ्यानमा लडेर रोगसँग जुध्न पर्दैनथ्यो।"

सदाझैँ विजयका बुवा भर्खरै मात्र माथि प्रेस सुपरिन्टेन्डेन्टको घरमा दुई कुइन्टल कोइला पुऱ्याएर आएका छन् । उनी थाकेर लखतरान परेका छन् । विजय मनमनै सोच्न थाल्छ– "कस्तो भाग्य मेरो बुवाको...! म तन्नेरी छोरो घरमा बस्ने । वृद्ध भइसकेका बुवाले दिनरात भरियाको काम गर्ने... ! धिक्कार छ मेरो यो जीवन... !"

उसले के सोच्यो कुन्नि... एकाएक ऊ बुवाको छेउमा गएर उभिन्छ । बुवालाई एकोहोरो हेरिरहन्छ । उसको बुवाको निधारबाट तर्-तर् पसिना चुइरहेको छ । छाती, आङ् पसिनाले निथ्रुक्क भिजेको छ । उनले बिँडीको ठुटो गोजीबाट निकाल्छन् । सलाई बालेर सल्काउँछन् । दुई-चार कस् तानेपछि भुइँमा थिचेर निभाउँछन् र गोजीमा राख्छन् ।

विजय जुरुक्क उठ्छ । बुवाको हातबाट नाम्लो थुत्त तान्छ– "बुवा, भोलिदेखि तपाईंको काम म गर्छु । तपाईंले गर्ने काम म किन गर्न सक्दिन ?"

"चुप लाग् । नकरा । यत्रो दुःख गरेर पढाएको भरिया काम गर्नलाई...?" विजयको हातबाट नाम्लो थुत्त तान्दै "यो नाम्लो तैँले छुँदै नछो । तेरो जीवनको साइत बिग्रिन्छ । बी.ए. पास गरिस् । एकदिन नोकरी पनि पाउँछस्के । नोकरी रूखमा पाकेको फल हो र भोक लाग्नेबित्तिकै टिपेर खान्छस् ?" विजय बोल्दैन । केवल उसले बुवाको टीठ्लाग्दो अनुहार हेरिरहन्छ ।

हिजोआज नोकरी सजिलै पाइँदैन । यो कुरो धनवीरलाई थाहा छ । छोरालाई नोकरी दिलाउन कति ठाउँ पुगिसके । रोए । हात जोरेर बिन्ती गरे । अफिसरहरूको खुट्टा समाते । विजयलाई नोकरी दिलाउन सकेनन् ।

धनवीरले ओछ्यानमा हराउन आँटेकी नरमायाको नरकङ्काल शरीरलाई निकैबेर हेर्छन् । जुरुक्क उठ्छन् । आफू बसेको मुढालाई लात्ताले कसेर हान्छन् । अनायासै उनको मुखबाट निस्कन्छ– "पाप, फलि फाप ।

धर्म, फुटेको कर्म।" थोत्रो मुढो लात्तीको चोटले जिङ्रिङ्ग पर्छ। उनले फेरि कोल्टाई-कोल्टाई मुढालाई हेर्छन्। चिरुवा दाउराले ठोक्न थाल्छन्। विजय... चुपचाप उसको बुवाको 'आत्मग्लानि'लाई आत्मसात गर्छ। उसलाई बुवाको साह्रै माया लाग्छ... !

एकछिन पछि धनवीर बोल्छ–

"विजय, मङ्गलचन्दको पसलमा काम गर्छस् ?"

"मङ्गलचन्दको पसलमा ?" बुझेर पनि नबुझेझैं गर्छ।

"हैन, के लाटाले झैं हेरिरहेको ? मङ्गलचन्दको पसलमा दिनभरिको हिसाब राख्ने काम गर्नुपर्छ।"

"त्यो मङ्गलचन्द ? जसले पसलमा दुई रुपियाँको उधारो सामान किन्यो भने चार रुपियाँ लेखेर राख्छ। मलाई पनि त्यसले त्यही काम गर्न लगाउँछ। पढे-लेखेकालाई त त्यसले त्यत्ति ठग्दैन नपढेकालाई त त्यसले चुस्नसम्म चुस्छ। त्यस्तो पापीकहाँ काम गर्दिनँ बुवा।"

"किन गर्दैनस् ?"

"गरिबको खुनचुस्ने माध्यम म बन्न चाहन्न। माथि मुखिया सरकहाँ पनि त जानुपर्छ नानीहरूलाई पढाउन।"

"त्यै त... मैले मङ्गलचन्दलाई भनेको छु, सात बजेपछि विजय पसलमा बस्न सक्दैन। उसले 'हुन्छ' भनेको छ। महिनाको ५० रुपियाँ दिन्छ। साइँली पनि आजदेखि मङ्गलचन्दकहाँ काम गर्न थाली। तेरी आमा झन्-झन् साह्रो हुँदै गई !" धनवीर फेरि बोल्न सक्तैनन्! उसको बुवाका रसाएका आँखाहरूमा २५ वर्षसम्म पालिराखेको सपना टल्पलाइरहेको उसले देख्छ। उसले फेरि नाइनास्ति गर्न सक्तैनन्– "हुन्छ बुवा, म मङ्गलचन्दकहाँ काम गर्छु।" मङ्गलचन्दकहाँ काम गर्न ऊ राजी हुन्छ।

धनवीरको अनुहार उज्यालो हुन्छ। विजय उसको शरीरको अंश हो। उसको सन्तान हो। उसको वंश रक्षक हो। उसले भनेको नसुने-

कसको सुन्छ त ? विजय मङ्गलचन्दको पसलमा काम गर्न थाल्छ ।

मङ्गलचन्दको पसलमा काम गरेको एक महिना पन्ध्र दिन भइसक्यो, पैसा दिने कुरै गर्दैन । विजय मनमनै सोच्छ– "आज त मुख फोरेर माग्नै पर्‍यो ।" सरासर पसलको बाटो लाग्छ । पसलको ढोकानेर पुगेपछि मात्र बन्द ढोकामा ताल्चा झुन्डिएको देख्छ । एकछिन उभिएर यताउता हेर्छ । छेउको पसलेलाई सोध्छ तर उसलाई पनि मङ्गलचन्द पसलमा नआएको कारण थाहा हुँदैन । ऊ मङ्गलचन्दको घरतिर लाग्छ ।

घरको मूल ढोका बन्द रहेछ। उसले कलवेल बजाउँछ । मङ्गलचन्दकी छोरी कौशल्याले ढोका उघार्छे । घाँटी तन्काएर यसो बाहिर हेर्दै– "ए विजय दाइ, आउनोस् न भित्रै ।" उसले विजयलाई मङ्गलचन्दको सुत्ने कोठामा लगेर बस्न दिन्छे ।

टाउकोमा ब्यान्डेज बाँधेर मङ्गलचन्द ओछ्यानमा लमतन्न परेर सुतेको रहेछ । उसकी स्वास्नीले विजयलाई यसो हेर्छे । अनुहारभरि रिस छर्दै अर्कापट्टि घाँटी बटार्छे ।

"उहाँलाई के भयो" बिस्तारै सोध्छ ।

अब भने ऊ मकै पड्केझैँ पड्किन थाली–

"हेर विजय, तिमी र तिम्रो बैनीमा आकाश-पातालको फरक छ । हिजआज तिम्रो बैनीको भुइँमा खुट्टा छैन ।"

"किन ? के गरी र बैनीले ?" नम्र भएर सोध्छ ।

"तिमीहरू गरिब छौ । तिम्रो आमा बिरामी छ । तिमीले बी.ए. पास गरेर के भयो ? तिम्रो बाबुले अझै भरिया काम गरेर तिमीहरूलाई पाल्नु परेको छ । तिमीहरू दाज्यू-बैनीलाई त हामीले दया गरेर पो पसल र घरमा राखेका छौँ । तिमीले त राम्रै काम गर्दैछौ रे । तिम्रो बैनीको त मुखै मात्र रहेछ। कुनै काम राम्ररी गर्दैन । आज उसले भाँडा राम्ररी नमाझेर पखाल्दै राख्दै गर्दै थिई । उहाँले, 'किन त्यसरी ठग्छेस् काम गर्ने भए राम्ररी गर, होइन भने जा' मात्र भन्नुभएको रहेछ- उसले त एक्कासि

गिलासको झटारो हानिछ र 'तिमीहरूको घरमा काम गर्दिन' भन्दै निस्केर हिँडिछ। धन्न ईश्वरले हात थापिदिएछन्। नत्र आँखा फुट्ने।" सुँक्क-सुँक्क रुन्छे।

लाज र अपमानले विजय भिजेको मुसाजस्तो हुन्छ। केही बोल्न सक्तैन। कसैलाई केही नभनी बाहिर निस्कन्छ। 'साइँलीले त्यसो नगर्नुपर्ने... घरको दुःख देखेर नै मङ्गलचन्दको घरमा भाँडा माझ्न राजी भएकी हो... किन त्यसले त्यसो गरी...' यस्ता कुरा सोच्दा-सोच्दै घर पुग्छ।

उसको बुवा राँकिदै घरबाहिर आउँछन्। विजयलाई यसो हेर्छन् केही बोल्दैनन्। नाम्लो काँधमा भिरेर ओह्रालो झर्छन्। भित्र साइँली सुँक्क-सुँक्क रुँदै थिई। विजय हतार-हतार घरभित्र पस्छ।

"साइँली, तैंले किन मङ्गलचन्दलाई गिलासले हानिस् ? आफ्नो बाबुसमानको मान्छेलाई किन त्यसरी हानिस् ?"

"हुन्थ्यो बाबु... त्यो गुन्डोलाई कसले बाबु भन्छ ? बुवाको रिस नराम्रो छ, त्यसैले बुवालाई भनिनँ। बुवाले थाहा पाउनुभयो भने त त्यसलाई काट्नुहुन्छ।"

"किन ? के गर्‍यो त्यसले ? नडराइकन भन।"

"दाइ, आज दिउँसो महाजनको घरमा काम गर्न गएकी थिएँ। जुठेल्नामा जुठा भाँडा-कुँडा थुपारेर राखेका रहेछन्। महाजनबाहेक सबैजना सिनेमा हेर्न गएका रहेछन्। दिउँसोको दुई बजे रातको दुई बजेजस्तै सुनसान थियो। डराइँ-डराइँ भाँडा माझ्न थालेँ। महाजनले कुर्सी तानेर मेरो छेउमा बस्यो र भन्यो– "साइँली, तैंले भाँडा माझेको देख्दा साह्रै माया लाग्छ।"

मैले सुनेर पनि नसुनेझैं गरेर भाँडा माझिरहेँ। त्यसले एकोहोरो मलाई हेर्दै भन्यो– "के गर्नु मूर्ख छेस्। मैले भनेको मान्दिहोस् त तँलाई रानी बनाएर राख्ने थिएँ।"

डरले भित्रभित्रै म काँप्न थालेकी थिएँ। तैपनि नडराए जस्तो

गरेर भनें– "हेर महाजन, तिमी त बिग्रेको मान्छे रहेछौ । भरै महाजननीलाई भनिदिन्छु नि... ।"

ऊ त एक्कासि मलाई अँगालो हाल्न पो आइपुगेछ। माझ्दै गरेको गिलासले त्यसको टाउकोमा कस्सेर हानेँ । त्यो उत्तानो पऱ्यो । बल्लतल्ल आफ्नो इज्जत बचाएर त्यहाँबाट भागेँ । दाइ, म त्यहाँ काम गर्दिन, म काम गर्दिन भन्दै घुँक्क-घुँक्क रुन थाल्छे ।

उसले बैनीको आङ थप्थपायो । एकछिन त उसलाई भनन्न रिँगटा चलेजस्तो भयो । उसका आँखाहरू राता भए । आँखाका कोसहरू आँसुले टम्म भरिए । नचाहँदा नचाहँदै पनि उसका गालामा दुइथोपा आँसु तप्प खसे । उसलाई लाग्यो- त्यो आँसु होइन । दरिद्रताले थुकेको थुक हो । उसको पौरुषतालाई दिएको चुनौती हो । गोली खाएर रन्थनिएको बाघझैँ हुत्तिँदै, भौतारिँदै मुठ्ठी कसेर मङ्गलचन्दको घरतिर लाग्छ ।

♦♦

# साँघुरो धरातल

उसको चाँदीको हिमाल अग्लिँदै गयो । हिमालभरि लछेप्रै सुनाखरी फुल्यो । बतासले कानभरि साउती गरेका कुराहरू सपनाजस्तै भएर पनि विपना समेटेझैँ लाग्यो उसलाई । छातीभरि कलिलो बिहान ओर्ल्यो । हिउँ पग्लेझैँ उसको हृदय पग्लन थाल्यो । तरल बनेर छताछुल्ल बग्न थाल्यो ।

त्यो अनुहार उसको आँखाभरि अटाउन खोज्यो । मुटुभरि बस्न खोज्यो । अनायासै उसका आँखाहरू उसका सर्वाङ्गलाई छाम्न पुगे । उसको दृष्टिले तृप्ति अनुभव गर्‍यो । उसले आँखा चिम्म गरी । मनलाई एकखेप फेरि सोधी– “भुल कहाँनेर भयो ?”

हुन त ऊ एउटी भावुक केटी हो । कतै नहोचिइने सुसम्बन्ध मर्यादित, उच्च, विशाल विचारले परिपूर्ण । एक किसिमको पूर्णताले प्रकाशमय । त्याग, समर्पण, कर्तव्यनिष्ठ आदि सर्व गुणले समृद्ध । मानौँ एउटी साम्राज्ञी । तर, उसभित्र उसले एउटी ‘नारी’लाई नारीत्वले पोषण गरी परिपुष्ट पारिराखेकी थिई । उसलाई के थाहा नारित्वको अर्को नाउँ अवला हो; सहनशीला हो; कोमलाङ्गिनी हो; उसले चिताउँदै नचिताएको

कुरो आज उसभित्रकी नारीले कसैसित माया साट्न चाहन्छे। आफ्नो आराध्य देवतालाई पुज्न चाहन्छे। मानौँ आज उसले उसको लक्ष्यको प्रतीक, उसको आराधनाको केन्द्र, उसको समस्त प्राप्तिको उत्कृष्ट सृजनलाई भेटी।

रेल द्रुतगतिमा दगुरिरहेथ्यो। अझ द्रुत थियो, सुधाको मनको गति। उसका आँखाहरू एकटक विनयमा गाडिएका थिए। मानौँ ती अवाक् आँखाहरूले वाक्शक्ति पाए; बोल्न थाले; सोध्न थाले।

"विनय ! मेरो विनय ! जीवनयात्राका सहयात्री हामी, आज रेलका यात्री मात्र छौँ। किन ? एक मिनेट पनि आँखाबाट ओझल हुन नसक्ने हामी चार-चार वर्ष कसरी बितायौँ ? सत्य होला विनय, चार वर्ष चार युग भएर बिते। एक्लो जीवन कति पीडादायक हुँदोरहेछ। मेरो विनय, तिम्रो देब्रेतिर यसो हेर त। चार पाँच जना पछिको सिटतिर एकखेप हेर, तिम्रो माया गर्ने, तिम्रो श्रद्धा गर्ने उही सुधा बसेकी छे। यसघरि तिमीलाई फेरि पाउने क्षुधा उसभित्र जागेको छ। ऊ कति एक्ली छे... !

विनय, के तिमीलाई थाहा छैन- चार वर्षअघि जब हामी पति-पत्नी थियौँ, तिम्रो हरइच्छा पुऱ्याउन म सधैँ तत्पर रहन्थेँ। तन-मनले बौलाहीझैँ हद नाघेर तिम्रो माया गर्थें। तिमी नै मेरो तपस्या, तिमी नै मेरो पूजा थियौ; तिमी मेरो सर्वस्व थियौ। तर, आज उफ्... ! यो विशाल सृष्टिमा सबैतिर क्रम छ। सबैतिर शृङ्खला छ। उफ्... यो कस्तो क्रमहीन असम्बद्ध जीवन... ! सबै नै अस्वभाविक, सिङ न पुच्छरको अस्तित्वहीन उपेक्षित...।

होइन होइन यता नहेर। तिमी त्यसरी नै बस। मलाई नदेख्ने गरी बस। यो रेलको डब्बा यसरी नै दगुरिरहोस्; जिन्दगीभरि दगुरिरहोस्। यसरी नै तिमीलाई नियालेर हेर्ने मौका पाइरहूँ। कसैलाई थाहा नदिई, तिमीलाई पनि थाहा नदिई, तिम्रै माया गरिरहूँ ! केवल तिम्रो माया गरिरहूँ। विनय, साँच्चिनै मनले साह्रै कमजोर रहेछु हगि ? नत्र किन एकोहोरो तिम्रो माया गर्छु ? तिमीलाई कदाचित् भुल्न सक्तिनँ ! तिमीलाई भुलिदिनु परेको खण्डमा मैले मरिदिनु पर्छ। कति महङ्गो माया तिम्रो... !

मलाई भुल नसम्झ । मैले कदाचित् मायाको भिक्षा मागेकी होइन । यसघरि मेरो भावना, मेरो कल्पना, मेरो सपना, मेरो विपना सबै मेरै हुन् । तिम्रो माया गर्छु- यो माया गराइ पनि मेरै हो । तिम्रोनिम्ति म कोही नहुँला, तैपनि तिमीलाई एकखेप सोध्ने इच्छा छ, के भुल मैले मात्र गरेँ ? अँ, एउटा कुरा सोध्न म हिच्किचाउँदिन । तिमीले सङ्कुचित बन्धनहरूलाई स्विकारेका थियौ; किन ? घाम झुल्केको थाहा हुँदैनथ्यो । दिन डुबेको थाहा हुँदैनथ्यो । बस्, हाँसो र मुस्कानले अनुहार बाँध्न सिकेँ; पीडालाई खित्काले छोप्न सिकेँ; सहनशीला नारीको पदवी पाउने अभिप्रायले होइन । तिम्रो मायाको भोको यो 'गरिब मन' तिम्रो अनुहारभरि हाँसोको बाढी ल्याउन चाहन्थ्यो । तिमीलाई सुखी देख्न चाहन्थ्यो । तर, तिमीले मेरा भावनाहरूको अनादर गर्‍यौ- किन ? जसको फलस्वरूप हामी दुईबीच अभिमानले दरिलो घर बसाल्यो ।

तिम्रो पुरुषसुलभ अधिकारको कदर पनि त मैले नगरेकी होइनँ । तिमीले मेरो माया गरिदिएनौ भन्ने बिलौना पोख्ने अधिकार पनि मेरो छैन । तिमी मेरो अत्यन्त माया गर्थ्यौ । तिम्रो मायामा प्रेम थियो तर श्रद्धा थिएन । साथै बन्धनयुक्त ठूलो पर्खाल पनि थियो, जहाँ म निस्सासिन्थेँ, छटपटाउँथेँ, एक्लै रुन्थेँ । तिमीलाई थाहा हुँदैनथ्यो, मेरो विनय ! मलाई पनि तिमीजस्तै बर्खाको झरीमा रुझ्न मन लाग्थ्यो । गर्मीको उत्ताप र हिउँदोको जाडो झेल्न मन लाग्थ्यो । तिम्रो पाइलासित पाइला मिलाएर हिँड्न मन लाग्थ्यो । जीवनको ठूलोभन्दा ठूलो असम्भव सम्भव पार्ने तिम्रोसाथ मलाई चाहिन्थ्यो । तर... !

के हाम्रा पूर्खाले हामी नारी जातिलाई दबाउन धर्मशास्त्र लेखे ? केवल पुरुषलाई सर्वाधिकार प्रदान गर्न शासनतन्त्र, समाजतन्त्र, अर्थ तन्त्रका सञ्चालक बने पुरुष- हाम्रा स्वामी, हाम्रा मालिक, हाम्रा देवता, हाम्रा सर्वश्व । अधिकारको ढुकुटी रित्तिएपछि अनेकथरी डिग्री प्राप्त भएझैँ हामीले प्राप्त गर्‍यौँ- कोमलाङ्गिनी, अबला, सहनशीला आदि

पदवीहरू; जसले गर्दा आज हामी यति कमजोर भयौं कि आफ्नो शरीरको रक्षासम्म गर्न सक्तैनौं। खबरकागजका पानामा दिनहुँ बलात्कार भएको खबर छापिन्छ। विनय, मेरो शरीरभरि दन्‌दन् आगो दन्किन्छ। दन्‌दन् दन्केर खरानी बन्नु सिवाय केही गर्न सक्तिनँ। स्वयं असमर्थ अबला नै ठहरिन्छु र अन्त्यन्त दयनीय स्थितिमा पुग्छु!

मेरो विनय! आज हामी कति नजिक छौं- एउटै रेलको एउटै डब्बामा यात्रा गरिरहेका छौं र पनि कति टाढा छौं! तिमी मेरो आफन्त, मेरो मायाको केन्द्र भएर पनि कस्तो अपरिचित देखिन्छौ? कस्तो अनौठो-बेग्ला-बेग्लै गन्तव्य हामी दुईको !!

यो सत्य हो, एक दिन कसैलाई नभनी सर्वस्व त्यागेर घरबाट निस्केर हिँडेकी थिएँ। किन... त्यो पनि सोध। तिमीप्रति कत्रो विश्वास थियो; आस्था थियो। मेरो भरपर्दो मान्छे तिमीबाहेक अरू को थियो र! आमा र भाइको मबाहेक अरू को छ? के तिमीलाई थाहा छैन? तर... तिमीले कहिल्यै थाहा भएझैं गरेनौ। तिम्रो इच्छा विरुद्ध नोकरी गर्न कर लाग्यो। त्यसको निम्ति क्षमा प्रार्थना छ। विश्वास गर- तिम्रो आत्मसम्मानलाई आघात पुऱ्याउन मैले नोकरी गरेकी होइन। मलाई थाहा छ तिमीले मलाई क्षमा गर्न सकेनौ। एक दिन तिमी तिम्रो साथीसित कुरा गरिररहेका थियौ–

"अब उसै समाधान हुँदैन। हाम्रो मानसिक द्वन्द्व र आपसी मतभेदले जन्मेको पारिवारिक अशान्ति उसै मेटिँदैन।"

तिम्रो साथीले सोधेका थिए–

"कसो गर्दा मेटिएला, के त्यो पनि सोचेका छौ?"

तिमीले एक्कासि भन्यौ– 'डिभोर्स'

पहिले त मेरा कानलाई नै विश्वास भएन। मुटुभित्र भने त्यो शब्द बारम्बार प्रतिध्वनित भइरह्यो! मानौं मेरो आत्मानुभूतिमा आगो लाग्यो। विवेकले हद नाघ्यो...मलाई तिमीदेखि टाढा...धेरै टाढा कता हो कता पुऱ्यायो...!

विनय ! मलाई थाहा थिएन, जीवन एउटा रङ्गमञ्च हो। पारिवारिक जीवनमा पनि अभिनयको आवश्यकता पर्छ। मलाई क्षमा गर। म अभिनय गर्न जान्दिनँ। म त केवल तिम्रो माया गर्न जान्दछु। घामलाई घाम, जूनलाई जून भन्न रुचाउँछु। मुक्त बतासको शीतल प्रवाहमा उभिएर सास फेर्न चाहन्छु। तिमीलाई धेरै कुरा भन्ने र सोध्ने मन छ। तिम्रोअघि जम्मै मनको बाँध फोएर हलुङ्गो हुने मन छ।

रेलको वेग घट्दै गयो। सुस्तरी सुस्तरी हिँड्न थाल्यो 'छक्क छक्क, छक् छक्... । चाय चाय पान, बिडी, सिगरेट, दोसा, समोसा... ।"

कोलाहल- के को कोलाहल ? अपरिचित मान्छेको अपरिचित कोलाहल। अपरिचित ठाउँको अपरिचित भीड। यत्रोबेर सुधा जुन भीडमा हराएकी थिई- त्यो भीड एक्कासि खल्बलियो। हा... उसको विनय त ओर्लिने तरखर पो गर्न थाल्यो। ऊभित्रकी नारीले उसलाई झक्झकायो ! ऊ एकदम हतास भई। उसको स्वामी, उसको देवता, उसको सर्वश्वले उसित एउटै शब्द पनि बोलेन ! उतिर हेर्दै हेरेन ! जीवनमा उब्रेका केही भग्नावशेष फेरि भत्किन थाले। ऊभित्रकी सुधा बौलाही झैं भई- एक्कासि चिच्याई 'विनय... !' तर, त्यो मौन चीत्कार विनयले सुनेन। यत्तिकैमा प्लेटफार्मतिर "हाइ डार्लिङ्ग" भन्ने शब्द गुञ्ज्यो। मानौं त्यता कतै चट्याङ्ग चढ्क्यो ! हा... यो कस्तो पराजय ? उसको विनय कसैको भइसकेछ ! विनय हत्तपत्त ब्रिफकेस च्यापेर प्लेटफार्मतिर हाम फाल्यो।

रेल छुट्यो। ऊ भने ऊभित्रकी नारीलाई सुमसुम्याउन थाली। थमथम्याउन थाली। यथार्थको धरातलमा पाइला टेकाउन बल गरी। किनकी उसले बाँच्नु छ- बचाउनु छ। सम्मानपूर्वक आफ्ना खुट्टामा उभिएर समाजलाई चुनौती दिनु छ। उसलाई के थाहा यो धरातल यति साँघुरो छ। विनयसित भेट हुनेछ, अनि फेरि यसरी छुट्टिहाल्नुपर्नेछ... !!

♦♦

# भोक

माथि कोठा निकालेको दुई महिना भइसक्यो, बहालमा बस्न कोही आएका छैनन् । ऊ आफू पनि धेरै दिनसम्म बहालमा बसेकी थिई । बहालमा बसेको तीतो अनुभव कहिल्यै बिर्सन सक्दिन । अलिकति धेरै लुगा धोयो, नुहायो भने धाराको पानी बन्द गरिदिन्थे । राति कुकुर भुक्यो भने भन्न आउँथे– "तपाईंको कुकुरले साह्रै डिस्टर्ब गर्‍यो । कुकुरको भुकाई बन्द गरिदिनुहोस् न..." इत्यादि ।

नवीनकी आमा भन्ने गर्थिन्– "दिदी आफू मर्नलाई पनि घर त बनाउनै पर्छ । अरूका घरमा त मर्न पनि दिँदैनन् । अस्ति भर्खरै बहालमा बस्ने एउटा मान्छे बिरामी परेछ । 'टायफयेड्' भएको रहेछ । अलिकति जाउलो खाएपछि अड्केर हिक्कहिक्क गर्न थालेछ । घरबेटीले सोचेछ– अब यो मान्छे बाँच्दैन । दुई जना मान्छे बोलाएर बिरामीलाई आँगनमा लगेर सुताइदिएछन् । विचरा त्यो बिरामी- मृत्यु सम्भावनाको त्रासदीले वेहोस् भएछ । होस् फर्केपछि सकिनसकी उठेछ, त्यसैदिन त्यसले त्यो घर छोडेर गएछ ।

दोष कसलाई दिनु ? आफ्नै मृत्यु आफ्नो ढोकामा उभिएको थाहा हुँदैन- मानिसलाई । अरूको मृत्युदेखि डराएर भाग्ने व्यर्थ चेष्टा गरिरहेका हुन्छन् । मानिसको स्वभाव नै यस्तो हुन्छ । बाँच्ने रहर कसलाई हुँदैन र ?

बाहिर कसैले कलवेल बजाउँछ । सायद बहालमा बस्ने मानिस आयो होला । दगुर्दै गएर ढोका खोल्छे । उसको छिमेकी, ब्रोकर काम गर्ने शङ्करदाइ- जसलाई उसले राम्रो मान्छे खोजिदिन अनुरोध गरेकी थिई । ङिच्च हाँस्दै– "बैनी तपाईंले खोजेजस्तै मान्छे ल्याएको छु ।" ढोकाबाहिर उभिएका दम्पत्तिलाई देखाउँदै "यहाँहरू सरुवा भएर पोखराबाट काठमाडौं आउनुभएको रहेछ । बिहे भएको पनि तीन महिनामात्र भएको रहेछ । पढे-लेखेका भलादमी भए राम्रो हुन्थ्यो भन्नुहुन्थ्यो । यहाँहरू तपाईंले खोजेजस्तै हुनुहुन्छ । मासिक तीन हजार पनि भनेको छु । यहाँहरूले 'हुन्छ' भन्नुभएको छ । लौ त बैनी... पछि भेटौंला ।" ब्रोकरदाइ आफ्नो घरतिर लाग्छन् । बहालमा बस्न आएकाहरू पनि घरै नहेरी "भोलि बिहान ९ बजे सामान लिएर आउँछौं भनेर विदा हुन्छन् ।

सीमाको अशान्त मनले केही शान्ति अनुभव गर्छ । उसलाई लाग्छ- अब उसलाई यो घर धान्न गाह्रो पर्दैन । घर बनाउँदा लागेको ऋण तिर्न पनि सजिलो हुन्छ । आफू अफिस जाँदा छोरा-छोरी घरमा एक्लो हुँदैनन् । उसलाई पनि साथीको अभाव हुँदैन । उसको श्रीमान् पनि सरुवा भएर पोखरा गएको छ । उसले एकप्रकारको आत्मसन्तुष्टि अनुभव गरी ।

भोलिपल्ट बिहान नौ बजेतिर ट्रकमा सामान लादेर उनीहरू आए । सामान धेरै थिएनन् । एउटा पलङ, सोफासेट दुईवटा, सुट्केस, पकाउने र खाने भाँडा-कुँडा ।

उनीहरूलाई घर मिलाउन दिनभरि नै लाग्यो । ऊ आफू पनि गएर सघाई । "बैनी काठमाडौंमा पानीको अभाव छ, अलिक फारो गरेर चलाउनुहोला । केही कुराको सङ्कोच नमान्नुहोला आफ्नै घर ठानेर बस्नुहोला ।" यति भनेर सीमा तल झरी । घरबेटीका मुखबाट यस्ता

कुरा सुन्दा ती पति-पत्नी आनन्दले गद्‌गद्‌ भए ।

घर सरेको थकानले गर्दा होला रातिको खाना होटलमा गएर खाएछन् । बिहानको ९ बज्दा पनि उनीहरू सुतिरहेका थिए ।

आज सीमा ढुक्क भएर अफिस गएकी छे । हिजोआज चोरको जग्‌जगीले सबै त्रस्त छन् । कसै कसैकहाँ त हाकाहाकि नै घरभित्र पसेर सुन-चाँदी रुपियाँ-पैसा लुटेर लगेका छन् ।

देशको राजनैतिक, सामाजिक, पारिवारिक, आर्थिक नीतिहरूमा सुधार कहिले र कसरी आउने होला... !! सयपत्री फुल्ने आँगनमा रगतको भल बग्न कहिले बन्द होला... !! हिजोआज घर छोडेर हिँड्नु, पीर बोकेर हिँड्नु हो । तर आज सीमाको मनमा त्यस्तो कुनै पीर छैन । अफिसको काम मन लगाएर गर्दैछे । घर पुग्न सधैं हतार हुन्थ्यो । आज उसलाई हतार पनि छैन ।

सीमा घर आइपुग्दा छ बजेको हुन्छ । छोरा-छोरी दुवै माथि गएर बसेका रहेछन् ।

"निनु... अजु... खाजा खान आऊ" तलैबाट कराउँछे ।

"मम्मी... हामीले आन्टीको घरमा खाजा खायौं । एकछिनपछि आउँछौं ।"

छोरा-छोरीले माथि गएर खाजा खाएको उसलाई नराम्रो लागेन । बिहान पकाइराखेको पराठा तताएर खाई ।

रात झमक्क पर्छ । ९ बजेतिर बच्चाहरू पनि खाना खाएर सुत्छन् । सीमा सुत्न जाँदा ११ बजेको हुन्छ । जुठा भाँडा-कुँडा माझेर किचन सफा पारेर मात्र सुत्ने उसको बानी छ ।

काम सकेर ओछ्यानमा पल्टिनासाथ निदाउँछे । आज सीमा चिन्तारहित मन लिएर ढुक्क निदाएकी छे । राति १ बजे कसैले चिच्याएर रोएको चित्कार सुनिन्छ । छोरा, छोरी, आमा तीनैजना जर्‍याक्-जुरुक् उठ्छन् । एकअर्कालाई समातेर ओछ्यानमा एउटै डल्लो परेर बस्छन् ।

सीमा उठेर बत्ती बाल्छे । त्यसपछि फेरि आवाज सुनिँदैन । बच्चाहरू फेरि सुत्दछन् । एकछिन पछि नै निदाउँछन् तर सीमालाई निद्रा आउँदैन । मनमा थरिथरिका विचारहरू आउन थाल्छन् । एकछिन पछि फेरि आइमाई रोएको आवाज आउन थाल्छ । "अय्या... अय्या... मरे नि... भो... भो... मलाई छोड ।" त्यसपछि फेरि कसैले झटारो हानेजस्तो घत्र्याक-घुत्रुक हुन थाल्छ ! "हरे... बिहे भएको तीन महिना पनि नहुँदै यदि यसरी स्वास्नी कुट्छ भने यिनीहरूको जीवन कसरी बित्ला ? यी पुरुषहरू साँच्चै नै परपीडक हुन्छन् । स्वास्नीलाई बाबुकै सम्पत्ति नै ठान्छन् कि क्या हो ? त्यसरी स्वास्नी कुट्ने लोग्नेमान्छे... छि ! धिक्कार छ त्यस्तो पौरुषतालाई । भोलि विहान गएर सम्झाउनु पर्ला" भन्दै आँखा चिम्लेर निदाउने प्रयास गर्छे !

विहान ६ बजे सीमाको आँखा खुल्छ । हतार-हतार खाना पकाउँछे । बच्चाहरूलाई ख्वाएर स्कुल पठाउँछे । आफू पनि तयार भएर अफिसतिर लाग्छे ।

बेलुका अफिसबाट फर्कंदा यसो कौसीतिर हेर्छे । लोग्ने स्वास्नी हाँसीहाँसी चिया पिउँदै गरेको देखेर छक्क पर्छे । मानौं उनीहरूबीच केही भएकै छैन । मनमनै सोच्दछे 'लोग्ने स्वास्नीको झगडा त परालको आगोजस्तै हुँदो रहेछ ।' अरूको निजी जिन्दगीमा हस्तक्षेप गर्नु पनि हुँदैन । त्यसरी लोग्ने स्वास्नी मिलेको देखेर सीमालाई आनन्द लाग्दछ । दिनभरि उसको मस्तिष्कले समेटेर राखेका सारा भ्रम टुट्छन् । ऊ आफ्नै काममा व्यस्त हुन्छे ।

आज बच्चाहरू खाएर छिटै सुते । भोलि शनिवार । सीमाको पनि बिदा । सीमा सुत्दा सधैं ११ बज्दछ ।

रातको १२ बजेतिर फेरि महिला चिच्याएको आवाज सुनेर सीमा निद्राबाट ब्यूँझन्छे । "अय्या... मरे... अय्या... मरे... भो... भो... घत्र्याक्... घुत्रुक्... डाङ्डाङ् र डुङ्डुङ" सुनिन्छ ।

'यो मान्छेले पक्कै स्वास्नीलाई मार्छ । आजको युगमा पनि यस्तो अत्याचार सहेर बाँच्न किन विवश भएकी होली... ? भोलि, बिहान राम्रै मुखले सम्झाउँछु । होइन भने घर छाड भन्छु' सीमाले मनमनै सोची । सीमा सारा रात सुत्न सकिन । तैपनि बिहान ५ बजे जुरुक्क उठ्छे । बाथरुममा पसेर नुहाउँछे । एक कप चिया बनाएर खान्छे । बिदाको दिन हुनाले छोराछोरीहरू ७ बजेसम्म सुत्छन् ।

नानीहरू उठ्नुअघि भऱ्याङ्ग उक्लेर सीमा माथि जान्छे । ढोका ढक्ढक्याउँदै "बैनी बैनी ढोका खोल्नुस्" भन्छे । उसले ढोका खोल्छे । उसको अनुहार देखेर सीमा छक्क पर्छे । ओठ सुन्निएको... गालाभरि निलडाम... !

बैनी तपाईंको श्रीमान्लाई पनि बोलाउनुस् त ! उहाँसित कुरा गर्नुपर्ने छ ।" अलिक रिसाएर नै बोल्छे सीमा ।

"होइन दिदी, तल जाउँ न, तलै कुरा गरौं" भन्दै सीमालाई पनि तान्दै तल झर्न खोज्छे ।

"किन तल, यहीं भन्नुस् न ?"

"होइन दिदी, तलै जाउँन ।"

दुवै तल झर्छन् ।

"के तपाईंको लोग्नेले तपाईंलाई सधैं यसरी नै कुट्छ ? यस्तो पशुतुल्य लोग्नेसित जीवन कसरी बिताउनु हुन्छ ? हेर्नुस् बैनी यो मान्छेले कुन दिन तपाईंलाई कुटेर मार्छ । तपाईं यससँग नबस्नुस् !"

"होइन दिदी... मेरो लोग्नेले मलाई कुटेको होइन । अत्याचारले शान्त हुने भोक मेट्नु भएको हो ।"

"भोक ? यस्तो आत्मघाती भोक ? बैनी यो भोकले तपाईंको ज्यान लिन्छ ।"

"होइन दिदी, मलाई त राम्रो लाग्छ ।"

◆◆

# तपस्या

मानव सभ्यताका साथसाथै प्रेमको बिरुवा मानव मनभित्र रोपेको हुनुपर्छ । सायद त्यसैले आदम्का अनुपस्थितिमा इभ्‌ले निषिद्ध- फलको स्वाद चाखेकी थिइन् । यो प्रेम यति पुरानो भएर पनि सधैँ नयाँ बाँचेको छ । यो प्रेमको महत्त्व अलौकिक छ । यसले कुनै गहिरो कायिक तत्त्वलाई मान्दैन । कुनै भौगोलिक सीमालाई मान्दैन । मानव जीवनको आँधी- बेहरीमा प्रेम सञ्जीवनी सुधा हो ।

विश्वका प्रसिद्ध व्यक्तित्वहरू व्यक्तित्व-गठनका आधारस्वरूप प्रेम- सुधाको नदीमा बगेका छन् । विश्वका सर्वश्रेष्ठ वैज्ञानिक आइनस्टाइन् बगेका थिए 'मिलेमा मारिक' सित; नेपोलियन 'जेसेफाइन' सित; पण्डित रविशङ्कर 'सुकन्या' सित । तर नरेन्द्रमान... ? उनी कोसित बगे ? उनकी नवदुलही त घरैमा छिन् । वृद्ध भइसकेका आमा-बाबु, भाइ-बैनी इष्टमित्र, आफ्नो जन्मभूमिसमेत त्यागेर किन वेपत्ता भए ? उनलाई किन कसैले रोकेन ? केहीले पनि रोक्न सकेन ? यो प्रश्नले सधैँ सुधाको मनमा हलचल मच्चाउँछ । उसले हजुरआमाको अनुहारमा कहिल्यै हाँसो देखेकी छैन ।

कोही भन्छन्– नरेन्द्रमान, सुधाका हजुरबुवा भारत-चीन युद्धमा सहिद भए । कोही भन्छन्– विवाहकै रात मरे । कोही भन्छन्– अर्की बिहे गरेर दार्जिलिङ गएर बसेका छन् । घर-छिमेकका यस्ता वाणले ऊ छिया छिया पर्थी । उसलाई सोध्न मन लाग्थ्यो– हजुरबुवाले किन हजुरआमालाई त्यागे ? हजुरआमाको जीवन किन माइतमा बित्यो ? तर ऊ सोध्न सक्दिनथी । समयले पुरेको घाउमा ती प्रश्नहरूले नुन-चुक छर्छ भन्ने डर लाग्थ्यो उसलाई ।

ऊ हजुरआमालाई नियालेर हेर्थी । सुलुक्क परेको नाक । ठूला ठूला आँखा । लालवर्णको अनुहार । समयको चड्कनले आधिपत्य जताएको निधार र गालाका धर्साहरू । चाँदीजस्ता टल्कने सेता बाक्ला कपाल । सिउँदोमा रातो सिन्दूर । जीवनलाई हावामा उड्ने बादलजस्तै फुक्का छोडिदिनुभयो किन... ? छातीभित्रको हाहाकारलाई पतिव्रताको तक्मा लगाइदिनुभयो किन... ? परम्पराको मेचमा फूलदान बनेर समाजलाई सजाउनु भयो किन... ? खै, तपाईंको आफ्नो जीवनको मूल्य... ? कसैको सम्झनामा एकोहोरो बजिरहने बाँसुरीको धूनजस्तो जीवनको परिभाषा के हो ?" तर, यी प्रश्नहरूलाई उसले हजुरआमासमक्ष कहिल्यै राख्न सकिन ।

भोलि हजुरआमा दार्जिलिङ जाँदैछिन् । महाकाल बाबाको दर्शन गर्न । प्रत्येक वर्ष माघको पन्ध्र गते जान्छिन् । महाकाल बाबाप्रति ठूलो विश्वास छ उनको । आज सुधा पनि हजुरआमासित जान जिद्दी गर्न थाली ।

"हजुरआमा, म पनि तपाईंसित जान्छु ।"

"त्यसो नभन् बा, तेरो पढाई बिग्रन्छ । म एक्लै जान्छु ।"

"हाम्रो क्याम्पस् बन्द छ ।"

"घरमा पनि त पढ्न पर्‍यो नि ।"

"होइन हजुरआमा, त्यसो नभन्नुहोस् । म तपाईंसित जान्छु... जान्छु ।"

जुरुक्क उठी । दराजबाट लुगा निकाल्न थाली ।

भोलिपल्ट ५ बजेको बसमा हजुरआमासित सुधा पनि चढी । सिलगढी पुगेपछि फेरि दार्जिलिङ जाने सानो रेलमा चढे । सुधालाई साह्रै रमाइलो लाग्यो । किनकी यस्तो सानो रेलमा ऊ कहिल्यै चढेकी थिइन । भीर पाखा हुँदै छकछक् गर्दै आफ्नो गतिमा रेल दगुर्न थाल्यो । दगुर्दै गरेको रेलबाट मानिस ओर्लंदै चढ्दै गरेको देखेर सुधा छक्क परी ।

रेल तीनधारे स्टेसनमा अडियो । हजुरआमा ओर्लिन तरखर गर्न थालिन् ।

"हजुरआमा, यो दार्जिलिङ होइन । तीनधारे हो । त्यो साइनबोर्डमा हेर्नुहोस् न ।"

"थाहा छ । छिटो ओर्लि । दुईदिन तीनधारे बसौँ अनि दार्जिलिङ जाउँला ।"

"यहाँ कहाँ बस्ने ?"

"छिटो ओर्लि न, यहाँ मेरी मितिनीको घर छ ।"

घर माथि डाँडामा रहेछ । हजुरआमा र नातिनी बल्लबल्ल पुगे । मितिनीलाई देखेर हजुरआमा साह्रै खुसी भइन् । दुई हात जोडेर सुधाले पनि नमस्कार गरी ।

"को हो ?" सुधातिर हेर्दै !

"मेरी नातिनी 'सुधा' ।" मुसुमुसु हाँस्दै हजुरआमाले भनिन् ।

"कति ठूली भइछ ।"

खाना खाइसकेपछि दुई हजुरआमाहरू बसेर यता-उताका कुरा गर्न थाले । सुधा ओछ्यानमा गएर एकछिन बसी । अनि फेरि झ्याल खोलेर पर-परसम्म आँखा दगुराउन थाली । यसो तल हेरी । सानो रेल धुवाँ उडाउँदै जाँदैछ । कार, बस ट्रक पनि रेलसँगै दगुरिरहेछ । अलिक पर एउटा गाउँजस्तो देखी । त्यहाँ एउटा ठूलो पीपलको बोटमुनि कतिपय मानिसहरू बसिरहेका छन् । त्यो दृश्य कुनै सिपालु कलाकारको पेन्टिङ्

जस्तो लाग्यो उसलाई ।

"हजुरआमा, हेर्नुहोस् न- तल एउटा गाउँ रहेछ । त्यो गाउँको नाम के हो ?"

"खोइ, कहाँ देखिस् गाउँ ? ए... त्यो, त्यो गैरीगाउँ हो ।" लामो सुस्केरा हालेर विस्तारै भनिन् ।

हजुरआमाको अनुहारमा एक्कासि कालो बादल छाएको देखी । मानौं वर्सन मात्र बाँकी छ । उसलाई नरमाइलो लाग्यो । ऊ त सधैं हजूरआमालाई खुसी देख्न चाहन्छे । उसले कुरोलाई बङ्ग्याई ।

"हजुरआमा, हामी दार्जिलिङ कहिले जाने ?"

"दुईदिन पछि ।"

"हजुरआमा, तपाईंलाई सन्चो भएन कि ? कपाल दुख्यो ? थिचिदिउँ ?"

"अलि अलि दुख्याछ । एकछिन सुतेपछि आफैं निको हुन्छ । तँ पनि थाकिस् होला । त्यो ओछ्यानमा गएर सुत ।"

आज्ञाकारी सानो बच्चोझैं लुरुक्क ओछ्यानमा गएर सुत्छे । आज कुन्नि कसरी उसले हजुरआमाको मनमा चोट पुऱ्याई । उसलाई थाहै भएन, कहाँनेर उसले भूल गरी । बलजफ्ती आँखा चिम्लन्छे, निदाउने प्रयासमा । एकछिनमै ऊ भुसुक्कै निदाउँछे ।

रात झमक्क पर्छ । ऊ एक्कासि ब्यूँझन्छे । ओछ्यानबाट जुरुक्क उठ्छे र फेरि झ्यालनेर गएर उभिन्छे । त्यो पीपलको बोटको वरिपरि कसले हो कुन्नि झलल्ल बत्ती बालेको रहेछ । उसलाई नजीकबाट हेर्न मन लाग्छ । विस्तारविस्तार पाइला सार्दै तल झरी । पीपलको बोटनेर पुगेपछि हजुरआमा र उनकी मितिनीलाई देखेर छक्क पर्छे ।

"हजुरआमा, यहाँ तपाईंहरू के गरिरहनुभएको ?" आश्चर्य मान्दै सोध्छे । ओँठमा चोर औँलो राख्दै हजुरआमाले नातिनीलाई इसारा गर्छिन् चुप्प लागेर बस्न । हजुरआमा तन्मय भएर दुई हात जोरेर पूजा गर्दै थिइन् ।

"हजुरआमाले यो बोटलाई किन पूजा गर्नुभएको ?" हजुरआमाकी मितिनीलाई सोध्छे।

"लामो कथा छ बा, तिमी बुझ्दिनौ।" लामो सुस्केरा हाल्दै भन्छिन्।

"किन बुझ्दिन ? भन्नोस् न। कस्तो कथा ?"

"यो पीपलको बोटनेर तिम्रो हजुरबुवा र हजुरआमाको विवाह भएको थियो। यो पीपलको वोट तिम्रो हजुरबुवाले रोप्नुभएको हो।" मलाई पनि यति नै थाहा छ भन्दै उनी चुप लाग्छिन्।

उसले हजुरआमालाई एकोहोरो हेरिरही- मनमनै सोधी 'तपाईंको यो अनन्त यात्रा कहाँ गएर टुङ्गिन्छ ? तपाईं कुन बाटो हिँडिरहनुभएको छ ? तपाईंको गन्तव्यको लक्ष्यबिन्दु कहाँ हो ? गाँस्न अघि चुँडिने माया कसरी गाँसियो ?' उसको हृदयले हाहाकार गर्छ।

यत्तिकैमा हजुरआमाको पूजा सकिन्छ। उसको छेउमा आएर भन्छिन्– "सुधा, मेरो महाकाल बाबाको मन्दिर यही हो। यहाँ आउँदा तिम्रो हजुरबुवालाई भेटेजस्तो लाग्छ।" त्यसपछि फेरि हजुरआमा बोल्न सक्दिनन्। मैले हजुरआमालाई मेरो अँगालोभित्र हालेँ। बिस्तार भनेँ– "हजुरआमा, तपाईंले चुँडिने माया गाँस्नुभएको होइन रहेछ। तपाईंको माया अलौकिक सत्यमा एकाकार हुने माया हो। चिर सत्य-प्रेमको सामीप्यमा बाँचेको तपाईं स्वयं पवित्र आत्मा हो। हो... साँच्चि नै तपाईं पवित्र आत्मा हो... ।" उसले अझ कसेर हजुरआमालाई आफ्नो वाहुपाशमा बाँध्छे।

◆◆

# अनिँदो बन्धन

रसाएका छन् आँखाहरू केवल बग्न सक्छु ! केवल झर्न सक्छु... ! थाहा छैन किन आज म यत्ति विवश छु । शिखरको बाटो पहिल्याउँदै हिँडेकी म त्रिशङ्कु बनेर शून्यमा अल्झिरहेकी छु । मेरो संस्कारले दिएको धैर्य, कर्त्तव्यपरायणता त्यागभावना, अदम्य साहस् एक-अर्कासित अपरिचित बन्दै गइरहेछ ।

यो अनुहारमा त्यो चिसोपन छैन । हरेक चोट सहने त्यो सुस्केरा छैन । कोमल निरीहपन छैन । आज सम्पूर्ण म तिख्खर घामको राप बनिसकेकी छु । उज्यालोलाई उज्यालो र अँध्यारोलाई अँध्यारो भन्न सक्छु ।

मलाई लाग्छ- मेरा आस्थाका सीमानाहरू मेटिँदै गइरहेछन् । मेरो आस्थाको व्यक्तित्व तिमी- दिनदिनै अनास्थाको अस्पष्ट रेखा बन्दै गयौ । मेरो दाम्पत्य जीवनको 'जग' तिमी सुसेलीको स्वरमा 'विथोवेन्' को ध्वनि खोजिरहेछौ । सुन-चाँदीको नदीमा बग्ने रहर छैन मलाई । तिरष्कारको गाँस निल्न सक्दिनँ म । मेरो पुर्खाले टेकेको काँचो माटाको

गन्धले नुहाउन चाहन्छु । हिमचुलीबाट चुलेठी बाट्दै झरेको शीतलतामा आफूलाई चुर्लुम्म डुबाउन चाहन्छु । म मेरी आमाको काखमा मर्यादित निद्रा निदाउन चाहन्छु । मर्यादित बिहान ब्यूँझन चाहन्छु ।

परिश्रमलाई प्रतिद्वन्द्वी र जीवनलाई चुनौती सम्झने मैले कहिल्यै पनि महङ्गो मखमली ओछ्यानको विश्राम मागिन तिमीसित । कृत्रिम चटक् वटक्मा रमाउने अभिलाषा ममा छँदै छैन । सरल, सुगम्य, स्पष्ट पवित्र मायाको भोको थिएँ म । के तिमी बिर्सन सक्छौ- हामीले सुरु गरेको त्यो रङ्गीन स्वप्नमय सङ्गीतमय यात्रा... ? त्यो यात्रा रङ्गी-बिरङ्गी फूलहरूले सुसज्जित एउटा फूलबारी थियो । फूलबारीमा धेरै आशा-अभिलाषा, सपना-विपनाका बिरुवा रोपेका थियौं । अलिकति माया, विश्वास र भरोसाको मधुर किरणले मात्र पनि फूलबारीको हरियालीमा निरन्तरता आउन सक्थ्यो । तर... पहाडजस्तो अनिँदो रातले घाम छेक्यो । कतैबाट पनि उज्यालो छिर्न सकेन ।

अँध्यारोमा एक्लोपन छट्पटायो ! निद्रा छट्पटायो ! म छट्पटाएँ ! मेरो माया छट्पटायो ! हाम्रो फूलबारी सेप लागेर पहेँलियो ! हाम्रो मायालाई त्यसै-त्यसै तिमीले शूलीमा चढायौ ! निरपराधीलाई अपराधी तुल्याउन अनावश्यक अपराधी तिमी बन्यौ ! तिमी मेरो आँखाबाट झर्‍यौ... ! तिमीलाई थाहा छैन, तिमी झरेको पीडामा म कति रोएँ ! तिम्रो निराधार निष्कर्षको झुप्रामा म कति डढेँ... !

आज दिनभर तिम्रै सम्झना आइरह्यो ! बिहानको आशमा रात निदाउन छोडिसक्यो... ! हेरन, रात अझै ब्यूँझेकै छ । निद्राले मसित विश्वासघात गर्दैछ । अनिँदो बन्धन फुक्दैछ । बाहिर झम्झम् पानी पर्दैछ ।

◆◆

# अनावर्तन

प्रेम होइन, मासुको गन्ध पो रहेछ । शरीरभरि सल्केका आगोका लप्काहरू रहेछन् । सम्हालिने कोसिस गर्दागर्दै ठूलो भूल हुनगयो... ! हरे... कस्तो दलदलमा फस्यो ! पश्चातापको उष्ण भापले उसका सारा शरीर निथ्रुक्क भिजे । अनिश्चितताको भुमरीभित्र उसको भविष्यका सारा सपना भासिए । उसका जन्मदाताको स्नेहशील शाश्वत माया औ आशीर्वादबाट पनि आज ऊ वञ्चित छ । उसका वरिपरि उभिने, उसका आफन्त औ उसका इष्टमित्रबाट पनि चुँडिएको छ । युद्धमा हारेर भागेको कुनै सिपाही जस्तो, विवश औ नितान्त एक्लो छ । आज उसलाई किन हो चिच्याइचिच्याई रुन मनलागिरहेको छ । तर, ऊ त्यसो पनि गर्न सक्दैन, किनकी ऊ पुरुष हो । उसका आँखाले आँसु झारे पनि उसले झर्न दिनु हुँदैन । सिरकभित्र गुटुमुटु परेर निदाउने कोसिस गर्छ । उसलाई निद्रा पटक्कै आउँदैन ओछ्यानमा टुक्रुक्क बस्छ । झ्यालबाट यसो बाहिर हेर्छ । चुक घोप्टिएजस्तो बाक्लो अन्धकार व्याप्त छ । चारैरित सुनसान... चकमन्न... ।

"उफ् ! कस्तो छट्पटी होला... !" अस्पष्ट स्वर उसको मुखबाट निस्कन्छ ।- ओछ्यानबाट जुरुक्क उठ्छ । बत्ती बालेर घडी हेर्छ । बाह्र बजेर पन्ध्र मिनेट गइसकेछ । बिन्ता अफिसबाट अझै फर्केकी छैन । उसले अफिसमा फोन गर्छ-

"को बोल्नुभयो ?"

"बिन्तालाई पाऊँ"

"बिन्ता म्याडम् पार्टीमा व्यस्त हुनुहुन्छ । के भन्नु छ मलाई भन्नोस्, म म्याडमलाई भनिदिन्छु ।"

"म बिन्ताको श्रीमान् बोल्दैछु । बिन्तालाई बोलाइदिनुहोस् ।" अलिकति झर्केर बोल्छ । एकछिनपछि फेरि अघिकै स्वर-

"अब एकछिनमै म्याडम घर पुग्नुहुनेछ ।"

"थ्याङ्क्यू ।" रिसिवर राखेर ऊ सिटामोल खोज्न थाल्छ । टन्टन् टाउको दुखिरहेकै छ । जीउ रनक्क रन्केको छ । सिटामोल कतै पाउँदैन । ओछ्यानमा लमतन्न पल्टिन्छ । आँखा चिम्म गर्छ । उसलाई झल्झली आमाको सम्झना आउँछ । "यस्तरी टाउको दुखेको चाल पाउनेबित्तिकै भान्सामा पसेर एककप चिया, एक/दुईवटा बिस्कुट अनि एउटा सिटामोल लिएर आउनुहुन्थ्यो । औंलाहरूले केशहरू चलाउँदै मायाले भन्नुहुन्थ्यो– "यो बिस्कुट र चिया पहिले खाऊ । चियाले शरीर स्टिमुलेट गर्छ । फ्रेस लाग्छ । अनि सिटामोल खाऊ ।"

"आमाले भन्नुभए जस्तरी नै चिया र बिस्कुट खाएर सिटामोल खान्थेँ । आधी दुखाइ त सिटामोल नखाँदै आमाको मायाले निको हुन्थ्यो । आधी चैं सिटामोल खाएको एकछिनमा निको हुन्थ्यो ।"

कलबेल बज्छ "टिङ्...रिङ्...रिङ्..." फेरि बज्छ, फेरि बज्छ... । उसलाई पटक्क उठ्न मन लाग्दैन, तैपनि उठ्छ । ढोका नजिक गएर एकछिन उभिन्छ । खोल्न मन नलागी नलागी ढोका खोल्छ, अनि फेरि लगत्तै ओछ्यानमा गएर पल्टिन्छ ।

पुस/माघको जाडो, सिउ...सिउ... गर्दै बिन्ता कोठाभित्र पस्छे। कोठाभित्र उसलाई झन् जाडो लाग्छ। कोठाभित्र फुलस्पिडमा फ्यान चलिरहेको छ।

"हरे... तिमी त बौलायौ कि क्या हो ? यस्तो जाडोमा पनि के हो यस्तो ?" ऊ श्रीमान्लाई तिमी नै सम्बोधन गर्छे। रिस उठ्दा "तँ" सम्बोधन उसलाई झन् सजिलो लाग्छ।

"..." ऊ चुप, निरुत्तर।

"के भयो तिमीलाई ? अनुहार त भोगटे जस्तै पारेका छौ नि त।" माथिल्लो ओठ तिखार्दै बोल्छे। बिन्ताको स्वभाव उसलाई थाहा छ। अहिले उसले एउटा शब्द बोल्यो भने सारा टोलका मानिसको निद्रा टुट्नेछ। सित्तैंको मनोरञ्जन हुनेछ। उसले एउटा शब्द बोल्दा नबोल्दै ऊ दशवटा बोलिसक्छे। बिस्तार बोले पनि हुन्थ्यो, कन्चट तात्तिने गरी चिच्याउँछे। चिच्याए मात्र पनि हुन्थ्यो- पूरै खानदालाई नै बदनाम गर्ने गरी विष ओकल्छे। यसरी तल्लो स्तरको स्वभाव जब ऊ प्रकट गर्न थाल्थी, ऊ एउटी शिक्षित महिला हो भन्ने कुरो विश्वास-योग्य हुँदैनथ्यो। यस्तो मुहूर्तमा उसले आफूलाई एकदमै असहाय र असमर्थ भएको अनुभव गर्छ। उसलाई लाग्छ- उसको जीवन एउटा हारेको जुवारीको जस्तो छ; भयावह वास्तविकताको धारिलो पन्जामा जकडिएको सिकार जस्तो छ। उसको तिरस्कृत जीवन, अँध्यारोमा बाटो बिराएको बटुवा जस्तो छ।

कसैसित नमिल्ने बिन्ताको स्वभाव अरूलाई रहस्यमय लाग्ला तर, विजयको लागि एउटा भयावह समस्या थियो। बिन्ता एकैचोटि दुईवटा चरित्रभित्र बाँच्न सक्ने अद्भुत प्रकृतिकी महिला थिई। सजिलोसित आफ्नो दोष लुकाउन सक्थी। निपुणताका साथ अरूलाई दोषी तुल्याउन सफल हुन्थी। घरभित्र सधैं विष ओकल्ने, घरबाहिर फूलबुट्टे मुस्कान छरेर सबैलाई मक्ख पार्थी। घरभित्र एकपाउ नुन

किन्न पैसा नहुनेले, घरबाहिर १०/२० हजारको सहायता पुऱ्याउने क्षमता राख्दथी । सासूको कसम खान्थी । अलिकति रिस उठ्यो कि सासूलाई सराप्न थाल्थी । उच्छृङ्खल औ अशिष्टताको प्रदर्शन हुन थाल्दथ्यो । आफ्नी आमाप्रति बिन्ताको त्यस्तो अमानवीय दूषित प्रवृत्ति देखेर उसको आत्मा छट्पटाउँथ्यो । उसले धेरैचोटि बिन्तालाई सम्झायो तर, बिन्ता उस्तै थिई जस्तो उसको संस्कारले उसलाई बनाएको थियो । उसमा परिवर्तनको कुनै सम्भावना नै थिएन ।

एकचोटि उसले आफ्नी आमाको फोटो बिन्तालाई देखाएको थियो । बिन्ताले धेरैबेरसम्म सासूको फोटो हेरिरही । फेरि के सोचेर हो कुन्नि- ड्रेसिङ्टेबुल अघि उभिएर आफ्नो अनुहार नियालेर हेर्न थाली । लिपिस्टिक लगाई, कपाल कोरी अनि फेरि सासूको फोटो हेर्दै सोधी- "तिम्रो आमाको कपाल सक्कली हो कि नक्कली ?" "किन हुन्थ्यो नक्कली, सक्कली हो नि ।" अलिकति मुस्काएर जवाफ दिएको थियो । "हुन्थ्यो सक्कली" भन्दै सासूको फोटो कच्याक्कुचुक पारेर फ्याँकी । विजय किंकर्तव्यविमूढ भएर हेरिरह्यो । रिसले थरथर कामिरह्यो । विजयको रिसले भने बिन्तालाई केही असरै गरेन ।

हीनताबोधले सम्बृद्ध बिन्ताका भावनाहरू विजय पढ्न सक्थ्यो, तर अर्थ निकाल्न सक्दैनथ्यो । बिन्ताले त्यसरी सासूको फोटो च्यातेर मौन-पराजय स्वीकार गरेकी थिई । उसले थाहै नपाई ईर्ष्या र डाहले ऊभित्र बलियो जग बसालिसकेको थियो । बिन्ता जतिसुकै कराए पनि विजय चुप लागेर सहनु नै उचित सम्झन्थ्यो । आज पनि विजयले एउटै शब्द बोलेन । निदाउने प्रयासमा भित्तातिर कोल्टे फेऱ्यो ।

बिहान आठ बजेको हुँदो हो । विजय हस्याङ-फस्याङ गर्दै उठ्छ । पाँच मिनटमै तयार भएर अफिस हिँड्छ । अफिस पुग्दा त ऊ नै पो सबैभन्दा छिटो पुगेको रहेछ । एकछिनपछि भानु आउँछ र विजयको नजिक गएर बस्छ ।

"विजय ! के भयो तिमीलाई ? किन यस्तरी दुब्लाएको ?" भानुको स्वरमा सहानुभूति थियो, जिज्ञासा थियो ।

"खै... केही भएको छैन । मोटाएर पो के गर्नु ? मोटाउनु त रोगलाई आमन्त्रण गर्नु होइन र ?" सहजताकासाथ उसले उत्तर दियो ।

दुवैको विवाह एक हप्ता अघिपछि भएका हुन् । त्यसैले भेट हुँदा एक अर्काका दाम्पत्य जीवनबारे सोध्ने गर्दछन् । फेरि भएन, भानु विजयको अभिन्न मित्र पनि हो । दुवैले 'गोथल्स्' बाट 'सिनियर क्याम्ब्रिज' गरेका हुन् । दुवैले सँगै एम.ए. गरे तर, जीवनसाथीको चयन भने सायदै विजयले जस्तो कसैले गऱ्यो होला... !

जीवन गतिशील हुन्छ । उसको जीवनको गतिशीलतामा भने रोकावट आएको छ । टक्क अडिएको छ । उसलाई लाग्छ- उसको आकाश साँघुरिएर होचो भएको छ । अब उसले सधैं निहुरेर हिँड्नु पर्नेछ । तर, उसको साथी भानु कति सुखी छ । उसको जीवनका हरेक पाइला सफलताले चुमेको छ ।

"तिमी सुनाउन । तिमीहरूको कस्तो चल्दै छ ?" ऊ पनि एउटा जिज्ञासा राख्छ ।

"हामी त मस्तीमा छौं साथी शान्तिजस्ती बुहारी पाएर आमाबुवा अत्यन्त आनन्दित हुनुभएको छ औ म पनि । शान्ति मेरो जीवनमा नआएकी भए सायद मेरो जीवन अधुरो नै रहने थियो होला । विवाहले हाम्रो जीवनलाई पूर्णता प्रदान गरेको छ । हामी सुखी छौं । तर, एउटा कुरो विवाह शब्दको अर्थ जसले बुझ्यो, उसले फूलैफूलको डोली चढ्यो । जसले बुझेन ऊ दलदलमा फस्यो ।" विवाह त जीवनको मायालु घटना हो । अविस्मरणीय क्षण हो । एक अर्कामा हराउँदै, रमाउँदै, माथि माथि क्षितिजलाई छुँदै, सुनौला भविष्यको सपनालाई साकार तुल्याउने बन्धनहरूमा आबद्ध हुँदै, एक अर्काको परिपूरक

बन्दै, कर्तव्यपालन र दायित्व वहनलाई स्विकार्दै, जीवनको रथलाई हाँक्न कम्मर कस्नु नै विवाह हो । केवल एक अर्कामा समर्पित भएर पुष्पशय्यामा ढुक्क निदाउनु विवाह होइन । साँचो अर्थमा भन्ने हो भने दाम्पत्य जीवन यस्तो एउटा समुद्र हो, केवल पौडी खेल्न जान्दैमा त्यसको गहिराइ नाप्न, भुइँ स्पर्श गर्न सकिँदैन । त्यसको गहिराइ नाप्न, भुइँ स्पर्श गर्न पानी बन्नुपर्छ ।

बिचरा विजय... ट्वाल्ल परेर भानुको अनुहार हेरेको हेरै भयो । उसको साथी र उसको जीवनमा कति ठूलो भिन्नता रहेछ भन्ने कुरा आज उसले बुझ्यो । कति जटिल औ भयानक जीवन उसले जिउन परेको रहेछ ! एक्लै झेल्नु पर्ने नितान्त व्यक्तिगत समस्याहरू कति पीडादायक हुन्छन्- त्यो जसलाई पर्छ, उसलाई मात्र थाहा हुन्छ ।

"तिमी त हिजोआज आफ्ना केही कुरा गर्दैनौ, किन ? बिन्तालाई कस्तो छ ?"

"खोई कस्तो छ भन्नु ? बिन्तालाई त सन्चै छ । तर, हाम्रो दाम्पत्य जीवन कुनै उत्तर नमिलेको हिसाबजस्तै छ । विवाहको अर्थ हामी दुवैले नबुझेर हो कि ! विवाहमा आमाबाबुलाई बोलाउँछु भन्दा बिन्ताले पटक्क मानिन । सुहागरातमा मेरा आमाबुवाप्रति मेरो कर्तव्य र दायित्वबारे कुरा गरेथेँ । ऊ मेरो परिवारबारे कुनै कुरा सुन्न तयार थिइन । सुहागरातकै दिन उसले भनेकी थिई– "तिमीले दुईमा 'एक' रोज्नुपर्छ; मलाई कि त परिवारलाई ।"

एक्लो परिवारमा हुर्केकी हुनाले केवल आफ्नो माया मात्र गर्न जानेकी छ । सासूससुरा, नन्ददेवरको उपस्थिति उसलाई असहनीय भीड प्रतीत हुँदैछ । जीवनलाई उसले एउटा सरल रेखाको रूपमा ग्रहण गर्न चाहन्छे । मेरो दाम्पत्य जीवन त पूर्वजन्मको पापको प्रायश्चित हो जस्तो लाग्न थालेको छ । कुनै अपराधको दण्डजस्तो लाग्न थालेको

छ । आत्मग्लानिको भुतभुतेमा डढेर खरानी भइसकेँ । तिमी नै भन– "मैले के गरूँ... के गरूँ... ?"

भानुले विजयलाई यति कमजोर र विवश कहिल्यै देखेको थिएन । विजयले लामो सुस्केरा हाल्दै भन्यो– "तिमीले यसरी हरेस खानु भएन । बिन्तालाई म सम्झाउँछु । बिन्ताले गलत निर्णय लिएकी छिन् । जीवन सरल रेखाजस्तो सोझो हुँदो हो त मानिसले मृत्युपछिको स्वर्ग पर्खिनुपर्दैनथ्यो । जीवन एउटा वक्र रेखा हो । अदृश्य दलदल हो । जीवनका हरेक पाइला सोचेर, बिचारेर चाल्नु पर्दछ । जबसम्म उसले तिम्रो परिवारलाई अनि तिमीले उसको परिवारलाई राम्ररी चिन्दैनौ, तबसम्म जीवनको वास्तविक रूपदेखि अनभिज्ञ नै रहनुपर्नेछ । विवाह केवल दुई आत्माको मिलन होइन, दुई परिवारको पनि मिलन हो । सुहागरातको त झन् बेग्लै महत्त्व छ । यदि कसैले सुहागरातलाई एक अर्काको अँगालोमा शरीरको तृष्णा मेट्नु मात्र हो भन्छ भने, त्यसो भन्नु उसको ठूलो भूल हो । जीवनको वास्तविक रूपबाट वञ्चित रहेर जीवनलाई धोखा दिनु हो ।" यतिकैमा रामबहादुर दगुर्दै आउँछ ।

"सर ! सिङ्गापुरको गेष्ट आउनुभयो ।" विजयतिर फर्केर– "सर ! हजुरको चिट्ठी" भन्दै चिट्ठी विजयको हातमा थमाएर सचिवको केविनतिर दगुर्छ । भानु र विजय पनि मिटिङहलभित्र पस्छन् ।

विजयले बिस्तार खाम च्यात्छ । खामभित्र चारवटा फोटो र एउटा सानो चिट रहेछ । चिटमा 'तपाईंको मित्र' मात्र लेखेको छ । ताजमहलअघि खिचेका चारैवटा बिन्ता र उसका प्रेमीका युगल फोटाहरू रहेछन् । एकछिन त ऊ स्तब्ध हुन्छ । झल्याँस्स सम्झिन्छ बिन्ताले भनेका कुराहरू–

"तेरी आमाको लासको कसम, म तँलाई छोड्छु... छोड्छु । मेरो पछि नलाग् । थुक्क नामर्द, अर्की पाउँदैनस् र ! मेरो पछि

लाग्छस् ?" उसको मस्तिष्कभरि सलबलाउन थाले, ती सारा घटनाहरू राती ढिलो घर फर्किनु, रिस उठ्दा हप्तादिनसम्म हराउनु, कुरैकुरामा रिसाउनु, माया घृणामा परिवर्तित हुनु, वचनमा विष, व्यवहारमा अश्रद्धा, दृष्टिमा घृणा... उफ्... भनन्न रिङ्गटा चल्छ । उसका सारा शरीर नै शिथिल भएझैँ लाग्छ । केही क्षणपछि ऐँठनबाट ब्यूँझेजस्तो उसको शरीर हलुङ्गो हुन्छ । सूर्योदय अघिको मिर्मिरे आकाशमा उसको जीवनले पाइला टेकिसकेको रहेछ । अब डटेर उसले पाइला चाल्नुपर्छ । बसेको ठाउँबाट जुरुक्क उठ्छ । कसैलाई केही नभनी हल बाहिर निस्किन्छ । छिटो-छिटो पाइला चाल्दै भऱ्याङ ओर्लिन्छ ।

उसलाई लाग्थ्यो– बिन्ता स्वभावले मात्र कठोर छे । मन त उसको कञ्चन छ । ऊ त बिन्ताको जीवन भएर बाँचेको छ । आज उसका सारा भ्रम टुटे । ऊ त आफ्नै लासको मलामी भएर पो बाँचेको रहेछ ।

केही क्षणमै उसले आफूलाई घरको ढोकानेर पाउँछ । उसलाई 'कलबेल' बजाउन मन लाग्दैन । लात्ताले ढोकामा हान्छ । अलिकति चुकुल अल्झाइराखेको ढोका ह्वाङ्ग उघारिन्छ । चियाको कप हातमा लिएर भान्साबाट बिन्ता दगुर्दै आउँछे–

"के भयो ? किन त्यसरी ढोकामा हानेको ?" भन्दै विजयको अनुहार यसो नियाल्छे । उसलाई लाग्छ- आज उसको अघि उभिरहेको विजय, हिजोको विजय होइन । विजयको यस्तो रूप उसले कहिल्यै देखेकी थिइन । कुनै अदृश्य विपत्तिको सम्भावनाले एकखेप उसलाई भित्रभित्रै कपाउँछ । तत्कालै उसले आफूलाई सम्हाल्न सक्षम हुन्छे । ओठभरि मुस्कान उमारेर भन्छे–

"यो चिया तिमी खाऊ । मेरो लागि अर्को बनाउँछु ।"

"छि ! तिमीले पकाएको चिया खानु त परै जाओस्, तिमीसित कुरा गर्न पनि घृणा लाग्छ ।" फोटाहरू टेबुलमा फ्याँक्दै "हेर, तिम्रो

प्रेमीको अँगालोमा तिमी कस्ती देखिन्छ्यौ ? तिमीले त तिम्रो निश्छलता, पवित्रता धेरै अघि दुर्गन्धसित साटिसकेकी रहिछौ । जे भयो राम्रै भयो । तिम्रो तानाशाही नक्कली प्रेमबाट मैले पनि मुक्ति पाएँ । तिमीलाई पनि मेरा सारा बन्धनबाट मुक्त गर्दैछु । हाम्रो नाटकीय दाम्पत्य जीवनको अज्ञात परिभाषा अज्ञात नै रहोस् । तिमीलाई तिम्रो नयाँ शाहजहाँको नयाँ माया मिलोस् ।" विजय वायुवेगले घरबाहिर निस्किन्छ । उसका दृढ पाइलाहरू यन्त्रणाका डोबहरू कुल्चदै अघि बढ्छन् । ती पाइलाहरू कता जाँदै छन् उसलाई थाहा हुन्न । बिन्ताका आँखाहरू जाँदै गरेको विजयलाई एकटक हेरिरहन्छन् । ज्वालामुखी फुट्नु अघि उसले थाहै नपाई कुनै शून्य स्थानबाट एक्कासि मुहान फुटेझैं दुई थोपा आँसु टेबुलमाथि छरिएका फोटाहरूमा तप्प.. तप्प... खस्छन् ।

◆◆

# प्रतीक्षा

हुलाकीले चिट्ठी छोडेर गयो। यसपालीको चिट्ठी पनि उसले खोलेर पढ्न सकिन। बिस्तारै पाइला सार्दै सुत्ने कोठासम्म पुगी। डसनामुन्तिर चिट्ठी राखी। उसलाई त्यसैत्यसै रुन मन लाग्यो। कुनै अव्यक्त डरले उसको छाती हान्न थाल्यो। यत्तिकैमा –

"बुहारी ....... !"

"हजुर ।"

"हुलाकी आएजस्तो देखेथैं, छोराको चिट्ठी आयो कि क्या हो ?"

"हजुर, हो ।"

"पढेर सुना न त। कस्तो छ, के छ .....!" उत्सुकतापूर्वक सासूले भनी ।

मुटुभित्र एक किसिमको पीडा अनुभव गरी। एकछिन निःशब्द भएर बसिरही, अनि फेरि आफू केही सम्हालिँदै थाकेको स्वरमा भनी– "आमा भोलि पढेर सुनाए हुँदैन ?"

"भैहाल्छ नि, किन हुँदैन ? आज तँलाई सन्चो छैन जस्तो छ।

कोठामा गएर आराम गर् बा..... ।"

शशी आफ्नो कोठाभित्र गई । ढोका थुनी । झ्यालहरू उघारी । पर्दा सारेर पर पुऱ्याई । रूखको मुढो लडेझैँ ओछ्यानमा लम्पसार परी । शून्य आकाशतिर हेरिरही धेरै बेरसम्म.....! उसलाई झन् शून्य लाग्यो; झन् नरमाइलो लाग्यो । 'यो आकाश धर्तीदेखि कति टाढा छ । सृष्टिको प्रारम्भदेखि नै आकाशले धर्तीलाई प्रेम गर्दै आएको छ । आकाश.....धर्ती, धर्ती.....आकाश.....! कस्तो अनौठो प्रेम ! प्रेम मात्र गरेर उत्कृष्ट सफलता प्राप्त गरेझैँ.....कति स्वच्छ ! कति पवित्र.....! कति निर्मल.....! यी दुई प्रेमीको जीवन विच्छेदमा छ तापनि यो आकाश बादल बनेर गर्जिदिन्छ । पानी बनेर धर्तीलाई अँगालो हाल्न पुग्छ । तर.....म ? मेरो जीवन.....? बाहिर निस्कन आँटेको हिक्कालाई छातीभित्र बलपूर्वक गाँठो पारेर राख्छे.....! बिरामी सासूको सम्झना हुन्छ उसलाई । सासूलाई केही भयो भने.....! ऊ भित्रभित्रै काँप्छे । ऊ झन् एक्ली हुन्छे । सासूको कोठामा जान्छे । निर्धक्क चित्तले निदाइरहेकी सासूलाई हेर्छे । उसकी देवीजस्ती सासू.....! उसको कति माया गर्छिन् । कुरैकुरामा भन्छिन्– "बुहारी देख्दा छोरो देखेजस्तो लाग्छ । छोरो भने पनि बुहारी भने पनि यही बुहारी नै त हो मेरो हेरचाह गर्ने । जस्तो मेरो छोरो - उस्तै बुहारी पनि ।"

मानिसहरू भन्छन्– 'एउटा आँखा के आँखा ? एउटा छोरो के छोरो ?' अरूले भने भन्दैमा म चित्त दुखाउँदिनँ । आकाशमा लाखौँ तारा छन् तर एउटै जूनको कोमल प्रकाशले धर्तीलाई प्रकाशित पारिराख्छ । सुतिरहेकी सासूलाई ब्यूँझाएर भनिदिन मन लाग्छ उसलाई कि जूनको आफ्नो प्रकाश हुँदैन । सूर्यको प्रकाशले प्रकाशित भई धर्तीलाई प्रकाशित पार्ने प्रयास गरेको मात्र हो । ऊ के हो ? ऊ आफैँलाई थाहा हुँदैन ।

उसलाई उज्यालो थाप्न पठाएर आफू अँध्यारोमा निस्सासिएर बाँच्न स्वीकार गरेकी थिई उसले । यतिका दिन छातीमा टाँसिराखेका सबै सिपीहरू रित्ता रहेछन् । ऊ स्वयं रित्तिसकेकी रहिछ.....! उसलाई

थाहै भएन- ऊ कसरी औ किन रित्तिई.....! उसले चढाएको समर्पणको फूल उसको मनको म्गान्छेले यसरी कुल्चिदिनेछ- उसले सपनामा पनि चिताएकी थिइन.....! सोच्दा-सोच्दा ऊ अधीर हुनपुग्छे। उसलाई डाँको छोडेर रुन मन लाग्छ। उसले क्लान्त अनुभव गर्छे। उसलाई लाग्छ- उसका खुट्टाहरूले उसको शरीर थाम्न सकिरहेको छैन। ओछ्यानमा गएर पल्टिन्छे।

बाहिर कसैले ढोकामा हान्छ– "टेलिग्राम हजुर ।"

झ्याल खोलेर हेर्छे– ढोकामा हुलाकी उभिएको रहेछ। हत्तपत्त ढोका खोल्छे। सही गरेर टेलिग्राम लिन्छे। यसो हेर्छे- लण्डनबाट आएको रहेछ। 'हे ईश्वर ! यो हुलाकीले मेरो निम्ति के ल्याएको छ..... मलाई थाहा छैन !' मनमनै ईश्वरलाई पुकार्न थाल्छे।

टेलिग्राम खोलेर पढ्छे। एक्कासि उसको जीवनमा वसन्तको बाढी उर्लेर आउँछ। आत्मविभोर हुन्छे। दगुर्दै गएर सासूलाई झक्झकाउँदै भन्छे– "आमा ! आमा !..... भोलि बिहानको फ्लाइटमा उहाँ आउँदै हुनुहुन्छ।" यतिमात्र भनेर त्यहाँबाट दगुर्दै गएर आफ्नो कोठाभित्र पस्छे। चुकुल लगाउँदै टेबुलमा सजाइराखेको श्यामको तस्बिरलाई म्वाइँ खान्छे। छातीमा टाँसेर आँखा चिम्लन्छे। पश्चात्ताप गर्दै मनमनै भन्छे– 'मलाई क्षमा गर्नुहोस्। मैले तपाईंमाथि पाप चिताएँ।' पश्चात्तापको आँसुले उसका आँखाका कोषहरू टम्मै भरिन्छन्। कोषले आँसु धेरैबेर थाम्न सकेन। गालामा खसेर बग्न थाल्छ। यसरी ऊ धेरै बेरसम्म आँसुमा डुबिरही।

नरेन्द्रप्रति उसलाई साह्रै रिस उठ्छ। नरेन्द्रले हिजै त भनेको हो– "बैनी, श्याम सायद अब फर्केर आउँदैनन्। म यता फर्कने बेला तिनलाई भेट्न गएथें तर इच्छाकृत तिनले मसित भेट गर्न चाहेनन्।"

उनले कुनै दिन प्रेम गरेको भए सायद उनले बुझ्ने थिए प्रेमको महत्त्व। उनलाई के थाहा, मेरो श्याम मेरो रोम-रोममा रमेर बसेका

छन् । मेरा श्याम लन्डनबाट एफ.आर.सी.एस. गरेर आउँदैछन् । उसले गर्व अनुभव गरी ।

"बुहारी, कता गइछ ? भोलि छोरो आउँदै छ । घरद्वार सफा-सुग्घर पार्नुपर्ने ।"

"म गरिहाल्छु नि आमा । उहाँलाई दूधको मिठाइ साह्रै मन पर्छ । दूधको मिठाइ पनि बनाउँछु ।"

उसले तुरुन्तै बलेलाई दूध किन्न पठाई । बले दूध लिएर फर्केको मात्र थियो, फेरि नरेन्द्रकहाँ पठाई र भनी– "नरेन्द्र दाज्यूकहाँ गएर भन भोलि बिहानको फ्लाइटमा उहाँ आउँदै हुनुहुन्छ । एयरपोर्टसम्म उहाँलाई ल्याउन गइदिनु भए साह्रै राम्रो हुने थियो ।"

बले एकैछिनमा फर्क्यो र भन्यो– "दिदी, डाक्टरबाबुले भन्नुभएको छ, उहाँ अवश्य जानुहुन्छ रे.....।"

ऊ ढुक्क भई ।

रातको बाह्र बजिसक्यो । उसको आँखामा निद्रा छैन । यस्तो लामो रात उसको जीवनमा कहिल्यै आएको थिएन । मनमनै सोच्न थाली– प्रतीक्षाको फल मीठो हुन्छ भन्ने कुरो साँचो रहेछ । उसको सारा शरीर रोमाञ्चित भएर हृदयभरि कोरिन थाले भोलिका कार्यक्रम । स्वागत कसरी गर्ने ? पहिले कहाँ बस्न दिने ? ओछ्यानमा कुन बेडसिट ओछ्याउने ? के-के खुवाउने ? आफूले कुन सारी लगाउने ? इत्यादि.....। उसलाई फेरि नरेन्द्रको सम्झना भयो । बिचरा..... नरेन्द्र दाज्यू- मैले भनेको कुनै कुरा टार्नुहुन्न । उहाँको उमेर पनि त निक्कै भइसक्यो । विवाह किन गर्नुभएको छैन ! अनुहार जिउडाल पनि कति राम्रो छ । तैपनि किन .....? कतै उहाँ म प्रति.....??? छि ! म कस्ती ? त्यस्ता देउताजस्ता दाज्यूलाई पाप चिताइरहेछु.....। आफ्नो गालामा ठ्याम्म हिर्काई र आँखा चिम्लेर निदाउने कोसिस गरी ।

चराचुरुङ्गीको कलरवले उसलाई ब्यूँझायो । ऊ ब्यूँझी । हतार-

हतार नुहाइ-धुवाइ गरी। चिया-खाजा तयार पारी। सासूलाई खान दिई। आफूले खाइन् ! श्यामको बाटो हेरेर बसिरही।

घरको गेटनेर गाडी आएर रोकियो। शशी दगुर्दै बाहिर निस्की। सासू पनि पछिपछि लागिन्।

श्याम मुसुमुसु हाँस्दै गाडीबाट ओर्ल्यो। शशीले श्यामलाई हेरी। दुई जोर आँखाहरू जुधे। उसको छाती छिटो-छिटो हान्न थाल्यो- धक् धक् धक्। श्याम छेवैमा आयो र सोध्यो– "तिमीलाई कस्तो छ ?"

"सन्चै। तपाईंलाई नि ?"

"सन्चो नभएको भए त्यति टाढाबाट आउन सक्थें ?" अलिक रसिक बन्दै बोल्छ। आमाको गोडामा ढोग्दै, "तपाईंलाई कस्तो छ आमा ?"

"सुकेको पात टिप्न पर्दैन- हावाले नै झार्छ। सुख-दुःखका कुरा त गर्दै गरौंला। जाऊँ भित्र। नरेन्द्र बाबु आऊ न तिमी पनि। बुहारीले अहिलेसम्म केही खाएकी छैन। जा बुहारी केही खानेकुरा लिएर आइज।"

शशी भान्सा कोठातिर लाग्छे। परिवारमा आनन्दको बाढी आउँछ।

रात पर्‍यो। उसलाई लाग्यो– दिन कति छोटो भएछ.....! दिनभरि हृदय खोलेर श्यामसित बोल्ने मौका नै पाइन उसले.....! घरभरि पाहुना छन्। गफ चलिरहेछ लन्डनको, त्यहाँका मानिसहरूको, विशेष गरी केटीहरू बारे.....।

आज पनि रातको दश बज्यो। भान्साको काम अझै सकेको छैन। श्याम सुत्ने कोठातिर लाग्छ। तर, श्याममा केही परिवर्तन भएजस्तो लाग्छ उसलाई- 'पहिले त्यसरी बोल्ने-हाँस्ने मानिस, अहिले बोलाउँदा पनि राम्ररी बोल्नुहुन्न। किन..... किन ?' यो मौन प्रश्न उसको हृदयभरि गुन्जिरह्यो। श्याम ओछ्यानमा पल्टेर के-के सोचिरहेथ्यो। शशी कोठाभित्र पसी।

"तपाईं अझै सुत्नु भएको छैन ?"

"निद्रा लागेको छैन।"

"किन ?"

"कुन्नि ।"

"तपाईंलाई यहाँ राम्रो लागेको छैन ?"

"तिमीलाई कस्तो लाग्छ ?"

"तपाईं आउनुभएको एक हप्ताभन्दा पनि बढी भइसक्यो । तपाईंलाई प्रसन्न कहिल्यै देखिनँ ; मैले के बिराएँ र ? तपाईं किन त्यसरी बस्नुहुन्छ ?" आँखाभरि आँसु पार्दै भन्छे ।

श्यामले एक्कासि शशीलाई आफ्नो छातीमा टाँस्छ । आफ्नो बाहुपाशमा कस्छ । रुन्चे स्वरमा भन्छ– "मलाई माफ गर ।"

"माफ.....? कस्तो माफ ? कुन दोषको माफ ?" मानौँ उसले बुझेर पनि बुझिन । उसको छातीभित्र मुख लुकाउँदै भनी– "अब तपाईंलाई म कहीँ जान दिन्न ।"

श्यामले आफ्नो बाहुपाशमा शशीलाई धेरै बेरसम्म कसिराख्यो । शशीले सोची– 'श्याम केवल उसको हो । अब श्यामलाई उसले कहीँ जान दिन्नँ । तर विधिको यो कस्तो विडम्बना ? बिस्तारै श्याम बोल्न थाल्छ– "शशी मलाई क्षमा गर । मबाट ठूलो भुल हुनगयो ।"

"कस्तो कुरा गर्नुभएको ? हामी मानिस हौँ, हामीबाट भुल हुनु स्वाभाविक हो । तपाईं किन त्यसरी सोच्नुहुन्छ ?"

"होइन शशी, मबाट जुन भुल भएको छ, त्यसको कुनै संशोधन नै छैन । मैले.....लन्डनमा फेरि बिहे गरेँ । एउटा छोरो पनि छ । म यता आउँदा छोरो बिरामी थियो, त्यसैले भोलि फर्केर जाँदैछु.....!"

शशीलाई रिंगटा चलेजस्तो भयो । ऊभित्रका अन्तर अनुभूतिमा हलचल मच्चियो । उसका सारा सपना खण्ड-विखण्ड भएर टुक्रिए । उसको जीवन नै उद्देश्यहीन बन्यो । श्यामले अझै केही भन्न खोजिरहेथ्यो तर ऊ फेरि बोल्न सकेन । उसले श्यामलाई करुण दृष्टिले हेरिरही । मानौँ उसका ती आँखाहरूले भनिरहेछन् 'भयो..... अब धेरै भयो.....! यो

भन्दा धेरै यो दु:खियाले सहन सक्तिन.....!'

श्याम भन्दै गयो....."मैले एउटा चिट्ठी पठाएथैं । सायद अझै तिम्रो हात परेको रहेनछ । त्यही चिट्ठीमा सबै कुरा विस्तारपूर्वक लेखेको छ ।" शशी चुप लागेर सुनिरही मानौं उसको वाक्शक्ति नै हरायो । नबोलेको देख्दा श्याम चुप लाग्छ । सायद एकछिनपछि श्याम निदाउँछ । तर शशीले.....सारा रात आँसुले सिरानी धोइरही । बिहान अँध्यारोमै उठी । डसनामुन्तिर राखेको चिट्ठी निकाली । नपढीकन भान्सा कोठामा लगेर जलाई ।

कसैको वास्तै नगरी समय अघि बढिरहेथ्यो । श्याम ट्याक्सीको प्रतीक्षामा भित्र-बाहिर गर्दै थियो । उसकी बूढी आमा भावशून्य भएर ओछ्यानमा टोलाएर बसिरहेकी थिई । घरिघरि मजेत्रोको फेरोले आँसु पुछ्थी । घरमा निस्तब्धता व्याप्त थियो । शशी भित्रबाट निस्केकी थिइन । नरेन्द्र अझै आएको थिएन ।

ट्याक्सी आयो । बलेले सबै सामान ट्याक्सीमा राख्यो । श्यामले आमाको गोडामा ढोग्यो । एकछिन उभियो । यसो भित्रतिर हेऱ्यो । अनि फेरि ट्याक्सीमा गएर बस्यो । उता शशी पानीदेखि निकालिएको माछाझैं छट्पटाइरहेकी थिई । उसको आत्माका ध्वनिहरू प्रतिध्वनित हुँदै उसको मनमस्तिष्कलाई थर्काइरहेथ्यो लगातार.....। कस्तो जलन ? कस्तो पीडा.....? ड्राइभरले मोटर स्टार्ट गर्छ । उसले हत्तपत्त झ्याल उघार्छे । श्याम एकोहोरो मूल ढोकातिर हेरिरहेथ्यो । कसै गरेर पनि ऊ श्यामको छेउमा पुग्न सकिन । उसको आत्मा कहालिन्छ । हृदय टुक्रिएर चूर-चूर हुन्छ । उसले आफूलाई सम्हाल्न सक्तिन । क्वाँक्वाँ डाँको छोडेर रुन थाल्छे । तर, त्यो रुवाई श्यामले सुन्दैन । त्यसबेलासम्म श्यामको ट्याक्सी धेरै टाढा पुगिसकेको हुन्छ ।

◆◆

# अजिर्न भोक

यो रने माइलाको घर हो। रातो माटोले लिपेको। चिटिक्क परेको। मखमली, सयपत्री र लालुपाते आँगनभरि ढकमक्क फुलेर घरको शोभा बढाएको छ। मानौं ती फूलहरूले कुनै पुण्यात्मा बस्ने कुटीर जस्तो देखिने घरको गरिबीलाई ढाक-छोप गर्ने प्रयास गरिरहेका छन्। ढोका मास्तिर अक्षता, अबिर र दूबोले नाग टाँसेकोले घरभित्र र घरबाहिर पवित्र वातावरणको समागम भए जस्तो देखिन्छ। मुगलानमा उसलाई सबैले 'सुब्बा ज्यू' भन्दथे। यहाँ उसलाई सबैले रने माइला भन्दछन्। साहूको पाँचतले बिल्डिङ्ग पछिल्तिर रने माइलाले एउटा सानो स्वर्ग बसाल्ने जमर्को गर्दैछ।

दशैं आयो। टोल-छिमेकका सबै ब्यस्त देखिन थाले। कोही घर सिंगार्दैछन् त कोही स्वास्नी, छोराछोरी लिएर बजार धाउँदैछन्। कोही खसी-बोका, हाँस-कुखुरा भित्र्याउँदैछन्। कोही ऋणमा डुबेर नै दशैं मनाउने तरखर गर्दैछन्।

रने माइलाको घरमा त्यस्तो कुनै चहल-पहल देखिँदैन। बल्लतल्ल

सानो ओहदाको जागिर खान सक्षम भएको रने माइलाले पनि ठूलो सपना बोकेको छ। सपना पूरा होस् वा नहोस्, सपना बोक्ने अधिकार त सबैलाई छ।

रने माइलाका दुई सन्तान-सुमन र नारायण। गरीब आमा-बाबुका काखमा जन्मेका, धनी संस्कारमा हुर्केका, थोपा-थोपा रगत सिँचेर, पलपल आयु खर्चेर जोडेको अमूल्य सम्पत्ति नै यी दुई सन्तान हुन्।

आज रने माइला साह्रै नै खुसी छ। छोरीले बैङ्कमा जागिर पाई। छोरा भोलि जापान जान्छ। उसको पसिना त्यसै माटोमा खसेर बिलाएको रहेनछ।आकाश केही धुम्मिएको छ। आज तातो गुन्द्रुकको झोलसित तातो भात उसलाई निकै रुच्यो। सधैँको भन्दा धेरै खायो। टन्न अघाउन्जेल खायो। एकछिन के सोच्यो, मुसुक्क हाँस्यो, अनि फेरि जुठेल्नामा गएर हात-मुख चुठ्यो।

"गुन्द्रुक तपाईंलाई यस्ता मन पर्छ भन्ने थाहा पाएकी भए सधैँ गुन्द्रुक पकाइदिन्थेँ नि, अनि फेरि खाइसकेर मुसुक्क हाँस्नु भो-किन नि...?" कर्के आँखाले आफ्नो श्रीमान्लाई हेर्दै भनी।

"होइन, आज गुन्द्रुकको झोलसित भात रुचेको देख्दा अरूणा लामाको त्यो गीत सम्झेँ-

'भोजनभन्दा भोकै मिठो
भनी सम्झी मैले
साग सिस्नु खाएँ
सन्तोकैले रुच्छ भनेर।'

एकचरण गाएर नै आफ्नी श्रीमतीलाई सुनायो। श्रीमती सारीको सप्कोले मुख छोप्दै हाँसी- "खि..ति..खि..ति..ति..।"

"हा...हा...हा...हा...।"

रने माइला पनि दिल खोलेर हाँस्यो। रने माइलाको घर उज्यालो देखियो। दिन धुम्मिएकै भए पनि कतै वर्षेको चैं थिएन।

रने माइला दिउँसो कहिल्यै सुत्दैन । आज उसलाई निद्रा परेजस्तो भयो । ओछ्यानमा गएर पल्टियो । तर, ऊ निदाउन सकेन । निदाओस् पो कसरी... ! उसको जीवनको पचास वसन्त खर्चेर बनाएको स्वर्ग कसरी ध्वस्त भयो, त्यो ऊ कहिल्यै बिर्सन सक्दैन । उसलाई के थाहा ? एकदिन उसको आफ्नो आकाश खोसिनेछ... ! घर जग्गा-जमिन निःशुल्क बेचिनेछ... ! जीवन युद्धका सेनापति रनबहादुरलाई ती पीडाहरूले कति सताउँदा हुन्... । कति पिरोल्दा हुन्... ! आकाशभरिको आँट छातीभरि बटुलेर "जाबो चारवटा ज्यान त हत्केलामै पाल्छु" भन्दै ऊ फेरि स्वदेश फर्केको छ । मनभित्र चलेको यन्त्रणाको हुँडरी बलजफ्ती रोक्न सक्षम भएको रनबहादुर बाहिर शान्त देखिन्छ । वास्तविकताको नाङ्गो धारमा उभिएको छ । छातीभरि धेरै-धेरै सपना बोकेको छ । केहीक्षण पछि "फुर्र...फुर्र..."फुक्दै रनबहादुर निदाउँदछ ।

"रात परिसक्यो । कस्तो सुत्नुभाको । भोलि छोरा जापान जान्छ । प्याकिङ्ग गर्नुछ । कति काम छ । उठ्नोस न । चिया पनि चिसो भइसक्यो ।" गन्थन गर्छे ।

"ए... म ता भुसुक्कै निदाएछु" भन्दै घडी हेर्छ । ओछ्यानबाट जुरुक्क उठ्छ । उभिएर नै चिया पिउँछ ।

"आधाकिलो मासु पनि ल्याउनोस् न है ।" अनुरोध गर्छे ।

"झोला देऊ न त ।"

झोला बोकेर रनबहादुर बाहिरिन्छ । राति सुत्दा बाह्र बजिसकेको थियो । बिहान ब्यूँझदा छ बजिसकेको रहेछ । अब त सबैलाई हतार परिसक्यो । दशबजे एयरपोर्ट पुग्नैपर्छ ।

निधारभरि शुभयात्राको टीका थापेर नारायण ट्याक्सीमा चढ्छ । आँखाभरि आँसु पार्दै नारायणकी आमा ट्याक्सीमा चढ्छे । "दसैंमा टाढा-टाढाका मानिसहरू घर फर्कन्छन्... ! आफ्नो छोरो दसैंमा यसरी विदेशतिर... !!" सारीको सप्कोले आँसु पुछ्दै बर्बराउँछे । सुमन र सुमनकी साथी रमिला

पनि ट्याक्सीमा चढ्छन् । ट्याक्सीमा रने माइलालाई ठाउँ पुग्दैन । "तिमीहरू जाँदै गर म टेम्पोमा आउँछु ।" रने माइला बसस्ट्यान्डतिर दगुर्छ ।

हतार पर्दा कहिलेकहीं टेम्पो-ट्याक्सी केही भेटिँदैन । रत्नपार्कसम्म जाने एउटा बस आयो । ऊ त्यसैमा चढ्छ । गुन्द्रुक खाँदेको जस्तो बसभित्र मानिस खाँदिएर बसेका रहेछन् । अलिकति ठाउँ पाएर ऊ पनि बस्छ । उसलाई यस्तो लाग्छ- मानौं बसभरिका अपरिचित सबै अनुहारहरू उसका परिचित अनुहारहरू हुन् । ऊ आफैँलाई विश्वास हुँदैन । केहीबेर टोलाउँछ, घोरिन्छ विगतका सारा घटनाहरू केलाउन थाल्छ । उसको विगतले उसलाई यसरी घच्घच्याउँछ- ऊ थर्-थर् काँप्न थाल्छ । उसलाई लाग्छ- एकहुल पुलिसहरू लठ्ठी घुमाउँदै आए । घरघरमा पसेर गाइबाखा लखेटेझैं मानिस लखेट्दै बसमा चढाउन थाले । उसले त्यो खागी पोशाक लगाउने मान्छेलाई बिन्ति पनि गऱ्यो- "हजुर... ! म विदेशी होइन । पचास वर्षभन्दा पनि धेरै भयो, यहाँ बसेको... !"

"चुप् कुकुर । थपक्क गएर बसमा चढ् । आफ्नो देशमा फर्केर जा । फेरि आइस भने, यसरी नै फर्काइ पठाउनेछौं ।"

"होइन हजुर... !"

"अइले तँलाई... !"

पुलिस कड्क्यो । देश, काल र परिस्थितिले सत्य, असत्य, उचित-अनुचित, पाप-पुण्य खुट्याउने विवेक हराइसकेको रहेछ । भत्किए आस्थाका सबै पर्खालहरू । लुटिए... नाङ्गोझार पारिए-जन्मभूमिको नाउँमा समर्पित देशका सपूतहरू... ! एउटी आइमाई चिच्याई-चिच्याई रुँदै भन्दै थिई- "मेरो नानी कोक्रैमा छ । लौन कसैले ल्याइदेऊ... लौन कसैले ल्याइदेऊ... ।" ऊ बसबाट हामफाल्न खोज्दै थिई । बस द्रुतगतिमा दर्गुन थालेपछि, झन् डाँको छोडेर रुन थाली । त्यो चित्कार, त्यो आर्त्तनादले उसको शरीरको सारा रगत सोसेजस्तो लाग्यो-उसलाई । केही क्षणपछि

ऊ आफ्नो ठाउँबाट उठ्छ र त्यो महिलाको छेउमा गएर, उसको कानमा केही भन्छ । त्यसपछि त्यो महिला रुन छोड्छे । बस आफ्नो गतिमा दगुर्न थाल्छ । माथि आकाशमा पनि बतासको चोटले बतासिँदै दगुरिरहेथ्यो एकटुक्रा बादल । त्यो बादलको टुक्राजस्तै बसभरिका मानिसहरू दगुरिरहेथे दिशाहीन... लक्ष्यहीन... !!

"ओर्ल... ओर्ल... सबैजना ओर्ल ।" अनुहारभरि घृणा पोतेर नाक-मुख बङ्ग्याउँदै त्यो खाकी पोशाक लगाउने मान्छे बोल्छ । ती हतास् औ असहाय अनुहारहरू सिलगढी बसस्टेसनमा ओर्लिन्छन् । त्यस्तो भीडमा पनि उनीहरूलाई कुनै जनशून्य टापुमा ओर्लेजस्तो लाग्छ । साना-साना नानीहरू भोकले रुन-कराउन थाल्छन् । कसैसँग फुटेको कौडी हुँदैन । जेहोस्, रने माइलाले चैं अलिकति पैसा र गहना पोल्टामा कसेर बसमा चढ्न भ्याएको रहेछ ।

"रत्नपार्क... रत्नपार्क... दाइ ओर्लनोस्" भन्दा ऊ एक्कासि झस्किन्छ । हत्तपत्त बसबाट ओर्लेर टेम्पोमा चढ्छ । टेम्पो एयरपोर्टतिर दगुर्न थाल्दछ । उसको घाइते अतीत, बिर्सन नसकिने ती भयावह क्षणहरू ऊसितै दगुरिरहेको हुन्छ । त्यहाँको हावापानी र माटोसित जोडिएको सम्बन्ध, त्यहाँको समाज, संस्कृति तथा परम्परासित गाँसिएको नाता कति सजिलै तहस्-नहस् हुन सक्यो... ! जीवनको मूल्य र मान्यता, एक अर्कासितको सम्बन्ध बिरालो र मुसाको जस्तो बन्यो र सम्पूर्ण जीवन जन्मभूमिको नाउँमा बलि चढाएर पनि यसरी एक्कासि निष्काशित जीवन बिताउन पऱ्यो... ! उफ्... ! त्यो दृश्य... ! सम्झना मात्रले पनि उसको शरीरभरि काँडा उम्रिन्छ... ! त्यो बच्चा... ? त्यो बच्चा त कोक्रोमै मरिसकेको थियो... ! अनि त्यो आइमाई... ?? ऊ त गर्लम्मै ढलेकी थिई... सधैँका लागि... बेहोस भएर... ! उसले फेरि कसैलाई भनिन्- "मेरो नानी ल्याइदेऊ... मेरो नानी ल्याइदेऊ !" उसको घाइते स्वाभिमान एकाएक जुर्मुरायो । ऊ त्यसै... त्यसै हतारिन थाल्यो । टेम्पो हवाइजहाज

बनेर उडिदिए पनि हुन्थ्यो जस्तो लाग्न थाल्यो । उसलाई लाग्यो-घृणा र तिरस्कारले मोटाएको जिन्दगी त मुखले फुकेको बेलुनजस्तै हुँदोरहेछ। रगत र मासुको साटो थुक र हावामात्र भरिएको हुँदोरहेछ । मेरो बाजेले गरेको गल्ती, मैले भोगेँ । अब फेरि त्यस्तै गल्ती म मेरो छोरालाइँ गर्न दिन्न । जीवनलाई फेरि विदेशीको हातमा बन्धकी राखेर अस्तित्वको लिलाम हुन दिन्न ।"

एयरपोर्टको प्रवेशद्वार अघि टेम्पो रोकिन्छ । हस्याङ्-फस्याङ् गर्दै भित्र छिर्न खोज्छ । प्रहरीले उसलाई छिर्न दिँदैन ।

"खोइ..., तपाईंको टिकट, पासपोर्ट ?"

ऊ निरुत्तर । अलमल्ल परेर अनुनयको दृष्टिले एकहोरो प्रहरीको अनुहारतिर हेर्छ ।

"कति ढिलो गर्नुभा'को, छोरा त उडिसक्यो ।"

"हुँ... के...रे... ?" मानौँ... बल्ल उसको तन्द्रा भङ्ग भयो ।

"छोरा उडिसक्यो, कति ढिलो गर्नुभा'को ।" उसले फेरि दोहोऱ्याई ।

उसलाई लाग्यो- उसले भोगेका व्यथाहरू, चोटहरू, घृणाहरू महामारीका रूपमा फेरि उसको छोराहरूलाई सऱ्यो । आकाशतिर फर्केर माथि... माथि आँखा डुलायो त्यसबेलासम्म उसको छोरो चढेको 'विमान' बादलको छाती चिर्दै माथि... माथि पुगेर अदृश्य भइसकेको थियो ।

◆◆

# अग्निस्नान

नदीले छोडेको बगरको तापले उत्तप्त उसको शरीर भत्भती पोल्दछ। जीउँदै अग्निदाह भइरहेझैं सहन अत्यन्त गाह्रो परिरहेको छ उसलाई.......! नदीले अर्कै मोड लिइसकेको छ सायद अब त्यो वेगलाई ऊ कहिल्यै बाँध्न सक्दिन ......। नदीको किनारमा बसेर प्रतीक्षा गर्न बाहेक अरू कुनै उपाय छैन उसित ........।

"कति रमाइला थिए ती दिनहरू ......।" ऊ सम्भन्छे। बिहान अफिस जाँदा सधैं उसलाई अँगालोमा कसेर भन्ने गर्थ्यो– "अब आठ घण्टाका लागि तिमीदेखि टाढा हुन्छु। अफिसभित्र छिरेपछि साह्रै नै व्यस्त हुनुपर्छ। तिमीले फोन गर्नु नि .....।" हिजोआज अफिस जाँदा उसलाई यसरी हेर्दछ– कुनै जलिरहेको मुर्दालाई अन्तिम पटक हेरेजस्तो ......! उसका आँखामा सहानुभूति भएजस्तो कहीं कतै माया जस्तो...... विश्वासघातको पूर्वसंकेत जस्तो....... कस्तो-कस्तो उराठिलो दृष्टि उसको .......‼ उसलाई के गरूँ कसो गरूँ जस्तो लाग्छ। उसको मन अत्तालिन्छ ! छटपटाउँछ। अनायासै उसको मुखबाट निस्कन्छ– "भुवन,..........! म तिमीलाई

साह्रै माया गर्छु । तिमीबिना म बाँच्न सक्दिनँ........, म बाँच्न सक्दिनँ !" सुँक्क सुँक्क गर्दै रुन थाल्छे ।" जूनु ! के गर्दैछौ बा.....! शान्ति आइन कि क्या हो ?" हत्तपत्त पछ्यौरीले आँसु पुछ्दै ओछ्यानको तन्ना मिलाउन थाल्छे । सासूले फेरि सोध्छिन्– "शान्ति आइन ?"

"आमा आज शान्ति आउँदिन । उसको छोरो बिरामी छ । उसले बिहान फोन गरेकी थिई ।"

"हरे ..... यो शान्ति पनि कस्ती रहिछ । हरेक हप्ता उसको घरमा केही न केही त भइरहेकै हुन्छ । कहिले छोरो बिरामी, कहिले लोग्ने बिरामी, कहिले आफैँ बिरामी......, अब ता वाक्कै भइसकेँ । अर्को काम गर्ने खोज्नु पर्छ कि क्या हो ।" सासू फत्फताउन थाल्छिन् ।

विचरी शान्ति– उसले पनि अरूका घरमा भाँडा माझ्ने काम रहरले त गरेकी होइन । उसका जति समस्याहरू छन् सायदै अरू कसैका होलान् । उसले दुःख गरेर कमाएको पैसा त घरमा लैजान सक्दिन । आधा पैसा मात्र लिएर चामल, दाल, नुन, तेल किनेर लैजाने गर्छे । आधा पैसा जूनुलाई राख्न दिन्छे । हिजोचाहिँ उसले एक महिनाको पूरै पैसा लिएर गएकी थिई । भन्दै थिई– "छोरोलाई एकसरो लुगा हालिदिन पर्‍यो । जाडोमा लगाउने केही छैन, एउटा सुइटर किनिदिनु पर्‍यो ।" आज ऊ आइन । बिहानै उसको घरबेटीको घरबाट फोन गरी । उसको छोरो बिरामी छरे । कतै उसको लोग्नेले सबै पैसा खोसेर त लगेन । शान्तिलाई कुटपिट त गरेन ? जूनुका मनमा शङ्का उपशङ्का उब्जन थाल्छन् । लोग्नेको डरले आधा पैसा उसलाई राख्न दिन्थी । छोरालाई स्कुलमा भर्ना गर्न पैसा जम्मा गर्दै छु भन्थी । बिचरी शान्ति......। सानो भन्दा सानो सपना पूरा गर्न उसले कति ठूलो संघर्ष गर्नुपर्छ । उसको लोग्ने देख्दा त्यति नराम्रो मान्छेजस्तो लाग्दैन । निकै नम्र भएर बोल्छ । तर उसले ........रात ....रातभर जुवा खेल्छ । पुर्खाले कमाएको सम्पत्ति सबै जुवा खेलेर स्वाहा पारेको रे । दसैं-तिहार कहिल्यै नआइदिए

हुन्थ्यो जस्तो लाग्छ रे ........शान्तिलाई ......! वर्षभरि दुःख गरेर जोडेको– दसैं-तिहारमा स्वाह पारिदिन्छ। शान्ति कहिले गहना लगाएर झरझुट्ट भएर आउँछे। कहिले बुच्चे र ठुटे भएर आउँछे। तर जूनुले उसलाई कहिल्यै सोढ्विन– "गहना उसको आफ्नै हो कि जुवामा जितेको ........।"

भरैं दिउँसोको खाना खानेगरी दुई-तीनजना पाहुना आउँदै छन्। उसकी सासूले बिहानै भनेकी हुन्। हतार-हतार किचनमा पसेर जूनु खाना पकाउन थाल्छे। फ्रिजबाट मासु निकालेर पानीमा डुबाउँछे। तरकारी, अचार बनाउँछे। डेढ घण्टामै उसेले मासु, तरकारी, अचार र भात पकाएर सक्छे। खाना पकाउन साह्रै नै सिपालु छे .....जूनु।

हिजोसम्म सासू पनि उसँग बोलेकी थिइनन्। आज उसलाई कुरै पिच्छे यस्तो गर बा.... उस्तो गर बा..... भन्दै छिन्। यसरी सासूको माया पलाएको देखेर उ आफैं चकित छे। यस्तै माया सधैं पाइरहे उसलाई बाँच्न कति सजिलो हुने थियो .....। मायाको भोक कसलाई छैन र ? मायामै अल्झेर सारा विश्व बाँचेको छ।

एक बजेतिर पाहुनाहरू आउँछन्। सासू-ससुरासाथै उसको श्रीमान्ले पनि शालीनताका साथ अतिथिको स्वागत गर्दै बैठक कोठामा लगेर बसाउँछन्। किन हो कुन्नि उसलाई अतिथि सत्कारमा सामेल हुन मन लागेन। उसको अनुपस्थितिले त्यहाँ केही असरै गरेन। मानौं ऊ यो घरको सदस्य पनि हो कि होइन जस्तो माहौल थियो त्यहाँ ..........।

घरमा पाहुना आउँदा सासूले सबैभन्दा पहिले जूनुसित परिचय गराउने गर्थिन्। आज त्यस्तो केही भएन उसको चित्त दुख्यो। कताकता उसको जीवनले कुनै ठूलो आँधीको सामना गर्नुपर्ने स्थितिको सृजना हुन गइरहे जस्तो लाग्यो उसलाई। कुनै निर्मम वास्तविकताले उसको सर्वस्व हरेर लैजान तत्पर भइरहे जस्तो लाग्यो उसलाई......। भय, त्रास, शङ्का-उपशङ्काले ग्रसित जूनु बिस्तारै पछि सर्दै किचनको ढोकामा गएर

उभिन्छे। शिरदेखि पाउसम्म गलेर आउँछ। ऊ त्यहाँ उभिरहन सक्दिन। स्टुल तानेर बस्छे। मनमनै सोच्छे– आज उसको अस्मिताको हनन् भइरहेको छ। यस घरकी बुहारीको अपमान भएको छ ! उसले के अपराध गरेकी छ र .....? आजसम्म उसको कोख रित्तो रहनु यदि उसको अपराध हो भने उसको जीवनको सबैभन्दा अँध्यारो पक्ष पनि त यही हो ......! मातृत्वको पीडाले उसलाई कति रुवाएको छ .........। उसको रित्तो कोख कत्ति रोएको छ .......त्यो कसले बुझेको छ ? उसले सुखको निद्रा निदाउन नसकेको चार वर्ष भन्दा पनि धेरै भइसक्यो। हिजोआज उसको लोग्ने लोग्नेजस्तो छैन, सासू-ससुरा सासू-ससुराजस्ता छैनन्। ऊ यो घरमा नितान्त एक्ली भएकी छ।

अतिथिको सत्कारमा उसले कुनै कमी राखिन। खाना खाइसकेपछि उनीहरू फेरि बैठक कोठामा गएर बस्छन्। कुनै विषयमा अल्झिएर उनीहरूको गफ सुरु हुन्छ। सबै जना बिस्तारै बोलिरहेका हुन्छन्।

चार कप कफी बनाएर जूनु बैठकतिर जान्छे। बैठकभित्र पस्न अघि उसले सुन्छे– "तपाईंकी बुहारीलाई थाहा छ ?" यो पाहुनाको स्वर थियो।

"थाहा छैन। अहिले नै उसलाई किन भन्नुपर्‍यो ? यहाँहरूसित कुरा मिलेपछि हामी कुरा गर्नेछौं।" उसकी सासू बिस्तारै बोल्छिन्।

ऊ केही नसुनेझैं गरेर बैठक कोठामा जान्छे। चार कप कफी चारजनाका हातमा थमाउँछे। एकछिन उभिन्छे। सबैका आँखाहरू ऊतिर फर्कन्छन् तर कोही बोल्दैनन्। उसको उपस्थितिले त्यहाँ सबैलाई अप्ठ्यारो परेजस्तो लाग्छ उसलाई। कसैसित केही नबोली फरक्क फर्केर आफ्नो कोठामा जान्छे।

भुवनको केशरीसँग दोस्रो विवाह निश्चित हुन्छ। छ महिनाअघि विवाहको लगन छैन। छ महिनापछि केशरी जूनुकी सौता भएर भित्रिन्छे।

भुवन अफिसबाट सिधै केशरीको घर जान थालेको छ। उसलाई लिएर यताउता डुल्न पनि जान्छ। केशरीका आमाबाबुले पनि देखे

नदखेझैँ गर्छन् । भुवनका आमाबाबुलाई पनि थाहा नभएको होइन होला ।

बाढीले बिउ बगाउने डरले धान नरोप्ने पक्षमा छैन ऊ । हिजोआज केशरीसँग शारीरिक सम्बन्ध पनि राख्न थालेको छ । केशरीसँग शारीरिक सम्बन्ध राखेको पनि चार महिनाभन्दा बढी भइसक्यो । केशरी गर्भवती हुन सकेकी छैन । कतै केशरी पनि जूनुजस्तै बाँझी त होइन ........? एक प्रकारको अप्रत्याशित डरले ऊ भित्रभित्रै काँप्दछ । उसले आफूलाई नै जँचाउने निर्णय लिन्छ । सारारात ऊ निदाउन सक्दैन । बिहान नौ बजे अफिस नगएर अस्पताल जान्छ ।

भोलिपल्ट पनि ऊ अफिस जाँदैन । अस्पताल जान्छ । एकछिन् बाहिर पर्खेपछि डाक्टरले आफ्नो चेम्बरमा बोलाउँछ । बिस्तारै कुर्सी तानेर डाक्टरका अगाडि बस्छ । डाक्टरको अनुहार पढ्ने कोसिस गर्छ । गम्भीर मुद्रामा बसिरहेको डाक्टर बोल्दछ– “सरी भुवनजी ! तपाईंलाई भन्न पनि गाह्रो लागिरहेछ । तपाईंको सिमेन एनालाइसिस् रिपोर्ट राम्रो छैन । रिचेक पनि गरेँ । तपाईंको सिमेन काउन्ट एकदमै थोरै छ । तपाईं पिता बन्न सक्षम हुनुहुन्न ।” रिपोर्ट भुवनको हातमा थमाउँदै– “अहिले म हतारमा छु पछि फेरि भेटौँला” भन्दै डाक्टर चेम्बर बाहिर निस्कन्छ । भुवन खुट्टादेखि टाउकोसम्म जमेर हिँउँ बन्छ । उसलाई लाग्छ– उसको शरीर अचल अशरीर शीलामा परिवर्तित हुँदैछ । चलमलाउन सक्दैन । निःशब्द बसिरहन्छ निकैबेरसम्म..........! एकछिन्पछि बाहिर निस्कन्छ । रिपोर्ट निकालेर फेरि हेर्छ । उसलाई भनन्नँ रिँगटा चल्छ । रन्थनिदै अस्पतालको बेन्चमा गएर बस्छ “कति सजिलैसँग भन्यो त्यो डाक्टरले– ‘तपाईं पिता बन्न सक्षम हुनुहुन्न’ यहाँ आफूलाई सहन कति गाह्रो भइरहेको छ ......! ! यो कस्तो समस्या होला जसको समाधान नै छैन !” अस्पष्ट स्वर उसको मुखबाट निस्कन्छ ।

आज ऊ आफ्नै आँखाबाट झरेको छ । न कसैलाई भन्न सक्छ,

न मनभित्र राखेर हाँसेर बाँच्न सक्छ ! उसको आतुर आत्मा बोल्छ- "जूनु... ..मलाई माफ गर ! तिमीलाई मैले ल्गति दुःख दिएँ। तिमीप्रति कति ठूलो अन्याय गरेँ। मेरो जीवनले मलाई नै धोका दियो। आज मलाई तिम्रो साथ चाहिन्छ ! मेरो आकाशका जूनतारा सबै टिपेर तिम्रो आँचलमा सजाउने छु। तिमीलाई धेरै .....धेरै माया गर्नेछु। तिम्रो र मेरोबीच अब कोही आउनेछैन।"

उसले फेरि बिहे गर्नु त आफ्नै खिल्ली उडाउनु हो। आफ्नो इज्जत बचाउन पनि ऊ पुनः जूनुको शरण पर्नेपर्छ। छेवैको पसलमा गएर उभिन्छ।

"भाइ .........चुरोट एक पाकिट्"

"कुन चैं ? "

"कुनै पनि .......।" आज उसको जिभ्रोमा स्वाद पनि छैन। चुरोट सल्काउँछ। लामोलामो कस् तान्छ। आँखा चिम्लेर धूवाँ माथिमाथि छोड्छ। त्यही उसले एक पाकेट चुरोट सिदध्याउँछ। फेरि अर्को पाकिट किन्छ। स्टुल तानेर त्यहीँ बस्छ। एउटा पछि अर्को गर्दै सबै चुरोट सिद्ध्याउँछ। साँझ परेपछि घरतिर लाग्छ।

टाढैबाट आफ्नो घर हेर्छ। घरभित्रका सबै बत्तीहरू बलेका छन्। घरभित्रको उज्यालो गेटबाहिरसम्म आएको छ। गेटबाहिरबाट बैठक कोठातिर हेर्छ। झ्यालको पर्दा बाक्लो हुनाले केही देख्दैन। आमा र बुवा खित्का छोडेर हाँसेको सुन्छ। आफू भित्रको अँध्यारोमा आफैँ हराइरहेको बेला आमाबाबुको सामना उसले गर्न सक्दैन। कहाँ जाऊँ के गरूँ जस्तो लाग्छ उसलाई गएकै बाटो फर्कूँ फर्किन्छ। अनायासै उसका पाइलाहरू भट्टीतिर लाग्छन्।

भट्टी पसलकी दिदीले भन्छिन्– "भाइ तपाईंले धेरै पिउनुभयो, रात पनि धेरै भयो। अब त घर जानुहोस्। हामी पसल बन्द गर्छौं। भुवन लरखरिँदै बसेको ठाउँबाट उठ्छ। खाएको पैसा तिर्छ। बाहिर निस्कन्छ र बाटाभरि हल्लिदै हिँड्न थाल्छ। बाटामा ट्याम्पो, ट्याक्सी केही हुँदैन। ऊ पैदल हिँड्न थाल्छ। रातको बाह्र बजे घर पुग्छ। ढोका

ढ्काएर राखेको रहेछ। ढोका उघारेर लुसुक्क आफ्नो सुत्ने कोठातिर लाग्छ। जूनु उसको प्रतीक्षामा बैठककोठामा बसिरहेकी थिई।

"भुवन......तिमी कहाँ गएका थियौं ?" भन्दै भुवनको पछिपछि जान्छे। भुवन बोल्दैन। उसले फेरि सोध्छे– "तिमी कहाँ गएका थियौं ? आमाबुवा तिमीलाई पर्खेर बसिरहनु भएको थियो।"

"म अफिसमै थिएँ, आज अफिसमा नयाँ वर्षको पार्टी थियो।" उसले झूटो बोल्छ।

"मैले केही खाएकी छैन। मलाई कस्तो भोक लागिरहेको छ। हिँडन मसित, अलिकति खाऊ।"

"जूनु, ढिपी नगर। म टन्नै अघाएको छु। तिमी खाऊ।"

"तिम्रो अनुहार हेर्दा त खाएकोजस्तो लाग्दैन। तिमीलाई सन्चो छैन ?"

"सन्चै छ। आज धेरैवर्षपछि रक्सी खाएँ। सायद त्यसैले तिमीलाई त्यस्तो लागेको होला।"

"त्यसो भए एउटा रसभरी त तिमीले खानै पर्छ।"

"रसभरी.....?"

"अँ बुवाले ल्याउनुभएको।"

"किन आज कसको जन्म दिन हो र .......?"

कसैको जन्म दिन होइन तिमी आँ.... गर त भन्दै एउटा रसभरी हातमा लिन्छे। भुवनले आँ गर्छ, उसले रसभरी मुखमा हालिदिन्छे र भन्छे– "तिमी बाबु बन्दै छौ। म आमा......। आमा बुवाको सपना पनि पूरा भयो।"

भुवनले रसभरी होइन– आगाको डल्ला मुखमा हाल्यो; न निल्न सक्यो, न ओकल्न सक्यो ......! उसको सारा शरीर दनदनी सल्किन थाल्छ। मातृत्वले धपक्क बलेको जूनुको आकृति अग्लिएर आकाश छुन्छ। हैकमभित्र बाँचेको पुरुष साँघुरिएर बाउन्ने बन्छ।

❑

# तिम्रो माया मेरो माया

विमानको झ्यालबाट यसो हेर्छे– चाँदीका थुम्का-थुम्काले घेरिएको उसको देशको सीमाना......। मनमनै भन्छे– मेरो देश कति राम्रो रहेछ.........! मानौँ उसले देशलाई यति राम्रो कहिल्यै देखेकी थिइन। चाँदीको पर्खालजस्तो उज्ज्वल हिमालको काखमा सुविस्तासित सौन्दर्यले सुसज्जित एवं रमणीय दृश्यले परिपूर्ण भएको उसको देशले मानौँ उसलाई भनिरहेछ– "सुधा छिटै फर्कनु है.....!" उसका आँखाहरू रसाउँछन्। उसको हृदय देशको मायाले रुन्छ।

उसको विमान आफ्नो गतिमा उडिरहेको हुन्छ। उसलाई भने एउटै ठाउँमा अडिरहेको जस्तो लागिरहन्छ। उसको विमानले उसको देशलाई धेरै टाढा छाडिसकेको थियो। कता.....कता....अदृश्य पीडाले उसलाई सताइरहेको हुन्छ। आमाबाबुको आँखाहरू रसाएका दृश्य, भाइबहिनी रोएको दृश्यले ऊ अत्यधिक मर्माहत भइरहेकी हुन्छे। निशान्तलाई भेट्ने उत्कट अभिलाषाले ती सबै पीडाहरूलाई बिर्सने प्रयास गरिरहेको हुन्छे।

बसेको सिटमा अडेस् लागेर "आँखाचिम्म गर्छे। निशान्तको सम्झनामा चुर्लम्म डुब्छे- "निशान्त.......तिमी सधैं लेख्थ्यौ– 'ईश्वर छैनन्। इश्वर भएका भए हामी यसरी छुट्टिएर बाँच्नु पर्ने थिएन'। त्यसबेला मलाई पनि त्यस्तै लागको थियो, तर........ईश्वरको अनुपम सृष्टिलाई जब हेर्दछु– ईश्वरले उचनीचको भेदभाव राखेर कहीं कतै सृष्टि गरेको जस्तो लाग्दैन। प्रकृतिको अनुपम सृष्टि– यो पृथ्वी, नदी, ताल, जलप्रपात्, सुन्दर फूलहरू, रङ्गीबिरङ्गी चराचुरुङ्गी जब देख्छु, अदृश्य सृष्टिकर्ताप्रति स्वीकृति जनाउँदै यो शिर अनायासै श्रद्धाले झुक्तछ। मनले स्वीकार गर्न बाध्य हुन्छु, कुनै शक्तिशाली तत्त्व छ– जसको नाम 'ईश्वर' हो।

थाहा छ ? हिजो हात परेको तिम्रो चिठ्ठी पढेर म कति रोएँ ........! के यो जन्ममा हाम्रो मिलन सम्भव होला ..........! यस्ता कुरा लेखेर मलाई तिमीले कति चोट पुऱ्यायौं। अघिल्लो चिठ्ठीमा त लेखेको थियौं– लन्डन धेरै ठूलो छैन। चिटिक्क परेको छ। दर्शनीय ठाउँहरू धेरै छन्। तिमी आऊ। सँगै डुलौंला। तिम्रो चिठ्ठी पाएर म कति रमाएको थिएँ। मेरा खुट्टाहरू भुइँमा थिएनन्। तिम्रो माया र मेरो मायाको पखेटा उमारेर उडिरहें ......... उडिरहें, धित् नमरुन्जेलसम्म .....डुबिरहें.......... तिम्रो सम्झनामा .....डुबिरहें ........!! अव्यक्त रहरहरूले तिम्रो सामीप्य खोजिरह्यो। धेरैबेरसम्म म छट्पटाइरहें..........! मेरो यो छटपटी कहिलेसम्म......? कहाँ गएर टुङ्गो लाग्ने होला.........?

हामीले कोर्ट म्यारेज गरेको कसैलाई थाहा छैन। नेपालीमा लेखिएको विवाहदर्ता प्रमाणपत्र पनि हराइरहेको छ। महिना दिन जति भयो राखेको ठाउँमा छैन। कतै मैले राखेको ठाउँ बिर्सेकोजस्तो लागेको छ। बुवाको हात पऱ्यो भने के होला .....? मलाई त साह्रै डर लागिरहेको छ। अबश्य हिजोआज आमाबुवाको सोचाइमा धेरै परिवर्तन भएको छ। केही दिन अघि बुवाले 'निशान्तको चिठ्ठी आउँछ कि आउँदैन'

भनी सोध्नु भएको थियो । बुवाले यसरी सोद्धा आश्चर्य लागेको थियो । हिजो बुवाले तिम्रो लागि आकाशी रङ्गको स्विटर र सेतो गलबन्दी ल्याउनु भएको छ । मैले मेरो लागि एउटा उनीको कोटमात्र किनेँ । घरभित्र जाडो हुँदैन, घर बाहिरचै अत्यधिक जाडो हुन्छ– लेखेका थियौं । त्यसैले कोटचाहिँ किन्नै पऱ्यो ।

भिसाको सारा काम बुवाले नै गरिदिनुभयो । भिसा पाएकै दिनदेखि आमा रुन थाल्नु भएको छ । हिजोआज बुवा धेरै गम्भीर देखिनुहुन्छ । आमाबुवाले रोजेको केटालाई अस्वीकार गरेर मैले तिमीलाई जीवन साथीको रूपमा रोज्नु नै आमाबुवालाई असह्य पीडा दिनुथियो । 'समयले घाउ पुर्दछ' भन्ने कुरा सत्य सावित भएझैं लागेको छ । आमाबुवाले हामीलाई क्षमा गरिदिनुभयो । हिजो बुवाले रवि अंकललाई भन्दै हुनुहुन्थ्यो– "हाम्रा छोराछोरीलाई यत्रो सुविधा गरिदिँदा पनि पढन् मन गर्दैनन् । दिनरात टि.भी.मा झुन्डिएर बस्छन् । निशान्तलाई हेर्नुहोस् न कस्तो मेधावी छ । उसको न आमा छ, न बाबु छ । एउटा टुहुरो केटो लण्डन गएर आफ्नो मेहनतले वकिल बनेको छ रे । पैसा पनि कमाएको छ रे ।" हिजोआज घरमा जो आए पनि तिम्रो गुणबखान गर्न बिर्सनु हुन्न । बुवाको मन फर्केको देखेर साह्रै नै खुसी लागेको छ । तिम्रो गड फादरका विषयमा यसो सोच्दछु– "उनले आफ्नो सारा सम्पत्ति किन तिम्रो नाम गरिदिए ? सेवा, शुश्रुष, आत्मीयता, तथा आफ्नोपनाका अभावमा वृद्धअवस्था श्रापयुक्त बन्दछ । सम्भवतः तिमीले ती सबै अभावहरू पूर्ति गर्न सक्षम भयौ होला ।"

आमाबाबुको मुखै नदेखेको निशान्तले उसलाई माया गर्ने, विश्वास गर्ने, भरोसा गर्ने पिता पाएको छ । यो पनि ईश्वरकै कृपा हो ।

विमान परिचारिकाले तातोतातो नेप्किन हातमुख पुछ्न दिएर जान्छिन् । एकछिनपछि एक एकओटा कोल्डड्रिंक्स अनि फेरि लन्च प्याकेट दिएर जान्छिन् । सुधालाई भोक पनि लागेको थियो । लन्च प्याकेट खोल्छे ।

मासुको परिकार देखेपछि एकछिन् टोलाउँछे, मनमनै सोच्दछे। "यो मासु के को होला ? भोकको न जात हुन्छ न आँखा..... ।" सबैले खान थालेपछि ऊ पनि खान थाल्छे। समयअनुसार जीवनलाई अघि बढाउँदै लैजानुपर्छ भन्ने कुरामा विश्वास गर्न मन लाग्छ। सिटमा अढेस् लागेर आँखा चिम्म गर्छे– निदाउने प्रयासमा ।

विमान परिचारिकाले लन्डन आइपुगेको घोषण गर्छिन्। सबैले आ-आफ्नो कम्मरको बेल्ट बाँध्न थाल्छन्। ऊ पनि बाँध्न थाल्छे। हिथ्रो एयरपोर्टमा प्लेन ओर्लन्छ। नदीजस्तो मानिसको ताँती बग्न थाल्छन्। जताजता मानिसहरू बग्छन्। ऊ पनि उतै बग्छे। अन्तमा आफ्ना सबै सामनाहरू हातपरेपछि बाहिर निस्कन्छे।

बाहिर अत्यन्त जाडो छ। उसको ओभरकोटले जाडो थाम्न सकिरहेको छैन। निशान्त पनि आइपुगेका छैनन्। परिचित अनुहार कहीँ कतै देखिँदैनन्। रातपरिसकेको छ। कोही आएनन् भने के गर्ने ? ऊ भित्र एकप्रकारको त्रास उभिन्छ। "म नयाँ मान्छे..... पहिलो पल्ट एक्लै घरबाट यति लामो यात्रा तय गरेर आएकी छु। निशान्तले बुझ्नुपर्ने। किन यस्तो गरेको होला" भन्दै टाढाटाढासम्म आँखा दगुऱ्याउँछे। आँखाले धमिलो देख्न थाल्छ। आँखाहरू आँसुले टम्म भरिएका हुन्छन्। ब्यागबाट रुमाल निकालेर आँसु पुस्छे। उसलाई क्वाँ-क्वाँ रुन मन लाग्छ। तर मन थामेर आफूलाई सम्हाल्छे। पर एउटा परिचित अनुहार देखेजस्तो लाग्छ उसलाई। आँखा मिच्दै हेर्छे। निशान्तका साथी दीपक हात हल्लाउँदै ऊतिर आइरहेको देख्छे। दीपकलाई देखेपछि उसका आँखाका आँसुहरू आँखामै सुक्न थाल्छन्। साक्षात् देवताकै दर्शन भएजस्तो लाग्छ उसलाई।

नजिक आएर दीपक सोध्छन्– "सुधा ! मलाई चिन्यौ ?"

"तपाईं दीपक दाइ होइन र ?"

"हो नि ! तिमीलाई पो चिन्न अलिकति गाह्रो भयो। "

"किन ?"

"पहिलेको भन्दा स्लिम भइछौ । राम्री पनि भइछौ ।"

"नचाहिँदो कुरा नगर्नुहोस् दाइ । निशान्त किन न आएको ?"

"त्यसै अलिकति अप्ठ्यारो परेकाले नआएको ! तिम्रो सामान खोइ ?"

"मेरा सामान यत्ति नै हुन् ।" ट्रली तानेर नजिक ल्याउँदै दीपक हतारहतार सामान ट्याक्सीमा राख्छन् । सुधालाई पछिल्लो सिटमा बस्न लगाएर आफू ड्राइभरसितको अघिल्लो सिटमा बस्छ र 'उलिच्' जाऊँ भन्छ । सुधालाई दीपकको व्यवहार पटक्कै मन पर्दैन । काठमाडौंमा छँदा सबैलाई हँसाउने हाँस्ने रमाइला प्रकृतिका दीपक दाइमा कस्तो परिवर्तन ......! कतै निशान्त पनि दीपक दाइजस्तै त भएका छैनन् ? शङ्का-उपशङ्काको जालोमा सुधा अल्झिँदै जान्छे ।

चारैतिर फलामको फेनसिङ्ग भएको अघिल्तिर ठूलो लन् भएको सेतो चिटिक्क परेको घरको गेटनिर ट्याक्सी रोकिन्छ । गेटमा निशान्त हार्वाट् लेखिएको हुन्छ । निशान्तले कृश्चियन धर्म लिएको सुनेकी थिई । विश्वास गरेकी थिइन । हुनता उसले धर्मसित कुनै मतलब नै राखेकी छैन । निशान्तको धर्म निशान्तलाई नै थाहा थिएन । कुनै अविवाहित आमाले उसलाई डस्ट्बिन्मा फ्याँकिदिएकी थिई मर्नलाई .......! तैपनि सुधाले उसित निश्छल चोखो प्रेम गरी । जीवनसाथीका रूपमा स्वीकार गरी । घरका सारा परिवार एकातिर ऊ एक्लै एकातिर भएकी थिई । आज उसका आमाबुवाले पनि निशान्तलाई स्वीकार गर्न बाध्य भए ।

"सुधा........यो तिम्रो घर हो, ओर्ल ।"

"मेरो घर ?"

"निशान्तको भएपछि तिम्रो भएन र ?"

निशान्तलाई नभेटेपछि उसलाई केही पनि राम्रो लागिरहेको हुँदैन ।

"दाइ ! निशान्त मलाई भेट्न किन नआएको ? मबाट के भूल

भयोहोला .......! मसँग किन रिसाए ?"

"तिमीसँग किन रिसाउनु ? ऊ रिसाएको छैन । मलाई त साह्रै भोक लागिरहेको छ । आज दिनभरि व्यस्त रहनु परेकाले केही राम्ररी खान पाइएन । भित्र जाऊँ....हिँड ।"

ट्याक्सीको पैसा तिरेर उनीहरू भित्र पस्छन् ।

खाना खाइसकेपछि फेरि सोध्न थाल्छे– "दाइ भन्नुहोस् न, निशान्तले किन यसरी मलाई हेला गरेको ? यस्तो थाहा भएको भए म आउने थिइनँ । निशान्तमा यति ठूलो परिवर्नन भएको रहेछ, मैले थाहा पाएको भए कदाचित् लन्डन आउने थिइनँ । सुँक्क-सुँक्क रुन थाल्छे । दीपक किंकर्तव्यविमूढ भएर सुधालाई हेरिरहन्छन् । भनूँ त के भनूँ ........! नभनूँ त कतिसम्म चुप लागेर बस्नु ....?

"दाइ म भोलि नै काठमाडौं फर्कन्छु । टिकटको बन्दोबस्त गरिदिनुहोस् । निशान्तलाई अपनाएर मैले ठूलो भूल गरेँ । यस्तो भूल गरेँ जसको संशोधन नै छैन । आमाबुवाको कुरा मैले किन मानिनँ ? निशान्तले यसरी धोका दिन्छ भन्ने सपनामा पनि चिताएकी थिइनँ । निशान्त .......धोखेबाज..........! तिमीलाई मेरो पाप लाग्छ" भन्दै चिच्याई चिच्याई रुन थाल्छे ।

"चुप् ! चुप् लाग ! निशान्तको विरुद्दमा एक शब्द पनि सुन्न चाहन्नँ । ऊ मेरो साथी मात्र होइन– मेरो भाइ पनि हो ।"

"खोई तपाईंको भाइ ? मेरो अघि किन आउन सकेको छैन ? कसरी आउँछ........कुनै गोरी ठिटीको काखमा लुटपुटिएर बसिरहेको होला ।" झोक्किएर बोल्छे ।

"छि : तिम्रो मुखबाट यस्ता शब्द पनि निस्कँदो रहेछ । आऊ म तिमीलाई देखाउँछु । निशान्त कहाँ छन् । दीपकले सुधाको हात समातेर भित्रको बेडरुममा लैजान्छ । बेडरुमको कुनामा एउटा टेबलमा निशान्तको तस्विरलाई माला लगाएर राखिएको रहेछ । त्यो तस्विरलाई देखाउँदै

भन्न थाल्छन्– "हेर..... मेरो साथी निशान्त कहाँ रहेछ ! हेर मेरो साथी, मेरो भाइ ! ऊ तिमीलाई रिसिभ गर्न जान सक्तैन । तिमीसँग हाँसेर बोल्न पनि सक्दैन । एक दुईपल्ट बेहोस भएकाले डाक्टरलाई देखाउन गएको थियो । उसलाई ब्लड क्यान्सर रहेछ । अन्तिम स्टेजमा पुगिसकेको रहेछ । डाक्टरले तीन महिना मात्र समय दिएको थियो । त्यो तीन महिना उसले केवल तिमीलाई चिट्ठी लेख्यो । बेग्ला-बेग्लै मिति राखेर ! अनि मलाई अनुरोध गऱ्यो– "जबसम्म सुधाको एम. ए. को जाँच सकिँदैन हरेक महिना एउटा चिठी पोस्ट गरिदिनुहोला । दाइ, सुधा मविना बाँच्न सक्दिन ! दाइ, म सुधालाई साह्रै माया गर्छु । म बाँच्न चाहन्छु........म बाँच्न चाहन्छु" भन्दै उसले प्राण त्याग्यो । मेरो भाइको मृत्युपश्चात् पनि छ महिनासम्म भाइले लेखेर छोडेका चिट्ठीहरू तिम्रा नाममा पोस्ट गरेँ । तिम्रो जाँच सकिएपछि तिमीलाई मैले लन्डन बोलाएँ– निशान्तले होइन । निशान्तका सबै चल-अचल सम्पत्ति तिम्रो नाममा गरिदिएका छन् ।"

"मलाई सम्पत्ति चाहिँदैन । सात समुद्र पारिबाट म मेरो निशान्तलाई भेट्न आएकी हुँ ! मलाई सम्पत्ति होइन ........मेरो निशान्त चाहिन्छ । जहाँबाट हुन्छ मलाई मेरो निशान्त ल्याइदिनुहोस् । मेरो निशान्त ल्याइदिनुहोस् भन्दै बेहोस हुन्छे । सुधालाई झकझकाउँछन् । पानी छर्किन्छन् तर उसको होस फर्किन्न । दीपक साह्रै आत्तिन्छन् । दगुर्दै गएर ट्याक्सी ल्याउँछन् । सुधाको निस्प्राणझैं शरीर पछिल्लो सिटमा राखेर आफू पनि बस्छन् । ट्याक्सी वायु वेगले 'हमरस्मिथ हस्पिटल' तिर कुद्न थाल्छ ।

❑

# गिद्ध

पेटभित्र बच्चा चलमलाउन थालेको दिनदेखि उसलाई पिरो मासुको झोलसित फापरको रोटी खान साह्रै मन लागेको थियो । आज ऊ प्रसूति कक्षमा छट्पटाइरहेकी छ । अहिलेसम्म उसको भाग्यमा मासुको पिरो झोलसित फापरको रोटी जुरेको छैन । यसपालि उसलाई प्रसूतिको पीडा सहन साह्रै गाह्रो परिरहेको छ । उसको शरीर पसिनाले लथपथ् हुन्छ । मुख टक्क सुक्छ । तिर्खाले छाती हरहर हुन्छ । "उजेलीका बुवा..........चाँडै घर फर्कनोस् न" उसका ओठहरू बर्बराउँछन् ।

जुनेली जन्मँदा ऊ डाँको छोडेर रोएकी थिई । डाक्टरसाहबले भन्नु भएको कुरा सम्झन्छे– "किन रोएकी ? छोराले भन्दा आमाबाबुलाई छोरीहरू माया गर्छन् ।" डाक्टरसाहबले कति साँचो कुरा भन्नुभएको रहेछ..........। साँच्चै नै मेरा छोरीहरू साह्रै ज्ञानी छन् । उसलाई एक प्रकारको सन्तुष्टि अनुभव हुन्छ । दुवै छोरीहरू उसका आँखा अघि आउन थाल्छन् । मनमनै सोच्छे– "म मरेँ भने........छोरीहरूको के गति होला......?"

जुनेली र उजेलीका बुवाले पनि दुःख नगरेको त होइन । गाउँको स्कुलमा आठ कक्षासम्म पढेको । देशको बिँग्रदो राजनैतिक तथा आर्थिक परिस्थितिले गर्दा आफ्नो परिवारको ज्यान जोगाउन काठमाडौं आएका हुन् । जसोतसो जीउ पालेर बसेका छन् । मानिसका घर घरमा 'सिलिण्डर' पुऱ्याउने काम गर्छन् । एउटा सिलिन्डरको २० रूपैया ज्याला लिन्छन् । एक दिनमा चार पाँचवटा सिलिन्डर घरघरै पुऱ्याउँछन् । रिक्सा पनि चलाउँछन् । बिदेशी चढ्यो भने उनलाई केही फाइदा हुन्थ्यो । अरू बेला दिनभरी रिक्सा चलाएको पैसा राती साहूलाई बुझाउन ठिक्क हुन्थ्यो । दुःख जति आफूले सहेर परिवारलाई सुख दिन चाहने रणबहादुर अत्यन्त परिश्रमी थिए । सोझो औंलाले घिउ ननिस्किने हुँदा तीनवटा ज्यान पाल्न उनलाई धौ-धौ परिरहेको थियो । गाउँको जमिन बेचेको सारा पैसा मेनपावरलाई बुझाएर इराक गएका । न चिठी आउँछ न पैसा ! हातमा पैसा परेका बेला आफ्नै देशमा सानोतिनो कारोबार गरेका भए आज उनको परिवार यसरी भोकभोकै बस्नुपर्ने थिएन ।

रातारात धनी हुनुपर्ने रोग लागेको छ हामीलाई । हामी रोगग्रस्त छौं । आफू विदेश जान पाउनु, छोराछोरीलाई विदेश पठाउन पाउनु, आमाबाबुहरू आफ्नो सौभाग्य ठान्दछन् । परिवार, समाज तथा राष्ट्रभरि नै यो रोग फैलिएको छ । थाहा छैन– यसको रोकथाम कसरी हुन्छ औ कहाँ गएर टुङ्गिन्छ ।

सानी छोरी जुनेली दश वर्षकी छिमेकका घरमा भाँडा माझ्ने, लुगा धुने र नानी हेर्ने काम गर्न थालेकी छ । उसको बाबु छँदा घरको दुःख देखेर उसले अरूका घरमा नानी हेर्न र घरका सानोतिनो काम गर्न चाहेकी थिई । तर उसको बाबुले भनेका थिए– "छोरी तिमीले भाँडा माझ्ने काम होइन, स्कुलमा पढाउने मास्टरनी काम गर्नुपर्छ । ४-५ महिनापछि स्कुलमा भर्ना गरिदिन्छु । तिमीले मेरो सपना पूरा गर्नुपर्छ ।" स्कुल पढ्न पाउने खुसीले ऊ गद्गद् भएकी थिई । बुवालाई अँगालो

हाल्दै भनेकी थिई– "बुवा..... मास्टरनी बन्नु त धेरै पढ्नुपर्छ । धेरै पढ्न त धेरै पैसा चाहिन्छ होला । कसरी पढ्ने बुवा......?" उसले सजिलोसित साँचो प्रश्न गरेकी थिई । हो त पैसा नभए ऊ कसरी पढ्छे ? सायद यस्तै इच्छाहरू पूरा गर्न, अभावग्रस्त परिवारलाई गरिबीबाट उकास्न इराक जानु परेको थियो उसले !

भर्खरै यौवनको सिँढीमा पाइला टेकेकी उजेली आफ्नो उमेर भन्दा ठूली देखिन्छे । आमालाई के पकाएर खुवाउने ? घरबाट खाना पकाएर ल्याउँछु त भनी तर घरमा केही छैन.........। एउटा आलु, एकटुक्रा पीँडालु, तीन मुठी चामल, बेसार र नुन राखेर जाउलो पकाउँछे । जाउलो चम्चाले चाखिहेर्छे– ठिकै लाग्छ उसलाई । एउटा सानो टिफिनडब्बामा खन्याउँछे । जुनेली र आफ्नो लागि पनि अलिकति राख्छे ।

"उजेली ....के गर्दैछेस् ?" भन्दै घरबेटी बा ढोकामा उभिन्छन् ।

"बा, म अस्पताल जान लागेकी आमाको खाना बोकेर ।" उसले कपाल कोर्दै भन्छे ।

"के पकाइस् त आमालाई ?"

"के पकाउनु, घरमा जे छ त्यही पकाएँ ।"

"किन.......? मलाई भन्न हुँदैन र ?"

सुख त लुकाउँदा लुक्छ, दुःख लुक्दैन । मन नलागी नलागी भन्छे– "जाउलो "

"लौ, सुत्केरीलाई पनि कतै जाउलो खुवाउँछन् ? ज्वानोको झोल, कुखुराको सिरुवा पो खुवाउनुपर्छ । मलाई किन नभनेकी ? तिमीहरू मेरो घरमा बस्छौ । के मलाई तिमीहरूको माया लाग्दैन र ........? झन तेरो दुःख त म सहनै सक्दिनँ । यस्तो कलिलो उमेरमा तैंले कस्तो दुःख गर्नु परिरहेको छ ।" आज घरबेटी बाको अनुहार 'बा' जस्तो लाग्दैन उसलाई । डरडर लाग्छ र भन्छे– "बा, तपाईं बाहिर जानुहोस्, म लुगा फेर्छु ।"

"मेरा अघि फेर्न के हुन्छ ? फेर न" भन्दै ढोका बन्द गर्छ।

"बा. ....ढोका किन बन्द गर्नु भएको ?"

"तैंले लुगा फेर्छु भनेकी होइन ?" भन्दै उसको हात समातेर आफूतिर तान्छ।

"बा.........म, अस्पताल जान्छु। मलाई छोडिदिनुहोस्" भन्दै रुन थाल्छे। बूढो गिद्धले उसको चोक्टा-चोक्टा लुछ्न थाल्छ। निर्दयी, निर्लज्ज परिवेश चुप्चाप केवल हेरिरहन्छ .........एउटी असहाय किशोरीको सर्वस्व लुटिएको दृश्य.........गरिबकी छोरीले साँचेर राखेको अस्मिता, उसको मूलधन खोसिएको दृश्य...........!!

अचेत, निश्चल प्राणझैँ उसको शरीर भुइँमा लडिरहन्छ.......निकै बेरसम्म.......! अस्तव्यस्त लुगाहरूले उसको लाज छोप्न सकिरहेको थिएन ! बिस्तारै होस आउँछ। चारैतिर आँखा घुमाउँछे। छातीमा केही बिझाएझैँ लाग्छ उसलाई यसो छाम्छे, सयरूपैयाको एउटा नोट रहेछ। एक्कासि चिच्याउँछे– "पापी ......पाखण्डी.......तैंले मलाई रन्डी ठानिस्.........! म तँलाई छोड्दिनँ" भन्दै सयरूपैयाँको नोट कच्याक्कुचुक् पारेर फ्याँक्छे अनि चिच्याई चिच्याई रुन थाल्छे। उसको रोदन सुन्ने त्यहाँ कोही हुँदैन।

निकैबेर रोएपछि झसङ्ग झस्किँदै बसेका ठाउँबाट उठ्छे। एकछिन् अघि कच्याक्कुचुक् पारेर फ्याँकेको पैसा खोज्न थाल्छे। झ्यालबाहिर घाँसमा खसेको रहेछ। टपक्क टिप्छे, असंयत् लुगा मिलाउँदै। पैसा मिलाएर पट्याउँदै मासु पसलतिर दगुर्छे।

एकपाउ मासु, एकपाउ फापरको पीठो, खोर्सानी, नुन, तेल र मसला किनेर ल्याउँछे। हतार-हतार रोटी पोल्छे। पिरो पारेर मासु पकाउँछे। मासु टिफिन डब्बामा खन्याउँछे। गोर्खापत्रमा रोटी पोको पार्छे। प्रसूति गृहतिर जान ट्याम्पोमा चढ्छे।

छिटो छिटो पाइला सार्दै प्रसूतिगृहको गेटनिर पुग्छे। गेटभित्र उसको टोलका एक दुईजना मानिसलाई देख्छे तर ऊ कसैसित बोल्दिन।

कहिले आमालाई भेटूँ र पिरो मासुको झोलसित फापरको रोटी खान दिऊँ जस्तो लागिरहेको थियो उसलाई..........!

"उजेली ........! किन ढिलो गरेकी ? एकघण्टा अघि आएको भए आमालाई भेट्ने थियौ । डाक्टरसाहबले तिम्रो घरबेटीलाई फोन गर्नुभएको थियो । तिमीलाई भनेका छैनन् ?" अस्पतालका कक्षहरू सरसफाई गर्ने दिदी सोध्छिन् ।

"अहँ.....मलाई कसैले केही भनेको छैन ! आमालाई के भयो दिदी ......? मेरी आमा खोई दिदी..........? मेरी आमा खोई.......?"

दिदी बोल्न सक्दिनन् ! अस्पताल परिसरमा सेतो लुगाले छोपेको लासतिर औँलाले इसारा गर्छिन् । थाहा नपाई उजेलीको हातबाट मासुको डब्बा र रोटीको पोको भुइँमा झर्छ । दगुर्दै गएर मृत आमाको लासमाथि छाँदहाल्न पुग्छे । चिच्याई-चिच्याई रुँदै भन्छे– "आमा.........तपाईंले यसरी हामीलाई एक्लै छोडेर जान सक्नुहुन्न .......! मलाई र जुनेलीलाई पनि साथै लैजानुहोस् .......आमा...... ! मान्छेको मासु खाने गिद्धले हामीलाई बाँच्न दिँदैनन्.............आमा हामीलाई बाँच्न दिँदैनन्...........।"

❑



चन्द्रकला नेवार

| | |
|---|---|
| जन्म | : सन् १९४२,आसाम डिकबोइ |
| आमा | : कुमारी प्रधान |
| बुबा | : भक्तबहादुर प्रधान |
| श्रीमान् | : डा.डी.बी.श्रेष्ठ |
| हालको ठेगाना | : काठमाडौं, वानेश्वर:-४७८३८५० |

**प्रकाशित कृतिहरू**

: ममता-कथासङ्ग्रह (पहिलो सं.-२०२२ -दोस्रो सं.-२०६१)
: चन्द्रकला नेवारका नेपाली गीतहरू (गीति एल्बम सन्-१९८८)
: चक्रव्यूह- कवितासङ्ग्रह (पहिलो सं.-२०५०- दोस्रो सं.२०६२)
: साँघुरो धरातल - कथासङ्ग्रह - २०६२
: तृष्णाका लहरी - गीतसङ्ग्रह - २०६२
: तथा विभिन्न पत्रपत्रिकामा रचनाहरू प्रकाशित

**संलग्नता** : अध्यक्ष - मितेरी नेपाल
: अध्यक्ष - विश्व नेपाली गोर्खा सेवा केन्द्र (महिला विभाग)
: उपाध्यक्ष - गुञ्जन
: आजीवन सदस्य- नारी साहित्य प्रतिष्ठान
: आजीवन सदस्य- वनिता त्रैमासिक
: आजीवन सदस्य- साहित्यिक पत्रकार संघ
: आजीवन सदस्य- वाणी प्रकाशन
: आजीवन सदस्य- भानु
: आजीवन सदस्य-सुनसरी साहित्य प्रतिष्ठान

**पुरस्कार तथा मानसम्मान**

: अखिलभारतीय नेपाली भाषा समिति असम राज्य शाखाद्वारा- अभिनन्दन
: असम प्रगतिशील साहित्य कला संगमद्वारा - सम्मान
: अखिलभारतीय लघुकथा प्रतियोगितामा - प्रथम १९६३
: लोकप्रिया पुरस्कार - २०५७
: नवरंग साहित्य सम्मान - २०६०
: असहाय मिलन केन्द्रद्वारा - विशेष सम्मान २०६२

I SBN 99946 712- 1- 9
9 799994 671211